जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८०

District Disaster Preparedness & Response Plan (DPRP) Sunsari

जिल्ला विपद् व्यवस्थापन समिति, सुनसरी

कोशी प्रदेश, नेपाल

यस कार्यालय तथा मातहत समेतमा कार्यरत
प्रहरी कर्मचारीहरुलाई प्राथमिक स्वास्थ्य
उपचार सम्बन्धी एक दिने तालिम कार्यक्रम ।
प्रमुख अतिथी- नगर प्रमुख
केदार भण्डारीज्यु

यस कार्यालय तथा मातहत समेतमा कार्यरत
प्रहरी कर्मचारीहरुलाई प्राथमिक स्वास्थ्य
उपचार सम्बन्धी एक दिने तालिम कार्यक्रम ।
प्रमुख अतिथी- नगर प्रमुख
केदार भण्डारीज्यु

जिल्ला प्रहरी कार्यालय
सनसरी

बाढि पूर्वसूचनामा आधारीत समुदाय स्तरीय
कृत्रिम घटना अभ्यास कार्यक्रम

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

२०८०

District Disaster Preparedness & Response Plan

(DPRP) 2023



lhNnf ljkb\Joj:yfkg ;ldlt

;g;/L

lhNNff ljkb k'j{tof/L tyf k|tsfo{of]hgf cBfjlws ug]{sfo{/ k|sfzs

.. b:tfj]h ..

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, सुनसरी–२०६६

.. k|sfzs ..

जिल्ला विपद् व्यवस्थापन समिति,सुनसरी

k|sfzg tyf kl/dfhg -cBfjlws_ ldlt tyf ;xof]uL lgsfox?M

पटक	प्रकाशन मिति	सहयोगी निकायहरु
पहिलो	२०६६ भाद्र	युनिसेफ नेपाल, प्लान नेपाल, वर्ल्ड भिजन, उप्का नेपाल, वेल नेपाल
दोश्रो	२०६७ श्रावण	संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, नेपाल र डीपीनेट नेपाल
तेश्रो	२०६८ असार	प्लान नेपाल सुनसरी कार्यक्रम ईकाई र हुडेप नेपाल, सुनसरी
चौथो	२०६९ असार	प्लान नेपाल सुनसरी कार्यक्रम ईकाई र हुडेप नेपाल,सुनसरी
पाचौ	२०७१ श्रावण	प्लान नेपाल सुनसरी कार्यक्रम ईकाई, फरवार्ड नेपाल र नेपाल रेडक्रस सोसाइटी,सुनसरी जिल्ला शाखा
	२०७१ श्रावण	परामर्श सेवा: श्री सुनिल सन शाक्य, परामर्शदाता
छैटौ	२०७५ असार	नेपाल रेडक्रस सोसाइटी, सुनसरी
सातौ	२०७६ असार	नेपाल रेडक्रस सोसाइटी, सुनसरी
आठौं	२०७७ श्रावण	नेपाल रेडक्रस सोसाइटी, सुनसरी
नवौं	२०७९ असार	नेपाल रेडक्रस सोसाइटी, सुनसरी
दशौं	२०८० असार	नेपाल रेडक्रस सोसाइटी, सुनसरी

प्राविधिक तथा प्रकाशन सहयोग : नेपाल रेडक्रस सोसाइटी, सुनसरी जिल्ला शाखा

मुद्रण : धरान प्रिन्टिङ्ग प्रेस, धरान

प्रकाशन मिति : २०८० असार

प्रकाशित प्रति : २०० प्रति

k|sfzg ;xof]uLM

Nepal Red Cross Society

नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

सुनसरी

प.सं.: ०७९/८०/नि.स

मिति: २०७९।०३।१८

शुभकामना।

सुनसरी जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका दृष्टिले जोखिमपूर्ण एवं संवेदशनील जिल्ला रहेको छ । वर्षाका समयमा हरेक वर्ष सप्तकोशीलगायतका नदी तथा खोलाहरुमा आउने बाढीले मानवीय तथा भौतिक क्षति हुने गर्दछ । साथै, आगलागी, शितलहर, सुख्खा खडेरी, चट्याङ, डेङ्गु तथा कोरोना (Covid-19) महामारीमा समेत विपद् जोखि न्यूनीकरण तथा व्यवस्थापन गरी मानवीय तथा भौतिक क्षति कम गर्नु महत्वपूर्ण रहेको छ ।

यस जिल्लाको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि विपद् न्यूनीकरण पूर्वतयारी र प्रतिकार्य योजना तयार गरी भविष्यमा यस प्रकारको अवस्था आउन नदिन र सोको सामना गर्न सम्बद्ध निकायलाई तयारी अवस्थामा राख्नका लागि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु अत्यावश्यक रहेको छ । यसै सन्दर्भमा विभिन्न सरोकारवाला निकायहरुसँगको समन्वय, छलफलबाट प्राप्त विवरणका आधारमा संशोधित विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना-२०८० तयार पारिएको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय राणनीतिक कार्ययोजना (२०१८-२०३०) ले विपद् न्यूनीकरण र व्यवस्थापन रणनीतिक क्रियाकलापहरु समेटिएको छ । साथै, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० संशोधनसहितले विपद् प्रतिकार्यको राष्ट्रिय प्रारुप तय गरेको अवस्था छ । जिल्लास्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि एकीकृत र समन्वयात्मक व्यवस्थापनका लागि प्रस्तुत योजना तर्जुमा गरिएको छ ।

यस प्रतिकार्य योजनाको अद्यावधिक कार्यमा सहयोग गर्नुहुने जिल्ला समन्वय समिति, सबै स्थानीय तहका जनप्रतिनिधिहरु, राजनीतिक दल, सरकारी तथा गैर सरकारी संस्थाहरु, पत्रकार, नागरिक समाज, उद्योग संगठन, व्यापारीलगायतले पुऱ्याउनु भएको सहयोगका लागि धन्यवाद दिन चाहन्छु, साथै यस प्रतिकार्य योजनाको अद्यावधिक कार्यमा प्राविधिक सहयोग गर्नुहुने नेपाल रेडक्रस सोसाईटी, सुनसरीलाई विशेष धन्यवाद दिन चाहन्छु । धन्यवाद।

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

☎०२५-५६५१५१, ५६५१३१, ५६५०२२, ५६५१७२ (निवास), 🖷०२५-५६६७२८
Email: daosunsari@gmail.com, website: www.daosunsari.moha.gov.np,facebookpage: www.facebook.com/daosunsari

नेपाल रेडक्रस सोसाइटी

सुनसरी जिल्ला शाखा

रेडक्रस मार्ग, वडा नं. १
धरान उप-महानगरपालिका, सुनसरी
एम्बुलेन्स : ०२५-५२०२५८
सचिवालय : ०२५-५२१८७६
इमेल : nrcs.sunsari1971@gmail.com
वेबसाइट : www.nrcs.org

च.नं. ३२१/०७८/०७९

मिति :२०७९/०३/१२

शुभकामना

कोशी प्रदेश अर्न्तगतका १४ जिल्ला मध्ये सुनसरी जिल्ला सुगम जिल्ला अर्न्तगत पर्दछ । यो प्राकृतिक, धार्मिक, सास्कृतिक, वा अन्य भौतिक पुर्वाधारले जति सम्पन्न छ, विपद् जोखिमको हिसावले त्यत्ति नै संवेदनशिल पनि रहेको छ । प्रतिकुल मौसम,अव्यवस्थित शहरीकरण,जलवायु परिवर्तन, वन जंगल विनास, कमजोर विपद व्यवस्थापन योजना, सीमान्तकृत क्षेत्रमा गरीवीको वृद्धि जस्ता कारणले गर्दा धेरै प्रकारका प्राकृतिक तथा मानवीय विपद्हरुको सामना गरि राख्नु परेको छ ।

विपद् जोखिम व्यवस्थापनका विभिन्न चरणमा गरिने कामहरू मध्ये विपद् पूर्वतयारी र प्रतिकार्य योजना एक महत्वपुर्ण कार्य हो । यस योजनाले विपद् हुनु भन्दा पहिले र विपद्को तत्कालीन प्रभाव समाप्त नभएसम्म क्षति कम गर्नलाई कार्य गर्ने भएकोले यो एक महत्वपूर्ण दस्तावेजको रुपमा रहन्छ । विपद व्यवस्थापनको लागि विपद् व्यवस्थापन ऐनले केन्द्र हुदै प्रदेश, जिल्ला र स्थानीय तहसम्ममा विपद् व्यवस्थापन समितिको व्यवस्था गरेको छ । यस जिल्लाको विपद् व्यवस्थापनको लागि पूर्व तयारी, विपद्को समयमा तत्कालै खोज तथा उद्धार, राहत आदिको व्यवस्था र भविष्यमा यस प्रकृतिको अवस्था आउन नदिन वा आएमा त्यसको सामनाका लागि तयार रहनको लागि विपद पूर्व तयारी तथा प्रतिकार्य योजना-तर्जुमा मार्गदर्शन २०६७" को पहिलो शंसोधन २०७६ को मार्गदर्शन अनुसार नै सुनसरी जिल्लाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना-२०६६" लाई एघारौ पटक विपद पूर्व तयारी तथा प्रतिकार्य योजना-२०८०" अद्यावधिक गरिएको छ । यो कार्य गर्नका लागि नेपाल रेडकस सोसाइटी, सुनसरी जिल्ला शाखालाई जिल्लाको (District lead Support Agency/DLSA) बनाई पुस्तक प्रकाशन गर्ने कार्यको जिम्मेवारिता प्रदान गर्नु भएकोमा जिल्ला विपद् व्यवस्थापन समिति,सुनसरी परिवारप्रति हृदयदेखि आभार व्यक्त गर्दछु ।

भविष्यमा देखा पर्ने जस्तोसुकै बिषम परिस्थितिमा पनि सम्बन्धित सरोकारवाला निकायहरु सरकारी तथा गैह्सर कारी निकायहरु लगायत राजनैतिक दल,उद्योगी,व्यापारी,पत्रकार, नागरिक समाजका व्यक्तिहरुले सुनसरी जिल्लामा हुने विपद्हरुसँग सामना गर्न हरहमेसा तयार रहने प्रतिवद्धताको लागि हार्दिक अनुरोध गर्दै प्रस्तुत विपद पूर्व तयारी तथा प्रतिकार्य योजना सुनसरी-२०८०" को कार्यान्वयनमा सम्वन्धित सवै पक्षहरुको सकृय भूमिका एवं सहयोगको अपेक्षा गर्दछु ।

उमेश थापा
सभापति
नेपाल रेडक्रस सोसाइटी
सुनसरी जिल्ला शाखा

lhNnf ljkb\Joj:yfkg ;ldlt, ;g;/L
ljkb\k'j{tof/L tyf k|tsfo{of]hgf, ;g;/L-cBfjlws @)&(_

विषयसूची

	विवरण	पेज नं.
	परिच्छेद : १ विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको परिचय	
१	सुनसरी जिल्लाको परिचय	१
१.१	परिचय	१
१.२	भैगोलिक स्थिति	१
१.३	जलवायू	१
१.४	जनसख्या र शैक्षिक अवस्था	१
१.५	प्रमुख नदि, ताल तलैया सम्बन्धि विवरण	२
१.६	धार्मिक तथा पर्यटकिय स्थलहरु	२
१.७	जिल्लामा रहेका सरकारी अस्पतालको विवरण	५
१.८	सुनसरी जिल्लामा रहेका एम्बुलेन्स सेवा, बारुण यन्त्र, शब बाहन सेवा प्रदायक संस्थाहरुको विवरण	५
१.९	संचार सेवा प्रदायक विवरण	८
१.१०	सुरक्षा निकायको विवरण	१०
१.११	हुलाक तथा केवल टेलिभिजन सेवा	१३
१.१२	सुनसरी जिल्लाका प्रमुख बजार केन्द्रहरु	१४
१.१३	विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि	१४
	परिच्छेद : २ विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य, आवश्यकता, योजना तर्जुमा प्रकृया	
२.१	विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य	१५
२.२	योजनाको आवश्यकता तथा महत्व	१६
२.३	विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया र सहभागिता	१६
२.४	विभिन्न वैठकको निर्णयहरु	१८
	परिच्छेद : ३ विपद् जोखिमको अवस्था	
३	संकटासन्नता, जोखिम तथा विपद्	१८
३.१	संकटासन्नता	१८
३.२	जोखिम	१८
३.३	विपद्	१८
३.४	विपद् व्यवस्थापन चक्र	१९
३.५	नेपाल विपद् प्रतिको सक्तटान्मुखता	२०
३.६	सुनसरी जिल्ला विपद् प्रतिको सक्तटोन्मुखता	२१
३.७	नेपालमा विपद् जोखिम व्यवस्थापन र वर्तमान नीतिगत व्यवस्था	२२
३.७.१	विपद्, सहश्राब्दि विकास लक्ष्य तथा ह्योगोकार्य योजना सन २००५–२०१५	२२
३.७.२	सहश्राब्दि विकास लक्ष्य	२२
३.७.३	ह्योगो कार्ययोजना सन २००५–२०१५	२३
३.७.४	विपद जोखिम न्यूनिकरणका लागि सेन्डाई कार्य ढाचा २०१५–२०३०	२३
३.८	नेपालमा विपद् सम्बन्धि विद्यमान कानुनी व्यवस्था	२५
३.९	निकायगत भूमिका तथा जिम्मेवारी	२७
३.९.१	विपद्जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ बाट निर्देशित संरचना	२७
३.९.२	जिल्ला विपद् व्यवस्थापन समिति, सुनसरीको संरचना	२७
३.९.३	जिल्ला विपद् व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारी	२८

	विवरण	पेज नं.
३.९.४	जिल्ला समन्वय समितिको भूमिका तथा जिम्मेवारी	२८
३.९.५	जिल्ला क्षेत्रगत अगुवा संस्थाको भूमिका तथा जिम्मेवारी	२८
३.९.६	जिल्ला अगुवा सहयोगी संस्थाको भूमिका तथा जिम्मेवारी	२९
३.१०	सुनसरी जिल्लाको प्रकोप जोखिम विश्लेषण	३०
३.१०.१	प्रकोप विश्लेषण तथा स्तरीकरण	३०
३.१०.२	स्थानिय तह अनुसार प्रकोपकोस्तर	३१
३.१०.३	सुनसरी जिल्लाका अति विपन्न घरधुरी सख्या	३१
३.१०.४	सम्भावित विपद्प्रभावित क्षेत्रको नक्सङ्कन	३२
३.१०.५	विपद संकटासन्नता अवस्था	३३
३.१०.६	जिल्लाको संकटासन्नताको अवस्था	३४
३.१०.७	विपद्जोखिम आकलन (स्थानिय तह स्तरिय प्रभावित हुन सक्ने घरधुरी, जनसंख्या जोखिम अनुमान)	३४
३.१०.८	सवारी दुर्घटनाबाट भएको मानवीय क्षतिको विवरण	३४
३.११	विषयगत क्षेत्र अवधारणा तथा मानविय संघसंस्थामा काम गर्ने संघसंस्था	३५
३.११.१	क्षेत्रगत अवधारणा तथा क्षेत्र परिचय	३५
३.११.२	क्षेत्रगत अवधारणाका प्रमुख उद्देश्यहरु	३५
३.११.३	क्षेत्रगत अवधारणाको आवश्यकता तथा महत्व	३६
३.११.४	क्षेत्रगत अगुवा तथा क्षेत्रगत समितिको संरचना	३६
३.११.५	क्षेत्रगत सदस्यहरुको सम्पर्क विवरण	३७
३.११.५.१	समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र	३७
३.११.५.२	खोज तथा उद्धार क्षेत्र	३७
३.११.५.३	गैह्र खाद्य सामग्री क्षेत्र	३८
	परिच्छेद :४ सामान्य पूर्वतयारी योजना (सम्पुर्ण बिषयगत क्षेत्रहरुको)	
४.१	सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य	४०
	परिच्छेद : ५ पुर्वानुमानमा आधारित पूर्वतयारी तथा आपतकालिन प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरुको लागि)	
५.१	बाढीका सन्दर्भमा	४१
५.१.१	समन्वय तथा सूचना क्षेत्र	४१
५.१.२	खोज तथा उद्धार क्षेत्र	४५
५.१.३	गैह्र खाद्य क्षेत्र	४६
५.१.४	बन्दोबस्ती क्षेत्र	४८
५.२	भूकम्पका सन्दर्भमा	४९
५.२.१	समन्वय तथा सूचना क्षेत्र	४९
५.२.२	खोजतलास तथा उद्धार	५१
५.२.३	गैह्रखाद्य क्षेत्र	५२
५.२.४	बन्दोबस्ती क्षेत्र	५४
५.३	आगलागिका सन्दर्भमा	५५
५.३.१	समन्वय तथा सूचना क्षेत्र	५५
५.३.२	खोज तथा उद्धार क्षेत्र	५६
५.३.३	गैह्रखाद्य क्षेत्र	५७
५.३.४	बन्दोबस्ती क्षेत्र	५८
५.४	जनावर आक्रमण (हात्ति,अर्ना,बदेंल,बादंर,सर्प र कुकुर) र क्षतिका सन्दर्भमा	५८
५.४.१	गैह्रखाद्य क्षेत्र	५९

	विवरण	पेज नं.
५.४.२	बन्दोबस्ती क्षेत्र	५९
५.५	शीतलहरका सन्दर्भमा	६०
५.५.१	समन्वय तथा सूचना क्षेत्र	६०
५.५.२	गैह्खाद्य क्षेत्र	६१
५.५.३	बन्दोबस्ती	६२
	परिच्छेद ६ : आवश्यकताको लेखाजोखा	
६.१	विषयगत स्रोत साधनको आँकलन	६३
६.२	अन्य आवश्यकताहरु	७१
	परिच्छेद : ७ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण	७२
	परिच्छेद : ८ अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना	७३
८.१	विपद्पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन	७३
८.२	विपद्पूर्वतयारी योजनाको क्रियाशीलता	७३
८.३	विपद्पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना	७३
८.४	विपद्पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन समय तालिका	७४
८.५	प्रतिवेदन तथा अभिलेखिकरण	७४
८.५.१	प्रतिवेदन	७४
८.५.२	संचार	७४
८.५.३	अभिलेखीकरण	७४
८.५.४	अनुमोदन प्रकृया	७५
९	परिच्छेद : ९ अनुसूचीहरु	
	अनुसूची–१ मानवीय सहयोगका न्यूनतम मापदण्ड	७६
	अनुसूची–२ बजेट अनुमान	७८
	अनुसूची–३ स्थानिय निकायहरुको विपद् पूर्वतयारी तथा प्रकितकार्य योजना	८२
	१. धरान उप–महानगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०७९	८२
	२. इटहरी उप–महानगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०७९	१०८
	३. इनरुवा नगरपालिकाको विपद् पूर्वतयारी र प्रतिकार्य योजना–२०७९	११६
	४. दुहबी नगरपालिकाको विपद् पूर्वतयारी र प्रतिकार्य योजना–२०७९	१२२
	५. रामधुनी नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०७९	१२९
	६. बराहक्षेत्र नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०७९	१४४
	७. हरिनगर गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०७९	१५२
	८. कोशी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०७९	१६०
	९. बर्जु गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०७९	१७४
	१०. देवानगञ्ज गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०७९	१८०
	११. भोक्राहा गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०७९	१८७
	१२. गढी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०७९	१९७

विपद पुर्वतयारी तथा प्रतिकार्य योजनाको परिचय

विश्वका मुलुकहरुमध्ये नेपाल भूकम्पीय जोखिमको हिसाबले ११ औं, पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३० औं (स्रोतः यु एन वि.सि.पि.आर, २००४, जर्मन वाच, मानव विकास प्रतिवेदन, २००९) र जलवायु परिवर्तनको जोखिमका हिसाबले चौंथो स्थानमा रहेको छ। गृह मन्त्रालय र यु.एन.डि.पी.को श्रोतअनुसार नेपालमा हरेक वर्ष ४२० वटा विपद्का घटनाहरू घट्ने, १ हजार जनाको मृत्यु हुने, ८० जना हराउने, १ लाख ३५ हजार मानिसहरु प्रभावित हुने, १६ हजार परिवार विस्थापित हुने र ठुलो संख्यामा भौतिक क्षति हुने तथ्यांक छ। त्यसैगरी नेपालका २ हजार ३ सय १५ वटा हिमतालहरुमध्ये २२ वटा विष्फोट हुने खतरामा रहेका छन् (ICIMOD/UNEP,2000)। विपद्को हिसाबले नेपाल संसारमा अति संवेदनशील (Hot Spot) क्षेत्रमा अवस्थित छ।

यसै सन्दर्भमा नेपालका ७७ जिल्लाहरुमध्ये सुनसरी जिल्ला पनि प्रकोप प्रभावित जिल्लाको रुपमा रहेको छ। २०४५ सालमा गएको भूकम्प, २०६५ सालमा गएको कोशी बाढी र प्रत्येक वर्ष मनसुनको समयमा बाढिले पूयाएको क्षक्ति, कोरोना महामारी, डेङ्गु महामारी त्यस्तै पशुचौपायामा देखिएको टंकिपक्स भाइरसले यसलाई पुष्टी गर्दछ। कोशीको बाढीपश्चात नेपालमा विपद्को क्षेत्रमा पूर्वतयारीका कार्यहरु प्रभावकारी रुपमा अगाडि लैजानु पर्दछ भन्ने बहस भए पछि नेपाल सरकार गृह मन्त्रालयले विभिन्न राष्ट्रियस्तरका भेला गोष्ठी गरेर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका तयार गरी लागु गरेको छ। सोही निर्देशिका अनुसार सुनसरी जिल्लाले वि.सं.२०६६ सालदेखि विपद् पूर्वतयारी र प्रतिकार्य योजना बनाएर प्रत्येक वर्ष अद्यावधिक गर्दै आएको छ।

विपद् जोखिम व्यवस्थापनका विभिन्न चरणमा गरिने कामहरू मध्ये विपद् पूर्वतयारी र प्रतिकार्य योजना एक महत्वपुर्ण चरण हो। यस योजनाले विपद् हुनु भन्दा पहिले र विपद्को तत्कालीन प्रभाव समाप्त नभएसम्म क्षति कम गर्नलाई कार्य गर्ने भएकोले यो एक महत्वपूर्ण दस्तावेजको रुपमा रहन्छ। यस योजनाले विपद् पूर्वतयारीका कार्यहरु, विपद् परिरहेको समयमा र विपद्बाट उत्पन्न असहज अवस्थामा आधारभूत मानवीय सेवा उपलब्ध गराउने कार्यलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्न एक प्रकारको खाका तयार गर्दछ। विपद् र त्यसबाट उत्पन्न असहज अवस्थामा खोज तथा उद्धारका कार्य गरी मानव जीवनको रक्षा गर्नु, विपद् प्रभावितहरुलाई राहत सहयोग उपलब्ध गराउनु, प्रभावितहरुको आवासको व्यवस्था मिलाउनु, महिला, वालवालिका, अपागं, जेष्ठ नागरिकहरुको सुरक्षाको व्यवस्था मिलाउनु, सर्वसाधारणको धन सम्पतीको सुरक्षाको व्यवस्था मिलाउनु यस योजनाको प्रमुख लक्ष्य हो। विपद्का विगतका अनुभवका आधारमा मानवीय सहयोगलाई व्यवस्थित बनाउन तथा आपत्कालीन अवस्थामा समयमै सहयोगलाई संकटासन्न समुदायमा सहज रुपले पुराउन योजना महत्वपूर्ण देखिएकोले जिल्ला विपद् व्यवस्थापन समिति, सुनसरीले यो योजना तर्जुमा गरेको हो।

परिच्छेद १

१. सुनसरी जिल्लाको परिचय

१.१ परिचय

सुनसरी जिल्ला, सुदुर पूर्वको प्रदेश नम्बर १ अन्तर्गतको पश्चिम दक्षिणको तराई भागमा अवस्थित छ । यस जिल्लाको पूर्वमा मोरङ्ग, पश्चिममा सप्तरी र उदयपुर, उत्तरमा धनकुटा जिल्ला पर्दछ भने दक्षिणमा भारतको विहार राज्यसँग जोडिएको छ । यस जिल्लाको नामाकरण भरौल क्षेत्रको चारकोसे झाडीबाट उत्पत्ति भएको सुनसरी नदीको नामबाट नामाकरण गरिएको हो । यो नदी भरौल, बक्लौरी, सिंगिया, भोक्राहा, इनरुवा, नरसिंह, जल्पापुर, भुटाहा,घुस्की आदि गाउँहरु हुँदै भारततर्फ बगेको छ । सुनसरी जिल्ला दक्षिणमा समुद्र सतहदेखि १५२ मिटर र उत्तरमा ९१४ मिटर उचाईमा रहेको छ । सुनसरी जिल्लामा १२ वटा स्थानीय तहहरु रहेका छन । जसमा २ वटा उपमहानगरपालिका, ४ वटा नगरपालिका र ६ वटा गाउँपालिकहरु रहेका छन् ।

१.२ भौगोलिक स्थिति

यस जिल्लाको उत्तरी खण्डमा महाभारत पर्वतअन्तर्गतका पहाडहरु पर्दछन् भने मध्यभागमा चुरे भावर प्रदेश र दक्षिणी भागमा समथर मैदान पर्दछन् । यो जिल्ला पूर्व पश्चिम साँगुरो चौडाइ भइ उत्तर केही साघुँरिएर क्रमशः फुक्दै लम्बाई दक्षिणतर्फ फैलिएको छ ।

सि.नं.	विवरण	
१.	अक्षांश, देशान्तर	अक्षांशः-२६° २३ मिनेट उत्तरदेखि २६° ५५ मिनेट उत्तरसम्म र देशान्तरः-८७° ५ मिनेट पूर्वदेखि ८७° १६ मिनेट पूर्वसम्म ।
२.	सिमाना	पूर्वमा मोरङ्ग जिल्ला ,पश्चिममा सप्तरी र उदयपुर जिल्ला,उत्तरमा धनकुटा जिल्ला र दक्षिणमा भारतको विहार राज्य पर्दछ
३.	क्षेत्रफल	१२५७ वर्ग कि.मि.
४.	औसत लम्वाई	यस जिल्लाको पूर्वमा बुढी खोलादेखि पश्चिममा कोशी नदीसम्मको लम्वाई ४४ कि.मि छ ।
५.	औसत चौडाई	सुनसरी जिल्लाको उत्तरमा भेडेटारदेखि दक्षिणमा बुढी खोलासम्मको चौडाई ४५ कि.मि. छ ।
६.	भौगोलिक विभाजन	यो जिल्ला महाभारत पर्वत श्रृङ्खला,चारकोसे जंगल र उर्वरा तराईका भागहरु मिली वनेको छ । यसको भौगोलिक वनावटलाई मुख्य तीन भागमा विभाजन गर्न सकिन्छ :- १. उत्तरको पहाडी प्रदेश २. मध्यभागको भावर प्रदेश र ३. दक्षिणको समथर भूमी ।
७	निर्वाचन क्षेत्र	प्रतिनिधि सभाको लागि ४ वटा र प्रदेश सभाका लागि ८ वटा
८	उप/न.पा.तथा गा.पा.	२ उप-महानगरपालिका, ४ नगरपालिका र ६ गाउंपालिका

१.३ जलवायु

दक्षिणी पूर्वी तराईका अन्य जिल्लामाजस्तै सुनसरी जिल्लाको धेरैजसो भागमा उष्ण मनसुनी हावापानी पाईन्छ । यहाँ वर्षा शुरु हुनुभन्दा अगाडि धुलो उडने र बर्षापछि जलवायुयुक्त हावा चल्ने गर्दछ । यस जिल्लाको गृष्म ऋतुमा औषत तापक्रम ३८° सेन्टिग्रेट तथा न्युनतम १०° सेन्टिग्रेटसम्म रहने गरेको पाइएको छ । यस जिल्लामा औसत वर्षा वार्षिक ११४.३ मि.मि. रहेको छ ।

१.४ जनसंख्या :

वि.स. २०७८ मा भएको जनगणनाअनुसार सुनसरी जिल्लाको कूल जनसख्या ९,२६,९६२ रहेको छ, जसमध्ये महिलाको जनसंख्या ४,७७,९३९ (५१.६%) र पुरुषको जनसंख्या ४,४९,०२३ (४८.०४%) रहेको छ ।

स्थानयि तहअनुसार जनसख्याको विवरण तालिकामा उल्लेख गरिएको छ ।

सि.न.	स्थानिय तहको नाम	पुरूष	महिला	जम्मा
१	धरान उपमहानगरपालिका	७८,४१०	८८,१२१	१६६५३१
२	इटहरी उपमहानगरपालिका	९३,२९०	१०३,९५१	१९७,२४१
३	इनरूवा नगरपालिका	३६,६८९	३८,२२५	७४,९१४
४	रामधुनि नगरपालिका	२९,८२०	३३,६३२	६३,४५२
५	बराहक्षेत्र नगरपालिका	४२,९९७	४८,०९०	९१,०८७
६	दुहबी नगरपालिका	३२,७९७	३३,२७७	६६,०७४
७	गढी गाउपालिका	१९,०९६	१९,६४३	३८,७३९
८	हरिनगर गाउपालिका	२४,५६७	२५,२७८	४९,८४५
९	कोशी गाउपालिका	२४,३५८	२४,४४६	४८,८०४
१०	भोक्राहा गाउपालिका	२४,२९३	२४,९८७	४९,२८०
११	देवानगंज गाउपालिका	१९,४८८	१९,५४२	३९,०३०
१२	बर्जु गाउपालिका	१८,१६९	१८,०८०	३६,२४९

श्रोत : राष्ट्रिय तथ्यांक बिभाग,२०७८

१.५. प्रमुख नदी, ताल तलैयासम्वन्धी विवरण :

सुनसरी जिल्लाको मुख्य नदीहरुमा सप्तकोशी नदी हो, जुन नदी यस जिल्लाको पश्चिम सिमानामा रहेको छ । यो नेपालको सवैभन्दा ठूलो नदी पनि हो । यो नदी विभिन्न ७ वटा शाखा नदी मिलेर बनेको हुनाले यसलाई सप्तकोशी भनिएको हो । यी नदीहरुमा अरुण, तमोर, सुनकोशी, तामाकोशी, लिखु, इन्द्रावती, दूधकोशी हुन् । यो नदी सुनसरी-मोरङ्ग सिंचाई आयोजनाको जलस्रोतको केन्द्र पनि हो । यो नदीको धार्मिक महिमा पनि छ । कोशी नदीलाई गांधीपुत्री अथवा राजश्री विश्वामित्रको वहिनीको रुपमा हेरिन्छ । यो नदीमा नुहाएमा हिमालयका पवित्र जडिवुटीको कारणले मोक्ष प्राप्त हुन्छ भन्ने धार्मिक विश्वास पनि रहेको पाईन्छ । यस जिल्लाका अन्य नदीहरुमा कोकाहा,सुनसरी,बुढी,सेउती,सर्दु,खेतीखोला,टेंग्रा,पकलीखोला,दधिकिच्चा,पटनाली,गडनखोला आदि पर्दछन् । यस जिल्लाको चिमडीमा १६० विगाहा क्षेत्रफल ओगटेको वर्जु ताल अवस्थित छ । यस जिल्लाका केही नदीहरुको लम्बाई विवरण निम्नानुसार छ ।

क्र.स.	नदीको नाम	लम्बाई (किलोमिटर)
१	कोशी	५२
२	सुनसरी	५३
३	टयाग्रां	४६
४	गडन	२९
५	सर्दु	१८
६	सेहरा	२५
७	बुढी	२६
८	सेउती	२०

१.६ धार्मिक तथा पर्यटकीय स्थलहरु :

बराहक्षेत्र मन्दिर : प्राणी मात्रको साझा भूमि पृथ्वीलाई हिराण्याक्षले जलमा डुबाएर राखे पछि स्वयम्भुव मनुको उद्धार आग्रहमा चिन्तित ब्रहमाजीको मनोरथलाई पूरा गर्न विष्णु भगवानले भीमकाय बराहरुप धारण गरी पृथ्वीलाई

रसातलबाट माथि ल्याएको तथा बाधाबिघ्न खडा गर्ने हिराण्याकक्षको वध समेत गरेको पावन भूमि बराह भगवानको क्रोध शान्त गर्ने कोकाह नदी र कौशिकी नदीको संगम स्थललाई बराहक्षेत्र भनिएको धार्मिक ग्रन्थमा उल्लेख भएको पाइन्छ । यो मन्दिर, बराहक्षेत्र नगरपालिकामा अवस्थित छ । यो मन्दिर हिन्दूहरुको प्रसिद्ध तीर्थस्थल तथा नेपालको एक ऐतिहासिक धार्मिक स्थल हो । धरानबाट चतरा हुँदै र झुम्काबाट पनि पुग्न सकिने यो मन्दिर २००० वर्ष पहिले नै निर्माण भएको अनुमान गरिएको छ ।

बराहक्षेत्र नगरपालिकामा अवस्थित चतरामा रहेको मठ मन्दिरको विवरण : प्राचीन हरिदारको नामले प्रख्यात चतराधाममा रामानन्दाचार्य सेवा पिठ, आध्यात्म जगद्गुरु शंकराचार्य पीठ, राधाकृष्ण भक्ति साधना अध्यात्मिक प्रतिष्ठान, शान्तिकुञ्ज अनाथ महिला आश्रम, औलिया बाबा चतरा मठ, भुवराह, वन्कटेश्वरजस्ता ऐतिहासिक मठमन्दिरहरु यस क्षेत्रमा रहेको छ ।

दन्तकाली मन्दिर : सत्य युगमा पत्नी वियोगबाट अत्यन्त विचलित भगवान शिवले सतिदेवीको मृतदेह बोकेर पृथ्वीको विभिन्न ठाउँ घुम्दै जादा उक्त शरीरका अंगहरु पतन भएका स्थानमा पछि शक्तिपिठहरु स्थापना भएको पाईन्छ । यसै क्रममा धरानको विजयपुर डाडाँमा आइपुग्दा सतिदेवीको दाँत पतन भएकोले यस स्थानमा पनि शक्तिपिठको रुपमा दन्तकाली मन्दिरको स्थापना भएको धार्मिक कथन छ । अन्य पिठहरुमा झैँ यस पिठमा पनि नवरात्रिको अवसरमा विशेष पूजाआजा गरिन्छ । यो धरान उप-महानगरपालिकाको वडा नं.१४, विजयपुरमा अवस्थित छ । यो मन्दिरमा बोका, राँगा, पशुपक्षीको बली दिने चलन छ । यो मन्दिरको बारेमा स्वस्थानी व्रत कथामा पनि उल्लेख भएको पाइन्छ ।

पिण्डेश्वर मन्दिर : धरान उप-महानगरपालिको वडा नं. १४, विजयपुरमा अवस्थित यो मन्दिर देवता र दानव मिली समुन्द्र मन्थन गर्दा निस्केको अमृतले भरिएको घडालाई दानवहरुबाट जोगाई यस स्थानमा ल्याईपुऱ्याएर शिवलिङ्गको रुपमा स्थापना गरिएको भन्ने पुराण एवम् धर्मशास्त्रमा व्याख्या गरिएको छ । यस मन्दिरमा अमृत पिण्ड पिण्डेश्वरका रुपमा भगवान शंकरको पूजा अर्चना गरिन्छ । यस मन्दिरमा प्रत्येक सोमबार र शनिबार साथै श्रावण महिनाभरि चतराको पवित्र सप्तकोशी नदीबाट स्नान गरी जल ल्याई चढाउनका लागि देश विदेशका लाखौं श्रृद्धालु भक्तजनहरुको भिड लाग्ने गर्दछ ।

बुढासुब्बा मन्दिर : धरान उप-महानगरपालिका वडा नं. १४, विजयपुरस्थित यो मन्दिर महाभारतमा पाँच पाण्डवहरु छद्म भेषको रुपमा बसी उनीहरुलाई रक्षा गर्ने किराँती राजाको अवशेषको रुपमा पूजा गरिन्छ । विशेष गरी शनिबारका दिन कुखुरा, सुँगुरको बली दिई पुजा अर्चना गर्न भक्तजनहरुको घुइचो लाग्दछ । यस मन्दिरको थप विशेषता मन्दिरको वरिपरि टुप्पो नभएको बाँसहरु रहनु पनि हो ।साथै बुढासुव्वाको बहिनी गौरीमाताको मन्दिर समेत यही हातामा रहेको छ ।

शिव जट्टा : धरानको विजयपुरबाट उत्तरपट्टि रहेको डाँडांको फेदमा अवस्थित यो ठाउँलाई पृथ्वीको तलमा झरेकी गंगाको बेगलाई भगवान शिवको जट्टामा थामेको झरना स्थलको रुपमा मानिन्छ । धरान-१३ को जिरोपोइन्टबाट यो स्थानसम्म १० कि.मि.को दूरीमा रहेको छ ।

रामधुनी : सुनसरी जिल्लाको इनरुवा, झुम्काबाट करिब ७ कि.मि.उत्तरमा रामधुनी मन्दिर रहेको छ । यो स्थान चारैतिर घना जङ्गल र सुन्दर फुलवारीका बीचमा धुनीस्थल रहेको छ । यस पवित्र तिर्थस्थलमा त्रेतायुगमा भगवान रामचन्द्रले बास बस्दा बालेको धुनी निरन्तर आजसम्म जलिरहेको र कथंकदाचित उक्त धुनी निभेमा धरानस्थित पिण्डेश्वरमा रहेको अखण्ड दिपबाट प्रज्वलित गर्नुपर्ने र पिण्डेश्वरको अखण्ड दिप निभेमा रामधुनीको धुनीबाट आगो

ल्याई सल्काउनु पर्ने परम्परा हालसम्म पनि कायमै छ । त्रेतायुगदेखि जल्न शुरु गरेको अखण्डधुनी आजसम्म निरन्तर बलि रहेको अचम्म लाग्दो किम्वदन्तिमा आधारित नेपाल कै एक प्रसिद्ध तीर्थस्थल मानिन्छ । रामनवमी, विवाह पञ्चमी, बाला चतुर्दशीमा लाग्ने मेलामा लाखौंको सङख्यामा नेपाल, भारत तथा भुटानका मानिसहरु आउने गर्दछन् । बनबासको क्रममा सम्झनास्वरुप भगवान रामले छोडेको एक जोर खराउ हालसम्म त्यहां छदैछ ।

विष्णुपादुका : धरानदेखि ४ कि.मि. उत्तर पश्चिममा कोकाहा नदीको किनारमा धरान उपमहानगरपालिका वडा नं. २० मा रहेको विष्णुपादुका मन्दिरको आफ्नै महत्व छ । भगवान बिष्णुले, आफ्ना पितृहरुलाई तर्पण गरी पहिलो श्राद्ध गरी परम्पराको थालनी गरेको स्थानको रुपमा रहेको कुरा पुराणमा उल्लेखित छ । यस मन्दिरमा हिन्दू धर्मावलम्बीहरु पौष शुक्ल औसीका दिनमा आफ्ना पितृहरुलाई पिण्ड तर्पणका लागि आउने गर्दछन् ।

चिमडी दह : आजभन्दा ३३ वर्ष अगाडी प्राकृतिक रुपमा स्थापित बर्जुताल माँसिदा स्थानिय जनताले भोगेको समस्याबाट जागरुक भई पुन: निर्माणको निम्ती स्थानीय जनताहरु लागी परेका छन । चिमडी दहको नामले समेत प्रसिद्व यो तालको पुर्ननिर्माणले सुनसरी जिल्लाको दक्षिणी भेगका जनताहरु साथै मोरङका कतिपय वडा र विराटनगरका निम्ति पनि वातावरण र मनोरञ्जनका दृष्टिले सकारात्मक परिवर्तन ल्याउने विश्वास गरिएको छ ।

भेडेटार : प्रदेश नम्बर १ को रमणीयस्थलको रुपमा प्रख्यात धरानवाट १७ कि.मि.उत्तरमा पर्ने सुनसरी र धनकुटा जिल्लाको सिमानामा अवस्थित भेडेटार समुन्द्री तहबाट १४२० मिटर उच्च पहाडी क्षेत्रमा अवस्थित भएकोले मानिसहरु तराईको गर्मीबाट बच्न चिसो वातावरणमा रम्न र पहाडी एवम् हिमाली भेगको सुन्दरता हेर्न आउने गर्छन् । अझ भेडेटारको भ्यूटावर अर्थात चार्ल्स प्वाइन्ट यस्तो स्थान हो जहाँबाट सप्तकोशीको मनोरम दृष्य पूर्वी, तराईका फाँटहरु साथै मकालु,कञ्चनजंगा र कुम्भकर्ण हिमश्रृखलाहरु एकै पटक हेर्न र देख्न सकिन्छ । यहाँबाट प्रदेश नम्बर १ का सवै जिल्लाहरु देख्न सकिन्छ ।

ठिंगेढुंगा : धरानदेखि पूर्वपट्टि रहेको साविकको पाचकन्या गा.वि.स.वडा नं. ५ ठिंगाबारी, हालको धरान उपमहानगरपालिका वडा नं. ५ मा किरात वा सेन राजाहरुको ऐतिहासिक प्रमाणको रुपमा ठिंगे ढुगां भेटिन्छ । यही ठिंगे ढुंगाबाट यो गाउँको नाममा ठिंगाबारी रहेको जनविश्वास छ ।

कोशी टप्पु : कोशी टप्पु, प्रदेश नम्बर १ को सुनसरी, सप्तरी र उदयपुर जिल्ला अन्तर्गत सप्तकोशी नदीको क्षेत्रमा फैलिएर रहेको छ । १७५ वर्ग कि.मि. क्षेत्रमा फैलिएको कोशी टप्पु, नेपालमा अर्नाको लागि एक मात्र संरक्षण क्षेत्रको रुपमा परिचित छ । वन्यजन्तु, चराचुङ्गी, वनस्पति ,जलचर, सर्पजात, कछुवा, पुतली, आदि अध्ययनको लागि महत्वपूर्ण स्थलको रुपमा रहेको यो क्षेत्र रामसार क्षेत्रमा समेत परिसकेको अन्तर्राष्ट्रियस्तरको सिमसार क्षेत्र पनि हो । यहा ३५० भन्दा बढि प्रजातिका चराचुरुङ्गीहरुको बासस्थान रहेकोले स्वदेशी तथा विदेशीहरु चरा अध्ययनको लागि यहाँ आउने गर्दछन् । कोशी नदीमा र्‍याफटिगं गर्नेहरुका लागि यो स्थान महत्वपूर्ण गन्तव्य स्थल हो ।

एभरेष्ट विज्ञान केन्द्र: नेपालको पहिलो विज्ञान केन्द्रको रुपमा स्थापित यो Everest science center,Nepal सुनसरी जिल्लाको *पूर्वी, दक्षिणी भागमा पर्ने साविकको अमाही बेलाहा गाविस (सितागंज) मा रहेको छ । यो विराटनगरबाट ७ कि.मि पश्चिम* दक्षिणमा पर्दछ । Everest science center, Nepal (ESCN) Association of Science and Technology Center Washington DC को सदस्यता बन्ने नेपालको पहिलो संस्था हो । नेपालमा विज्ञान तथा प्रविधिको क्षेत्रमा ज्ञान हासील गर्न चाहने इच्छुकहरुका लागि महत्वपूर्ण योगदान दिने उद्देश्यले यो केन्द्र स्थापना भएको हो ।

१.७ जिल्लामा रहेका सरकारी अस्पतालको विवरण

क्र.	अस्पतालको नाम	रहेको स्थान	सैया संख्या	फोन .न.
१	वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	धरान -१८	७५०	०२५-५२१०१७
२	जिल्ला अस्पताल	ईनरुवा	५०	०२५-५६०१३४
३	इटहरी अस्पताल	इटहरी	५०	९८१५३८२६१५

(क) सुनसरी जिल्लामा रहेको नर्सिङ्ग होम, सामुदायिक तथा निजी अस्पतालको विवरण

क्र.स	अस्पतालको नाम	रहेको स्थान	सैया संख्या	फोन .न.
१	इटहरी अस्पताल	इटहरी वडा नं.-९	१५	०२५ -५८१११२
२	सामुदायिक अस्पताल	इटहरी वडा नं.- ६	१५	०२५-५८२०१२
३	एपेक्स अस्पताल	इटहरी वडा नं.- ५	५०	०२५-५८००२९
४	विजयपुर अस्पताल	धरान वडा नं. -१०	२५	०२५-५३३४९०
५	स्पार्क फाईभ अस्पताल	लक्ष्मी सडक, धरान - १	५०	०२५-५२२२३५
६	सैनिक अस्पताल	इटहरी - ४		०२५-५९०१९९

(ख) सुनसरी जिल्लामा रहेको सर्पदंश उपचार केन्द्रको विवरण

क्र.स	उपचार केन्द्र	रहेको स्थान	फोन न.
१	पूर्वी पृतना हेडक्वाटर नेपाली सेना	इटहरी वडा नं.४, हलगडा	०२५ -५८५५४४

(ग) सुनसरी जिल्लामा रहेको ब्लड बैकको विवरण

क्र.स	रक्तसंचार सेवा केन्द्र (ब्लड बैक) को नाम	रहेको स्थान	फोन न.
१	रक्तसंचार सेवा केन्द्र, धरान (रेडक्रस ब्लड बैंक)	वी.पी.प्रतिष्ठान, धरान-१८	०२५ -५२०९६८
२	वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको ब्लड बैंक	वी.पी.प्रतिष्ठान, धरान-१८	०२५ -५२५५५५
३	रक्तसंचार सेवा केन्द्र, इनरुवा अस्पताल	इनरुवा	९८५१२५३६५३

१.८ सुनसरी जिल्लामा रहेका एम्बुलेन्स सेवा, वारुण यन्त्र, शव वाहन सेवा प्रदायक संस्थाहरुको विवरण

(क) एम्बुलेन्स सेवा : नेपाल रेडक्रस सोसाइटी, सुनसरीबाट संचालित एम्बुलेन्स सेवाको विवरण

क्र.सं	संस्थाको नाम	ठेगाना	गाडी नम्बर	सम्पर्क मोबाइल नं.
१	नेपाल रेडक्रस सोसाइटी सुनसरी	धरान -१	को १ च ७६४५	९८४२०-२२०१५
२	नेपाल रेडक्रस सोसाइटी सुनसरी	धरान -१	को १ च ९२२१	९८४२०-४०८००
३	नेपाल रेडक्रस सोसाइटी इटहरी उपशाखा	इटहरी -६	को १ च ४१६५	९८४२४-२९०८१
४	नेपाल रेडक्रस सोसाइटी इटहरी उपशाखा	इटहरी -६	को १ च ५९२५	९८४२४-२९०८२
५	नेपाल रेडक्रस सोसाइटी इटहरी उपशाखा	इटहरी -६	प्रदेश नं. १	९८४२४-२९०८४
६	नेपाल रेडक्रस सोसाइटी हासपोसा उपशाखा	इटहरी-२०	प्रदेश नं. १-५९९६	९८४७०-०३५४५
७	नेपाल रेडक्रस सोसाइटी हरिनगर उपशाखा	हरिनगर	को १ च १४२८	९८२७-३६६७०१
८	नेपाल रेडक्रस सोसाइटी खनार उपशाखा	इटहरी -१२	को १ च ८५६३	९८४२०-३६२३७
९	नेपाल रेडक्रस सोसाइटी इनरूवा उपशाखा	इनरूवा- ६	को १ च ८६०८	९८४२०-३७४३१
१०	नेपाल रेडक्रस सोसाइटी डुम्राहा उपशाखा	रामधुनी -८	को १ च ७१२४	९८४२५-८२६९८

अन्य संघसंस्थाबाट संचालित एम्बुलेन्स सेवाको विवरण

क्र.सं	संस्थाको नाम	ठेगाना	गाडी नम्बर	सम्पर्क मोबाइल नं.
१	छ थरे समाज	धरान १५	को १ च ७८३६	९८२४-३८१६१३
२	अमृत बहादुर भुजेल स्मृति संस्था	धरान ८	को १ च ७७३५	९८०७-३८४३१९
३	अमृत बहादुर भुजेल स्मृति संस्था	धरान ८	को २ च २५५३	९८१७-३३६२०६
४	अनाथ असहाय वृद्ध सेवा समाज	धरान १८	को १ च ४९२०	९८४२२-९७६७७
५	भारतिय भुपु सैनिक संघ	धरान १३	को १ च ८५४८	९८४२०-३८१४३
६	भारतिय भुपु सैनिक संघ	धरान १३	को १ च ४३१५	९८०७-०८२२५२
७	स्व. समर ब. भण्डारी स्मृति प्रतिष्ठान	धरान ८	को १ च ६४०९	९८०५-३४७५५३
८	मिस गोमा मेमोरियल ट्रष्ट	बराहक्षेत्र	को १ च ३१६९	९८१०-५६९११५
९	गंगा मधुमाया पोख्रेल स्मृति प्रतिष्ठान	धरान ७	को १ च २६४६	९८५२०-५६०८४
१०	गंगा मधुमाया पोख्रेल स्मृति प्रतिष्ठान	धरान ७	को १ च ८०५७	९८०७०-६६३६६
११	राजन अधिकारी फाउन्डेसन नेपाल	धरान १८	को १ च ४६१९	९८०४९-०३४८८
१२	सहयोगि मञ्च सुनसरी	धरान ११	को १ च ७०३९	९८२३-५२२२५७
१३	भुजेल सेवा समाज समिति	धरान ८	को १ च ७७६०	९८६२-४४३२८२
१४	लायन्स क्लब अफ धरान	धरान	को १ च १८०४	९८४२०-२०४८७
१५	डयागं लोखागं गुम्बा	धरान १५	को १ च ८०६५	९८६२०-७४०४८
१६	ताप्लेजुङ्ग सुनसरी सरोकार समाज	धरान ७	को १ च ८७७	९८०४३-४२७२१
१७	थाकथुक मावोहांग चम्जोगं वंश उत्थान संस्था	धरान ८	को १ च ५५०५	९८६२२-८४६७२
१८	संजिवनी बचत तथा ऋण सहकारी संस्था	इटहरी ६	को १ च ४६२६	९८४२५-०२२६७
१९	पशुपति मोडेल हस्पिटल	इटहरी ८	को १ च ४९६६	९८४२०-५६६८४
२०	लोहरूगं राई समाज	इटहरी ४	को १ च ५९२२	९८४२४-२९३६१
२१	कोशी टयाक्टर संघ	इटहरी ६	को १ च ५२८८	९८४२०-२०६९६
२२	फुयल उत्थान समाज	इटहरी ६	को १ च ६६५८	९८४२०-२०९७१
२३	शहिद स्मृति आबसिय बिधालय	इटहरी १९	को १ च ५५४२	९८४२१-०४१९१
२४	भुवन मगर मेमोरियल ट्रष्ट	इटहरी ४	को १ च ७८५१	९८५२०-५९९७७
२५	श्याम कुमारी थापा स्मृति प्रतियठान	इटहरी ५	को १ च ७७७४	९८४२०-३५३११
२६	किसन चौधरी स्मृति प्रतिष्ठान	धरान १८	को १ च ८०५६	९८६२०-२३४११
२७	बैतुलमल फाउण्डेसन नेपाल	घुस्कि	को १ च ७८३२	९८१५३-८९५९६
२८	एकता भू.पु. सैनिक क्लब	इटहरी १९	को १ च ६५८४	९८०७०-३५२०७
२९	नेपाल परिवार नियोजन संघ	इटहरी ५	को १ च ५८८९	९८४२१-४४१६६
३०	संजिवनि सामुदायिक स्वास्थ सेवा प्रा.लि	इटहरी २४	को १ च ७४६३	९८००९-१०५९५
३१	नेपा : बहुउद्देश्यीय सहकारी संस्था लि	इटहरी ६	को १ च ५१४४	९८४२३-२६५७७
३२	जीवन खड्का स्मृति प्रतिष्ठान	इटहरी ४	को १ च ८९३०	९८०७०-२१३७०
३३	तरहरा सामुदायिक स्वास्थ्य सेवा केन्द्र	इटहरी	को १ च ७३७८	९८६२०-१२०२०
३४	उप स्वास्थ्य चौकी हरिपुर	कोशी ७	को १ झ ४७६	९८१४३-२९५३८
३५	लौकही उप स्वास्थ्य चौकी	लौकही		९८४२१-९८४२२
३६	नवयुग सामाजिक तथा सांस्कृति विकास केन्द्र	घुस्की ७	को १ च ७८३७	९८१९३-५१८८१
३७	निर्धन ग्रामीण बचत तथा ऋण सहकारी संस्था	रामधुनी १	को १ च ५६११	९८४२४-०९७९९
३८	हुडेप नेपाल	रामधुनी ५	को १ च ५५५९	९८४२२-२१२२२

३९	उप स्वास्थ्य चौकी	भोक्राहा २	बा १ झ ८६७७	९८१४३-३०८११
४०	सन्देश कृषि सहकारी संस्था	भोक्राहा २		९८४२५-६२०००
४१	सिताराम मन्दिर	रामधुनी ४	को १ च ६७१४	९८४२१-९६३५५
४२	लालबहादुर पोखरेल स्मृती समाज	इटहरी ४	को १ च ८९३०	९८०७०-२१३७०
४३	प्रकाशपुर स्वास्थ चौकी	बराहक्षेत्र ९	को १ झ ४८७	९८११०-४४२७०
४४	पुराण आयोजक समिति बक्लौरी	बक्लौरी	को १झ ४९०	९८४२५-८२२१५
४५	ह्यागंमति च्यारिटी ट्रष्ट	धरान १७	को १ च ३०२९	९८११०-१०६४३
४६	जवहार शाह स्मृति प्रतिष्ठान	डुम्राहा ९	को १ च ५७४९	९८०४३-२६५९९
४७	क्यू जि इ रेजिमेण्टल एसोसियसन नेपाल	धरान १०	को १ च २९३७	९८४२०-२५२०६
४८	श्रृष्टि मेमोरियल ट्रष्ट	धरान १८	को १ च ६३८९	९८०७३-१०३६१
४९	पूर्ण बहादुर स्मृति प्रतिष्ठान	धरान १७	को १ च ६४५४	९८४२२-६०३७३
५०	सुच्चा राई कल्याणकारी समाज	धरान ११	को १ च ४९७९	९८४२१-४६६३६
५१	जनकल्याण बचत तथा ऋण सहकारी संस्था	दुहबी	को १ च ४७०७	९८४२२-६६२००
५२	सामुदायिक बिकास संस्था	इनरूवा	को १ च ५०५२	९८४२१-२४८२१
५३	सुनसरी मोडेल हस्पिटल	इनरूवा ६	को १ च ५०३८	९८४२३-०७९००
५४	हिमानी कोष (मधेसा उपस्वास्थय चौकीवाट)	इनरूवा	बा. १२ च २९६	९८०५३-७५३३१
५५	उपस्वास्थय चौकी	कंप्तानगन्ज	को १ झ ४६८	९८११०-९६५८५
५६	जिल्ला जनस्वास्थय कार्यलय	इनरूवा		९८१७३-४७६३७
५७	छिमेकी युवा समुह	धरान १२	को १ च २७२४	९८२७३-४०४५१
५८	जनअधिकार सरोकार संस्था	धरान २०	को १ च ९६९६	९८५२०४९०७७
५९	अधिकारी कुलबंश समाज नेपाल	इटहरी ४	को २ च १३१	९८४२० २६२३२
६०	पटवारी सिद्धिलाल स्मृति प्रतिष्ठान	दुहबी ३	को १ च ७८३५	९८४२० ५९१०६
६१	जिवन खडका मेमोरियल	इटहरी ४	को १ च ८९३०	९८१० ५४८७२१
६२	श्री अन्जना अग्रवाल समिति प्रतिष्ठान	इटहरी ४	को १ च ९५९८	९८०४३ ३५२९८
६३	मनमाया श्रेष्ठ मेमोरियल	इटहरी ४	को १ च ४७७४	९८४३० ८०७९७
६४	नौलो बिहानी कृषि बिकास	इटहरी ६	को १ च ५८५६	९८४२० ८६३७८
६५	लोहरूगं राई समाज	इटहरी ५	को १ च ५९२२	९८११० ६४६४७
६६	गणेश ब. डागी	इटहरी ४	प्र.नं १०४००१ चं.७४९	९८४२० ६६०६२
६७	इटहरी अस्पताल	इटहरी ८	प्र.नं १०२००१ झ ०७५०	९८१५ ३७९९२२
६८	मदनि एण्ड नेपालि वेलफेयर		को १ च ९००१	९८१५३९६३६०
६९	जिल्ला अस्पताल , इनरूवा	इनरूवा		९८१० ४१६९८५
७०	जियाउल हक मेमोरियल ट्रष्ट	धरान १२	को १ च ६३१६	९८१६३ ४००६३
७१	संदेश कृषि बिकास	भोक्राहा		९८०७३ ४४२१०
७२	श्री खुसिलाल स्मृति प्रतिष्ठान		प्र १०२०० २च ५९६९	९८००९१६९५५
७३	जियाउल हक मेमोरियल ट्रष्ट	धरान १२	को १ च ३६४६	९८१३००२९४०
७४	विजयपूर हस्पिटल	धरान १०	को १ च ७६३८	९८१४३५०९०६
७५	सिद्धि नेवा परिषद	धाान ७	को २ च ३३५९	९८४२२६०३७३
७६	श्री प्रसाद सेरेगं लिम्बु समिति	धरान ११	को २ च ४०४३	९८१३८१४१४०
७७	वालाहागं सुनाहागं किरात राई उत्थान समाज	धरान	को २ च १८६२	९८४२२७५९४०
७८	नेपाल तामागं घेदुगं	धरान १७	को २ च २०९	९८०५३८६५५३
७९	किसन चौधरी स्मृति प्रतिष्ठान	धरान १८	प्र १०२०० च ३८८९	९८४२०३९६७३

(ख) सुनसरी जिल्लामा सञ्चालित वारुण यन्त्र सेवा :

क.सं.	संस्थाको नाम	ठेगाना	सख्या	सम्पर्क मोबाइल नं.
१	धरान उपमहानगरपालिका	धरान	३	०२५-५२०१९९
२	ईटहरी उपमहानगरपालिका	इटहरी	२	०२५-५८०१०१
३	दुहुवी नगरपालिका	दुहबी	१	९८१०४-८४५५६
४	इनरुवा नगरपालिका	इनरुवा	१	०२५-५६०१०१
५	बराहक्षेत्र नगरपालिका	बराहक्षेत्र	१	९८५२०-६९९००
६	रामधुनी नगरपालिका	रामधुनी	१	०२५५६२५६६
६	देवानगंज गाउपालिका	देवानगंज	१	९८५२०४३६६६
७	कोशी गाउँपालिका करिम मंसुरी	लौकही	१	९८५२०४१३६७, ९८२७३९०००१
८	कोशी गाउँपालिका लौकही ,जुग नारायण यादव	लैकही	१	९८५२०४१३६७, ९८२७३९०००१
९	तीन वटा गाउँपालिकाको मिलेर (बर्जु ,हरिनगर र देवानगंज गा.पा.	देवानगंज	१	९८१२३०८५५५
		जम्मा	**१३**	

(ग) सुनसरी जिल्लामा सञ्चालित शव वाहन सेवा :

क.सं.	संस्थाको नाम	ठेगाना	गाडी नम्बर	सम्पर्क मोबाइल नं.
१	मान बहादुर स्मृति प्रतिष्ठान	धरान १९	को १ च ५५५३	९८२३५-९१७८९
२	स्व. समर ब. भण्डारी स्मृति प्रतिष्ठान	धरान ८	को १ च ६४०९	९८४२०३९२३४
३	स्व. साबित्री स्मृति प्रतिष्ठान	धरान १७	को २ च २१३	९८१८०-२३६१०
४	सिद्धि नेवा: परिषद	धरान ७	को १ च ४६२४	९८१५३-६२१५७
५	जियाउल हक मेमोरियल च्यारीटी ट्रष्ट	धरान १२	को १ च ४८०९	९८०४०-३७१५६
६	भारतिय भु.पू.सैनिक संघ, धरान	धरान १३	प्रदेश नं १-३६४५	९८०७०-८२२५२
७	नेपाल रेडक्रस सोसाइटी, इटहरी उपशाखा	इटहरी	प्रदेश नं. १-५८६	९८४२४२९०८३
८	निर्मला श्रेष्ठ स्मृती प्रतिष्ठान, धरान	धरान	प्रदेश नं. १-४२७३	९८४२२८८०२९

१.९ संचार सेवा प्रदायक विवरण :

(क) दैनिक पत्रिका

क्र.स	पत्रिकाको नाम	सम्पादकको नाम	सम्पर्क नम्बर
१	ब्लाष्ट टाइम्स	किशोर कुमार कार्की	९८५२०४७१९८
२.	औजार	रणध्वज लोहार	९८४२५२५९७७
३.	फास्ट टाइम्स	केशव घिमिरे	९८५२०४९५५७
४.	मर्निङ् टाइम्स	सागर भट्टराई	९८५२०५९२२२
५.	कोशीपत्र दैनिक	योगेशवाबु काफ्ले	९८५२०४७१२३
६.	पूर्वी हटलाइन	शालिग्राम पाण्डे	९८५२०५७३४८
७.	जनशताब्दी दैनिक	प्रमोद यादव	९८४२१२५२२५
८.	वर्णमाला	शशी कोइराला	९८५१०९०५२२
९.	प्रतिक्षण	इकवाल अहमद	९८५१२४७१००
१०.	कोचिला खबर	प्रेम गिरी	९८४२५०६४६३ (कहिलेकाही मात्र प्रकासित हुन्छ ।)

११.	गुगल दैनिक	आशिष यादव	९८५२०२५७२१ (कहिलेकाही मात्र प्रकाशित हुन्छ ।)
१२.	सुरशेर दैनिक	टोमराज मेहता	९८४२५०६०३३

(ख) साप्ताहिक पत्रिका

क्र.स	पत्रिकाको नाम	सम्पादकको नाम	सम्पर्क नं.
१	दिव्यरोशनी	मनिता चाम्लिङ्	९८४२०२५६११
२.	धरान साप्ताहिक	मणी भट्टराई	९८५२०४९३४६
३.	बिजयपुर	गंगा बराल	९८४२०३७७९९
४.	विश्वस्त सूत्र	गोपाल देवान	९८४२०३९४५१
५.	एक्सन टाइम्स	राजन सुवेदी	९८६२०१२३००
६.	हाम्रो कोशी आवाज	शेखर जोगी	९८११३५०९६८
७.	महाप्रतिवाद	तारा लामगादे	९८१५३०६०५२
८.	प्रवोध	गमबहादुर लम्जेल	९८४२०६४२०२
९.	पूर्व टाइम्स	गिरीराज आचार्य	९८४२३५२२२१
१०.	सूचना र सञ्चार	सुभद्रा प्याकुरेल	९८४२२०८३२३
११.	सम्पदा आँचल	राजन केडी	९८४२०८२८०२
१२.	खबर प्रवाह	वेदराज पौडेल	९८५२०२२९००
१३.	हाम्रो नयाँ संसार	केदार बस्नेत	९८६२२५५४२५
१४.	समय आवाज	जीवन फूयँल	९८०२७२७२७५
१५.	इटहरी साप्ताहिक	अर्जुन शर्मा	९८५२०२८३१३
१६.	सिरुवा	निसान प्रकृति थारु	९८०४३४६१९४
१७.	रामधुनी खबर	सुनिल चौधरी	९८४२४२९१२८
१८.	ब्लाहा	कृष्ण भट्टराई	९८४२०८२०४९
१९.	पपुलर	प्रकाश मेहता	९८५२०४८३५९
२०.	जनमत	शालिग्राम पाण्डे	९८४२१०५९९५ विराटनगरमा दर्ता छ ।
२१.	न्यूज डट कम	सन्तोष यादव	९८५२०४६४२८
२२.	सुनसरी टाइम्स	फुलचन्द मेहता	९८४२०३५३९५
२३.	स्मार्ट सिटी	दिपेन्द्र यादव	९८०२००२०६५
२४.	इनरुवा पोष्ट	प्रमोद यादव	९८४२१२५२२५
२५.	भूकम्प	लुकमान अनसारी	९८१३७५९५००
२६.	एसियन मिरर	ताबिल अनसारी	९८४२०५७६४०
२७.	दुहवी टाइम्स	आशिष यादव	९८५२०२५७२१

(ग) सुनसरीमा सञ्चालित एफएम

क्र.स.	एफएमको नाम	ठेगाना	सम्पर्क नम्बर	इमेल ठेगाना	कैफियत
१.	पपुलर एफएम	इनरुवा	९८५२०४८३५९	popularfm99.5@gmail.com	
२.	रामधुनी एफएम	झुम्का	९८४२४२९१२८	radioramdhuni@gmail.com	
३.	झुम्का एफएम	झुम्का	९८०४३४६१९४	jhumkafm@gmail.com	
४.	सप्तकोसी एफएम	इटहरी	९८४२०५७६७१	skfm90mhz@gmail.com	
५.	इटहरी एफएम	इटहरी	९८५२०४८३९४	news.itharifm@gmail.com	
६.	नमस्ते एफएम	इटहरी	९८५२०५५७३३	namastefm@gmail.com	
७.	तरहरा एफएम	इटहरी	९८४२०७९०६१	sunsari.news@gmail.com	
८.	परिवर्तन एफएम	इटहरी	९८५२०४८७०३	rajendra@radiopariwartan.org.np	

९.	पूर्वोदय एफएम	इटहरी	९८४२०४४८१५	purvodayafm@gmail.com	
१०.	सुनसरी एफएम	चक्रघटी	९८५२०८३५२६	sunsarifm104.6@gmail.com	
११.	बिजयपुर एफएम	धरान	९८४२०३९९२८	newsvijaypur@gmail.com	
१२.	रेडियो धरान	धरान	९८११३२३७०२	radiodharan@gmail.com	
१३.	स्टर एफएम	धरान	९८१६३००४९२	gari.khadka@gmail.com	
१४.	गणतन्त्र एफएम	धरान	९८४२११२३६६	ganatantrafm@gmail.com	
१५.	दन्तकाली एफएम	धरान	९८४२०६४४९५	marketing889@gmail.com	
१६.	हार्ट एफएम	धरान	९८५२०५६५४९		
१७.	एड्भान्स एफएम	इनरुवा	९८४२२२२२२२		
१८.	कोचिला एफएम	दुहवी	९८०२७२१९२३		

(घ) सुनसरीमा सञ्चालित टिभी

१. नेपाल टेलिभिजन इटहरी शाखा	पुष्पहरी क्याम्पा राई	९८५१०५७२३४
२. ऐरिना टिभी इटहरी	समीर कार्की	९८०२७३४०८०
३. विराट टिभी इटहरी	विकल पौडेल	९८४२१७९२८८
४. कृति टेलिभिजन धरान	मोहन श्रेष्ठ	९८४२०२५४५३

(ङ) अनलाइन

१. पूर्वेली न्यूज	सुरेशचन्द्र दाहाल	९८५२०५७६५४
२. न्यूजलय	हिमाल दाहाल	९८५२०६३६४९
३. न्यू पार्टी	रञ्जना पौडेल	९८६२०५८२०१
४. सप्तकोशी अनलाइन	विकल रेग्मी	९८४२१८२८०२
५.प्रदेश पोर्टल	प्रेम बास्तोला	९८४२०३७४०२
६. पूर्वी खबर	त्रिलोचन तिम्सिना	९८५२०४९३५१
७. सञ्चारपार्टी	धनबहादुर पुरी	९८४२३४३९८२
८. प्रभात खबर	कृष्णकला राई (दर्ता हुने क्रममा छ।)	
९. टाकुरा अनलाइन,		९८०२७२७३२७
१०. खबरविट अनलाइन रामधुनी	आरबी कट्वाल	
११. फलैचा अनलाइन	सुमन भट्टराई	९८५२०८०८८०
१२. इनरुवा अनलाइन	विरेन्द्र साह	९८५२०४१०५१
१३. ब्लाष्ट खबर अनलाइन पत्रिका		
१४. कपुरी अनलाइन	मातृका नेपाल	९८४२२७५७३०
१५. औजार अनलाइन पत्रिका		
१६. इ पोष्ट अनलाइन पत्रिका		
१७. कोशी पत्र अनलाइन पत्रिका		
१८. स्मार्ट न्यूज २४		
१९. दिव्य रोशनी पत्रिका		
२०. अपराध न्यूज		
२१. प्रबोध साप्ताहिक पत्रिका		

२२. गणराज्य अनलाइन पत्रिका	पीवी दियाली	९८४२०७९०१९
२३. मकालु खबर टु डे डट कम		
२४. पूर्वाञ्चल टिभी अनलाइन		
२५. कोशी आवाज		
२५. धरान क्लिक	रोहित राई	९८४२०८१२४९

१.१० सुरक्षा निकायको विवरण

(१) नेपाली सेना ,सुनसरी

क्र.सं.	युनिट सबयुनिट	तैनाथी स्थान	सम्पर्क नम्बर
१	श्री पुर्वी पृतना हेडक्वार्टर,	ईटहरी	०२५-५८३५६६
२	श्री कृष्णदल गण	ईटहरी	०२५-५८५५५५
३	श्री सर्वज्ञदल गण	ईटहरी	०२५-५८३५०७
४	श्री अजयदल गुल्म	ईटहरी	०२५-५८५३०३
५	श्री नं. १ युदकवच गुल्म	ईटहरी	०२५-५८९१६५
६	श्री पुर्वी पृतना ई.एम.ई. गण	ईटहरी	०२५-५८०६७७
७	श्री पुर्वी पृतना स्थपति सेवा	ईटहरी	०२५-५८७०८०
८	श्री सैनिक अस्पताल, इटहरी	ईटहरी	-

(२) नेपाल प्रहरी, सुनसरी

सि.न	कार्यलयको नाम	ठेगाना	दर्जा	सम्पर्क नम्बर
१	जिल्ला प्रहरी कार्यालय,सुनसरी	इनरुवा	प्रहरी उपरीक्षक	९८५२०८५५५५
२	ईलाका प्रहरी कार्यालय	लौकही	प्रहरी नायव निरीक्षक	९८०४७१५४०१
३	ईलाका प्रहरी कार्यालय	देवानगंज	प्रहरी नायव निरीक्षक	९८५२०९०१५५
४	ईलाका प्रहरी कार्यालय	हरिनगरा	प्रहरी नायव निरीक्षक	
५	सिमा प्रहरी चौकी	साहेवगन्ज	प्रहरी नायव निरीक्षक	९८५२८९००६१
६	अस्थायी प्रहरी पोष्ट	शिवचौक कटान	प्रहरी नायव निरीक्षक	९८४२०३९४२८
७	प्रहरी चौकी	भुटाहा	प्रहरी नायव निरीक्षक	९८६६९१००५४
८	का.सु.गार्ड	झुम्का	प्रहरी नायव निरीक्षक	९८१४९७८२३४
९	प्रहरी चौकी	घुस्कीहाट	प्रहरी नायव निरीक्षक	९८४२८७२६०२
१०	सुरक्षा वेस	बसन्तपुर	प्रहरी नायव निरीक्षक	
११	सिमा प्रहरी चौकी	भण्टाबारी	प्रहरी नायव निरीक्षक	९८५२०९०२५८
१२	प्रहरी चौकी	कोशी ब्यारेज	प्रहरी सहायक निरीक्षक	९८५२०९०५३०
१३	प्रहरी चौकी	श्रीपुरजब्दी	प्रहरी सहायक निरीक्षक	९८४२१३०९५७
१४	प्रहरी चौकी	भोक्राहा	प्रहरी सहायक निरीक्षक	९८०४३७३३०८
१५	प्रहरी चौकी	मधुवन	प्रहरी सहायक निरीक्षक	९८४२३००५००
१६	प्रहरी चौकी	नरसिंहटप्पु	प्रहरी सहायक निरीक्षक	९८१४७७२११३
१७	प्रहरी चौकी	सिशुवाधरमपुर	प्रहरी हवल्दार	सम्पर्क नम्बर

सि.न	कार्यलयको नाम	ठेगाना	दर्जा	सम्पर्क नम्बर
१८	प्रहरी चौकी	डुम्राहा	प्रहरी हवल्दार	९८१९७७२९३२
१९	प्रहरी चौकी	कप्तानगंज	प्रहरी नायव निरीक्षक	९८४२१३९४६०
२०	अस्थायी प्रहरी पोष्ट	हरिपुर	प्रहरी सहायक निरीक्षक	९८६०६०२७६६
२१	अस्थायी प्रहरी पोष्ट	गौतमपुर	प्रहरी सहायक निरीक्षक	९८०४७८२००२
२२	अस्थायी प्रहरी पोष्ट	मोतिटप्पु	प्रहरी सहायक निरीक्षक	९८४२१४००५२
२३	जिल्ला अदालत	इनरुवा, सुनसरी	प्रहरी सहायक निरीक्षक	९८४२९४२५०२
२४	अस्थायी प्रहरी पोष्ट	राजगंज सिनवारी	प्रहरी सहायक निरीक्षक	९८०१६६७४०६
२५	प्रमुख जिल्ला अधिकारी निबास,	इनरुवा, सुनसरी	प्रहरी हवल्दार	९८०५१९०६५९
२६	अस्थायी प्रहरी पोष्ट	सखुवागाछी,इनरुवा	प्रहरी हवल्दार	९८१४७४३८८१
२७	अस्थायी प्रहरी पोष्ट	बसपार्क इनरुवा	प्रहरी हवल्दार	९८०७९८२९२०
२८	अस्थायी प्रहरी पोष्ट	इनरुवा अस्पताल	प्रहरी हवल्दार	
२९	ईलाका प्रहरी कार्यालय	पकली	प्रहरी निरिक्षक	९८१०४८८३८३
३०	प्रहरी चौकी	सिंगिया	प्रहरी सहायक निरीक्षक	९८४४५५९७३८
३१	अस्थायी प्रहरी पोष्ट	झुम्का	प्रहरी सहायक निरीक्षक	
३२	अस्थायी प्रहरी पोष्ट	एकम्बा	प्रहरी सहायक निरीक्षक	९८४३२६००७३
३३	अस्थायी प्रहरी पोष्ट	पंचायन	प्रहरी सहायक निरीक्षक	
३४	ईलाका प्रहरी कार्यालय	ईटहरी	प्रहरी नायव उपरीक्षक	९८५२६९०१२२
३५	प्रहरी चौकी	तरहरा	प्रहरी नायव निरीक्षक	९८४०४९८७१४
३६	प्रहरी चौकी	खनार	प्रहरी सहायक निरीक्षक	
३७	प्रहरी चौकी	बालग्राम, इटहरी	प्रहरी सहायक निरीक्षक	९८६२३२९९७१
३८	अस्थायी प्रहरी पोष्ट	जन्तावस्ति, इटहरी	प्रहरी सहायक निरीक्षक	
३९	अस्थायी प्रहरी पोष्ट	पुष्पलाल चोक, इटहरी	प्रहरी सहायक निरीक्षक	९८५२०६३१६०
४०	अस्थायी प्रहरी पोष्ट	तालतलैया, इटहरी	प्रहरी सहायक निरीक्षक	९८४२१०६०१३
४१	CRV	इटहरी बसपार्क	प्रहरी नायव निरीक्षक	९८४२०५५९१०
४२	CRV	खनार	प्रहरी सहायक निरीक्षक	
४३	प्रहरी चौकी	पुरानो तरहरा	प्रहरी सहायक निरीक्षक	९८४४५१५६१९
४४	अस्थायी प्रहरी बिट	भोजपुरे टोल,इटहरी	प्रहरी हवल्दार	९८०४०२७९२९
४५	अस्थायी प्रहरी बिट	बुढि खोला,इटहरी	प्रहरी हवल्दार	९८४२६८२७७५
४६	अस्थायी प्रहरी बिट	हलगडा,इटहरी	प्रहरी हवल्दार	९८४२०७७३१०
४७	अस्थायी प्रहरी बिट	हवाई चोक,इटहरी	प्रहरी हवल्दार	९८५२८९०४०४
४८	अस्थायी प्रहरी बिट	शान्तिझोडा, इटहरी	प्रहरी सहायक निरीक्षक	
४९	अस्थायी प्रहरी बिट	भवानिपुर,इटहरी	प्रहरी हवल्दार	
५०	अस्थायी प्रहरी बिट	गैसार,इटहरी	प्रहरी हवल्दार	९८४४६३०२३४
५१	ईलाका प्रहरी कार्यालय	दुहवी	प्रहरी निरिक्षक	९८५२०९००८६

सि.न	कार्यलयको नाम	ठेगाना	दर्जा	सम्पर्क नम्बर
५२	ईलाका प्रहरी कार्यालय	छिटाहा	प्रहरी नायव निरीक्षक	
५३	ईलाका प्रहरी कार्यालय	चिमडी	प्रहरी नायव निरीक्षक	९८४२०४१८७९
५४	ईलाका प्रहरी कार्यालय	सितागंज	प्रहरी नायव निरीक्षक	९८६९५५४२३७
५५	प्रहरी चौकी	औरावनी	प्रहरी सहायक निरीक्षक	९८१५०२४१२५
५६	प्रहरी चौकी	अमडुवा	प्रहरी नायव निरीक्षक	९८४३२३८७१६
५७	प्रहरी चौकी	रामगंजबेलगछिया	प्रहरी सहायक निरीक्षक	९८६४११२७६९
५८	अस्थायी प्रहरी पोष्ट	चाँदवेला	प्रहरी सहायक निरीक्षक	९८५२०९०३५५
५९	CRV Post	सोनापुर	प्रहरी सहायक निरीक्षक	
६०	CRV Post	दुहवी	प्रहरी सहायक निरीक्षक	
६१	ईलाका प्रहरी कार्यालय	महेन्द्रनगर	प्रहरी निरीक्षक	
६२	ईलाका प्रहरी कार्यालय	चतरा	प्रहरी नायव निरीक्षक	९८५२०५५३४९
६३	प्रहरी चौकी	भरौल	प्रहरी सहायक निरीक्षक	९८४२८१९९३२
६४	प्रहरी चौकी	प्रकाशपुर	प्रहरी सहायक निरीक्षक	९८१९९२२७८३
६५	प्रहरी चौकी	बराहक्षेत्र	प्रहरी सहायक निरीक्षक	
६६	अस्थायी प्रहरी पोष्ट	बाङ्गे	प्रहरी नायव निरीक्षक	९७४१४३३८८५
६७	अस्थायी प्रहरी पोष्ट	चतरा आश्रम	प्रहरी जवान	
६८	ईलाका प्रहरी कार्यालय	धरान	प्रहरी नायव उपरिक्षक	९८६२९९५९११
६९	वप्रका	धरान	प्रहरी सहायक निरीक्षक	९८४२१६६५५१
७०	प्रहरी चौकी	पानमारी	प्रहरी सहायक निरीक्षक	९८५२८९०८५५
७१	अस्थायी प्रहरी पोष्ट	नयाबसपार्क,धरान	प्रहरी सहायक निरीक्षक	९८४०७५१७५०
७२	अस्थायी प्रहरी पोष्ट	बिजयपुर, धरान	प्रहरी सहायक निरीक्षक	९८५२६९००९०
७३	अस्थायी प्रहरी पोष्ट	अमरहाट, धरान	प्रहरी सहायक निरीक्षक	९८४५०५६९५२
७४	अस्थायी प्रहरी पोष्ट	बिष्णुपादुका, धरान	प्रहरी सहायक निरीक्षक	९८१६९३९५०१
७५	अस्थायी प्रहरी पोष्ट	देउराली, धरान	प्रहरी सहायक निरीक्षक	
७६	अस्थायी प्रहरी पोष्ट	रेल्वे, धरान	प्रहरी सहायक निरीक्षक	९७४२०३०३८९
७७	अस्थायी प्रहरी पोष्ट	पत्रङबारी, धरान	प्रहरी सहायक निरीक्षक	९८५२०९०३८५
७८	अस्थायी प्रहरी पोष्ट	तिनकुने, धरान	प्रहरी सहायक निरीक्षक	
७९	अस्थायी प्रहरी पोष्ट	बरगाछि, धरान	प्रहरी हवल्दार	९८४२०४१२५२
८०	अस्थायी प्रहरी पोष्ट	घोपा, धरान	प्रहरी नायव निरीक्षक	
८१	अस्थायी प्रहरी पोष्ट	श्यामचौक, धरान	प्रहरी हवल्दार	९८५२८९०२१६

(३) शसस्त्र प्रहरी बल

सिनं	युनिट	कमाण्डर	सम्पर्क नं	जनशक्ति जना	सदरमुकाम देखि दुरी	कार्यालय रहेको स्थान
१	सप्रबल नेपाल नं.१ बराह बाहिनी सुनसरी	सप्रनामनि	९८५१२७२०२९ ०२५४२१०५३	३३९	१३	इटहरी १७
२	सशस्त्र प्रहरी बल नेपाल नं.४ गण हेसुनसरी.क्वा.	सप्रउ	९८५१२७२१०३ ०२५५६६७००	२५१	३	इटहरी १७
३	सप्रबल नेपाल नं. ३७ रिजर्भ गण पकली	सप्रउ	९८५१२७२२८६	२१०	१३	इनरूवा ४
४	प्रस्तावित सीमा सुरक्षा गुल्म हरिपुर	सप्रनाउ	९८५१२७२३०४	३१	२३	कोशी ८
५	प्रस्तावत सीमा सुरक्षा गुल्म कसानगंज	सप्रनाउ	९८५१२७२९६३	३०	३०	देवानगंज ४
६	विओपि अमडुवा	सप्रनि	९८५१२७२५४४	२६	४२	बर्जु ३
७	विओपि हर्बोनी	सप्रनानि	९८५१२७१२४४	२०	३९	बर्जु ४
८	विओपि साहेबगंज	सप्रनि	९८५१२७२३०५	२७	३७	देवानगंज ५
९	विओपि घुस्की	सप्रनि	९८५१२७३०८	२५	३०	हरिनगरा ७
१०	विओपि बसन्तपुर	सप्रनि	९८५१२७१२४१	२६	१८	हरिनगर ५
११	विओपि उल्टी	सप्रनानि	९८५१२७१२३९	२१	१७	भोक्राहानरसिंह ८
१२	विओपि लौकही	सप्रनि	९८५१२७२३०६	२९	८	कोशी १
१३	विओपि श्रीपुर	सप्रनि	९८५१२७२३६३	२६	१२	कोशि ३
१४	विओपि लाही	सप्रनानि	९८५१२७२५४३	२१	२०	कोशी ६
१५	सुरक्षा बेश धरान	सप्रनि	९८५१२७२०३६	३५	४०	धरान १३
१६	सुरक्षा बेश ईटहरी	सप्रनि	९८५१२७१२५०	२८	१७	ईटहरी
१७	सुरक्षा बेश दुहबी	सप्रनि	९८५१२७१२४८	२३	२४	दुहबी
१८	सुरक्षा बेश चतरा	सप्रनि	९८५१२७१२५३	२३	३२	बराहक्षेत्र १
१९	सुरक्षा बेश भुटाहा	सप्रनि	९८५१२७१२३८	२०	१२	हरिनगर १

१.११ हुलाक तथा केवल टेलिभिजन सेवा :

(क) जिल्ला हुलाक कार्यालय (फोन नं ०२५-५२०१००) : ०१
(ख) अतिरिक्त हुलाक कार्यालय : ३८
(ग) इलाका हुलाक कार्यालय : १६
(घ) केबल टेलिभिजन सख्या : ८

१.१२ सुनसरी जिल्लाका प्रमुख बजार केन्द्रहरु :

सुनसरी जिल्लाको प्रमुख व्यापारिक महत्वका स्थानहरुमा धरान, इटहरी, तरहरा, इनरुवा, दुहबी, खनार, भुम्का,इनरुवा,चकरघट्टी महेन्द्रनगर, प्रकाशपुर, बराहक्षेत्र, भरौल, हरिनगर, भुटाहा र लौकही आदि स्थान रहेका छन।

१.१३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि

विपद व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कामहरु मध्ये पूर्वतयारी विपद् आउनु पूर्व तथा प्रतिकार्य विपद् भए पश्चात तत्कालै कार्यन्वयन हुन्छ । विपद् जोखिम व्यवस्थापनका विभिन्न चरणमा गरिने कामहरू मध्ये विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निमार्ण एक महत्वपूर्ण कार्य हो । यस योजनाले विपद् हुनु भन्दा पहिले र विपद्को तत्कालीन प्रभाव समाप्त नभएसम्म क्षति कम गर्नलाई कार्य गर्ने भएकोले यो एक महत्वपूर्ण दस्तावेजको रुपमा रहन्छ । यस योजनाले विपद् पूर्वतयारीका कार्यहरु, विपद् परिरहेको समयमा र विपद्बाट उत्पन्न असहज अवस्थामा खोज तथा उद्धार र आधारभूत मानवीय सेवा उपलब्ध गराउने कार्यलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्न एक प्रकारको खाका तयार गर्दछ । विपद् र त्यसबाट उत्पन्न असहज अवस्थामा खोज तथा उद्धारका कार्य गरी मानव जीवनको रक्षा गर्नु, प्रभावितहरुलाई अति आधारभूत सामाग्रीहरु तत्काल उपलब्ध गराउनु, प्रभावितहरुको आवासको व्यवस्था मिलाउनु, महिला, वालवालिका, सुत्केरी, अपा□ता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको सुरक्षाको व्यवस्था मिलाउनु, विपदको समयमा हुन सक्ने मानव बेचबिखन तथा दुर्व्यबहारलाई रोक्नु, सर्वसाधारणको धन सम्पतिको सुरक्षाको व्यवस्था मिलाउनु, यस योजनाको प्रमुख लक्ष्य हो ।

विपद व्यवस्थापन र उद्धार कार्यलाई अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारका रुपमा अघि बढाउन १८ देखि २२ जनवरी २००५ मा जापानको ह्योगो शहरमा प्राकृतिक विपद् न्यूनीकरण सम्बन्धी दोश्रो विश्व सम्मेलन भएको थियो । यस विश्व सम्मेलनलाई ह्योगो सम्मेलन र सो सम्मेलनद्वारा जारी गरिएको घोषणा पत्रलाई ह्योगो घोषणापत्र (Hyogo Declaration) तथा कार्य योजनालाई ह्योगो कार्य योजनाको (Hyogo Framework for Action Plan) नामले चिनिन्छ । त्यस अवसरमा नेपालले विपद् न्यूनीकरण एवं समन्वय परिषदको गठन, विपद् सम्बन्धी राष्ट्रिय रणनीति तयार गरी त्यसको अध्यावधिक गर्ने, विकसित मुलुकका उच्च प्रबिधि र अनुभवहरुलाई अनुशरण गर्ने, दिगो विकास र सुरक्षित भविष्य निर्माणका लागि शिक्षा भन्ने नारालाई साकार पार्न शैक्षिक पाठ्यक्रममा सुधार गर्ने र विपद् न्यूनीकरणका लागि विश्वकोषको स्थापना गर्ने जस्तो कुराहरुमा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ । नेपालले तय गरेको अवधारणाहरु सन् २००५ मा १६८ राष्ट्रहरुले तयार गरेको Hyogo Framework तथा सन् २०१५ मार्च १८ मा जापानको Sendai मा सम्पन्न संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलनले तय गरेको The Sendai Framework for Disaster Risk Reduction 2015-2030 बाट निर्दिष्ट छन् । विपद्को सवाल भनेको राहत र उद्धारसंग मात्र सीमित छैन । आधारभूत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गास, बास, कपास, शान्ति सुरक्षा एवं सामाजिक, आर्थिक, सांस्कृतिक लगायतका हरेक बिषयहरुसंग यसको प्रत्यक्ष सम्बन्ध छ । यस्तै संवेदनशील सवालहरुलाई हृदय मनन गरी विपद् व्यवस्थापनका गतिबिधिहरुलाई विकासका हरेक पक्षसंग समाहित गर्दै दिगो विकासको अवधारणाभित्र एकीकृत गरिनुपर्ने आजको आवश्यकता रहेको छ । यसका लागि आवश्यक पर्ने अल्पकालीन एवं दीर्घकालीन योजनाका साथ विपद् व्यवस्थापनका गतिबिधिहरुलाई बिभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र सरोकारवाला निकायहरुबीचको साझेदारी, समन्वय र सहकार्यमा प्रतिबद्धता र ऐक्यबद्धताका साथ योजना तर्जुमादेखि कार्यान्वयनसम्म कार्य गर्नुपर्ने आजको सान्दर्भिकता हो ।

यिनै कुराहरुलाई मनन गरी प्रकोप तथा संकटासन्नता, विपद् प्रभावित गाउपालिका तथा नगरपालिकाहरु, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको सहभागिता सुनिश्चित गर्दै जिल्लास्तरमा विपद्पूर्वतयारी तथा प्रतिकार्य योजनालाई बलियो बनाउने र विपद् जोखिम व्यवस्थापनलाई स्थानीय तहसम्म

प्रभावकारी बनाउने प्रयास स्वरुप कम्तीमा जिल्ला तहमा निर्माण गरिएको जिल्ला विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना २०७९ लाई अद्यावधिक गरी २०८० प्रकाशन गर्नुको प्रमुख लक्ष्य हो । यस जिल्लामा बिपद् पुर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक प्रकृयालाई समन्वय गर्नको लागि जिल्ला अगुवा सहयोगी संस्था (District Lead Support Agency-DLSA) नेपाल रेडक्रस सोसाइटी सुनसरी जिल्ला शाखाले भूमिका निर्वाह गरिरहेको छ ।

विपद्का विगतका अनुभवका आधारमा मानवीय सहयोगलाई व्यवस्थित बनाउन आपत्कालीन अवस्थामा योजना महत्वपूर्ण देखिएकोले यस जिल्लाको बिपद् पुर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक प्रकृयालाई समन्वय/सम्पन्न गर्नको लागि जिल्ला अगुवा सहयोगी संस्था (District Lead Support Agency-DLSA) को रुपमा नेपाल रेडक्रस सोसाइटी सुनसरी जिल्ला शाखालाई भुमिका प्रदान गरि जिल्ला विपद् व्यवस्थापन समिति, सुनसरीले यो योजना तर्जुमा गरेको हो । यसै क्रममा जिल्लास्थित सवै सरोकारवालाहरुको उपस्थितिमा मिति २०७९ चैत्र २९ गते जिल्ला विपद व्यवस्थापन समितिको बैठक आयोजना गरेर आवश्यक परिमार्जनसहित यो योजना अद्यावधिक गर्ने निर्णय गरिएको छ ।

परिच्छेद :२
विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य, आवश्यकता योजना तर्जुमा प्रकृया

२.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

विपद्बाट उत्पन्न हुन सक्ने भौतिक तथा मानवीय क्षतिहरूलाई न्यूनीकरण एवं व्यवस्थापन गर्न त्यसको सामना गर्न र विपद्को समयमा मानिसमाथि पर्ने प्रतिकुल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय तथा जिल्लाको प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने र प्रभावितहरूका आधारभूत आवश्यकतालाई समयमा नै प्रभावकारी एवं समन्वयात्मक रुपमा पूरा गराउने कार्यको सुनिश्चितता गर्नु, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको समष्टिगत उद्देश्य रहेको छ ।

यस योजनाका अन्य उद्देश्यहरु निम्नाअनुसार छन् :

(१) भविष्यमा हुन सक्ने विपद्लाई ध्यानमा राखी धनजनको क्षति कम गर्न समुदायमा पूर्वतयारी कार्यहरु गर्नु,

(२) विपद्मा परेका व्यक्ति,परिवार र समुदायलाई तत्काल खोज तथा उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउनु,

(३) विपद्बाट प्रभावित समुदायलाई सुरक्षित स्थानमा सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग जस्तै खाधान्न, आवास, शिक्षा, स्वास्थ्य,सुरक्षाजस्ता सेवाहरु उपलब्ध गराउनु,

(४) उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधन-स्रोतको खोजी गरी नेपाल सरकार र जिल्ला विपद् व्यवस्थापन समितिबाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा सङ्घसंस्थाहरुसँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु ।

(५) संकटासन्न समुह महिला, वालवालिका, अपांग र जेष्ठ नागरिकलाई विशेष प्राथमिकता दिएर सहयोगका कार्यहरु गर्नु र उनीहरुको संरक्षण गर्नु

(६) आवश्यकता अनुसार विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्दै विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात् गर्नु पर्ने कार्यलाई प्राथमिकीकरण गर्न ।

२.२ योजनाको आवश्यकता तथा महत्व

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरु मध्ये पूर्वतयारी विपद् आउनुभन्दा अगाडी र प्रतिकार्य योजना विपद् परेलगत्तै स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । विपद्को यो समय ज्यादै संवेदनशील भएकोले यस समयमा गरिने मानवीय सहयोग महत्वपूर्ण रहने हुनाले योजनाको ठूलो महत्व रहन्छ । साथै यस योजनामा विभिन्न क्षेत्र (क्लष्टर) हरुले आ-आफनो विशेषज्ञता र दक्षताअनुसार सेवा प्रदान गर्दछन् । निम्न बुंदाहरुले यस योजनाको महत्वलाई स्पष्ट पार्दछ ।

- योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ ।
- विपद्को जोखिम कम गर्न विपद् पूर्व पूर्वतयारीका कार्य गर्न सरोकारवाला र समुदायलाई हातेमालो गर्ने प्रेरणा दिन्छ ।
- विपद् प्रभावितलाई आफ्नो अधिकार बारेमा सचेत गराउँदछ भने सेवा प्रदायकलाई आफनो उत्तरदायित्वको वारे बोध गराउछ ।
- उद्धार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभुति गर्दछ ।
- आपत्कालीन समयमा सुचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्दछ ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धि गर्न सहयोग गर्छ ।
- स्रोतको सही सदुपयोग गर्ने मार्गदर्शन दिन्छ ।

- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवा प्रदायकमा जवाफदेहीता र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

२.३ विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया र सहभागिता

वि.सं. २०६६ सालमा गृह मन्त्रालयले सबै जिल्ला तथा क्षेत्रीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्यको गुणस्तर वृद्धि, सुदृढीकरण र विपद् पूर्व तयारी र प्रतिकार्यलाई संस्थागत गर्न बाढीको लागि पूर्वतयारी योजना मार्गदर्शन तयार गरेको थियो । त्यसको परीक्षणका आधारमा सबै खालका प्रकोपहरू लक्षित गदै विपद् पूर्वतयारी र प्रतिकार्यको योजना समेत समावेश गरी "विपद्पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७" तयार गरी आवश्यक कार्यान्वयनका लागि सबै मन्त्रालय, विभाग, क्षेत्र तथा जिल्लाहरूमा प्रवाह गऱ्यो ।सोही मार्गदर्शनका आधारमा सुनसरी जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी वषैपिच्छे अद्यावधिक गरिदै आइएको छ । हाल संघीय संरचना अनुरुप विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न नीति, ऐन तथा रणनीतिक कार्ययोजनाहरू तयार भएका सन्दर्भमा प्रदेश, जिल्ला, स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनलाई व्यवस्थित गर्न साथै योजनाहरूमा एकरुपता र गुणस्तर कायम गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन, २०७५) को दफा ८ बमोजिम "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७" लाई नेपाल सरकार, गृह मन्त्रालयले सम्बन्धित सरोकारवाला निकायहरूको राय सुझाव समेत लिई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन पहिलो शंसोधन २०७६ तयार गरि सबै सरकारी निकायहरू, रेडक्रस, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र संयुक्त राष्ट्रसंघीय निकायहरूलाई स्पष्ट जिम्मेवारी दिएको छ । यसकै आधारमा सुनसरी जिल्लामा विपद्पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गरिएको छ

वि.सं २०६६ सालमा सुनसरीमा युनिसेफ नेपाल लगायतका सहयोगी निकाय र संस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा सरोकारवालाहरूको सहभागितात्मक कार्यशाला बाट योजना तर्जुमा सुरु भएको हो । हाल सम्म विपद पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि निम्न प्रक्रियाहरु अपनाइएको छ :

- योजना तर्जुमा प्रक्रियामा जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्व रहनेछ ।
- संघिय संरचना अनुसार प्रदेश र स्थानीय तहहरुको पूर्ण सहभागिता रहनेछ ।
- विपदसँग सरोकार राख्ने मानवीय सहयोग गर्ने दातृ निकाय तथा संस्थाहरूको पूर्ण सहभागिता रहनेछ।
- जिल्ला स्थित सुरक्षा निकाय (नेपाल प्रहरी, शसस्त्र प्रहरी बल र नेपाली सेना)का प्रमुख तथा प्रतिनिधिहरूको सक्रिय सहभागीता रहनेछ ।
- राजनीतिक दल,उद्योगी, व्यापारी र नागरिक समाजका प्रतिनिधि, मानव अधिकार कर्मी तथा प्रभावित क्षेत्रका प्रतिनिधिहरूको प्रत्यक्ष सहभागिता रहेको छ ।
- जिल्लास्थित सरकारी निकायका प्रतिनिधि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था तथा नागरिक समाजको सक्रिय सहभागिता रहेको छ ।
- वि.सं २०६७ मा डिपिनेट नेपालको आर्थिक तथा प्राविधिक सेवा उपलब्ध,
- वि.सं २०६८ मा जिल्ला अगुवा सहयोगी संस्थाका रुपमा प्लान नेपाल सुनसरी कार्यक्रम इकाई तथा हुडेप नेपालको आर्थिक तथा प्राविधिक सेवा उपलब्ध भई योजना निर्माण/ अद्यावधिक गरिएको ।
- वि.सं २०६९ मा जिल्ला अगुवा सहयोगी संस्थाका रुपमा प्लान नेपाल सुनसरी कार्यक्रम इकाई तथा हुडेप नेपालको आर्थिक तथा प्राविधिक सेवा उपलब्ध योजना निर्माण/ अद्यावधिक गरिएको ।

- वि.सं २०७१ श्रावणमा जिल्ला अगुवा सहयोगी संस्थाका रुपमा प्लान नेपाल सुनसरी कार्यक्रम इकाई, फरवार्ड नेपाल र नेपाल रेडक्रस सोसाइटी, सुनसरी शाखाको आर्थिक तथा प्राविधिक सेवा उपलब्ध योजना निर्माण/ अद्यावधिक गरिएको ।
- वि.सं २०७५ मा जिल्ला अगुवा सहयोगी संस्थाका रुपमा नेपाल रेडक्रस सोसाइटी,सुनसरी शाखाको आर्थिक तथा प्राविधिक सेवा उपलब्ध भई योजना निर्माण/ अद्यावधिक गरिएको ।
- वि.सं २०७६ मा जिल्ला अगुवा सहयोगी संस्थाका रुपमा नेपाल रेडक्रस सोसाइटी,सुनसरी शाखाको आर्थिक तथा प्राविधिक सेवा उपलब्ध भई योजना निर्माण/ अद्यावधिक गरिएको ।
- वि.सं २०७७ मा जिल्ला अगुवा सहयोगी संस्थाका रुपमा नेपाल रेडक्रस सोसाइटी,सुनसरी शाखाको आर्थिक तथा प्राविधिक सेवा उपलब्ध भई योजना निर्माण/ अद्यावधिक गरिएको ।
- वि.सं २०७९ मा जिल्ला अगुवा सहयोगी संस्थाका रुपमा नेपाल रेडक्रस सोसाइटी,सुनसरी शाखाको आर्थिक तथा प्राविधिक सेवा उपलब्ध भई योजना निर्माण/ अद्यावधिक गरिएको ।
- वि.सं २०८० मा जिल्ला अगुवा सहयोगी संस्थाका रुपमा नेपाल रेडक्रस सोसाइटी,सुनसरी शाखाको आर्थिक तथा प्राविधिक सेवा उपलब्ध भई योजना निर्माण/ अद्यावधिक गरिएको ।

२.४ विभिन्न वैठकको निर्णयहरु

सुनसरी जिल्लाको आकस्मिक योजना, २०६६ निर्माण भइ वि.सं २०६७ सालमा पहिलो पटक पुनरावलोकन गरिएको थियो भने वि.सं २०६८ सालमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन,२०६७ अनुसार पुनरावलोकन गरी नयाँ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न केन्द्रिय विपद् व्यवस्थापन समितिको निर्देशनमा जिल्ला विपद् व्यवस्थापन समिति,सुनसरीको बैठकले जिल्लामा नेपाल रेडक्रस सोसाइटी सुनसरी जिल्ला शाखालाई जिल्ला अगुवा सहयोगी संस्थाको रुपमा छनौट गरेको थियो ।

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०६६ लाई अद्यावधिक गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समिति,सुनसरीको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी,सुनसरी जिल्ला शाखाको संयोजनमा मिति २०७९ चैत्र २९ गते सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री होमकला पाण्डेज्यूको अध्यक्षतामा जिल्ला प्रशासन कार्यलय सभाहलमा पहिलो कार्यशाला गोष्ठि समपन्न भएको थियो । र सो गोष्ठिले नेपाल रेडक्रस सोसाइटी,सुनसरी जिल्ला शाखालाई (District Lead Support Agency/DLSA) को रुपमा जिम्मेवारिता प्राप्त भएपछि सवै स्थानिय तहहरु सगं सम्पर्क समन्वय ,कार्यशाला गोष्ठिको आयोजना एंव प्रत्यक्ष भेटघाट गरि प्राप्त प्रतिवेदनलाई समेटी सुनसरी रेडक्रसले जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८०, लाई अद्यावधिक गरि मिति २०८० असार १८ गतेका दिन सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समिति, सुनसरीका अध्यक्ष श्री हुमकला पाण्डेवज्यूको अध्यक्षतामा एंव जिल्लाको स्थानिय तहहरु तथा प्रदेश स्तर माननीयहरु, क्षेत्रगत निकायका प्रमुखहरु तथा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सहभागितामा कार्य योजनाको अनुमोदन भएको छ ।

२.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका परिणामहरू

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६९ को पहिलो संशोधन २०७६ को प्रमुख उद्देश्यअनुसार सुनसरी जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि यस जिल्लामा रहेका विभिन्न सरोकारवालाहरुको वीचमा छलफल तथा भेलाको आयोजना गरी विगतका वर्षहरुमा तयारी तथा पुनरावलोकन गरिएको आपतकालिन योजनालाई विस्तृत रुपमा परिमार्जन गरी तयार गरिएको यस योजनाबाट निम्न चरणमा निम्नानुसार प्रतिफल वा नतिजा अपेक्षा गरिएको छ । अर्थात योजना निर्माण प्रकृयाको दौरानमा सरोकारवाला निकायहरुले निम्न वमोजिमको उपलब्धि हासिल गर्नेछन् ।

- जिल्लाको समग्र वस्तु स्थिति विवरण,
- विपदबाट प्रभावित हुन सक्ने क्षेत्र एवं समुदायको संख्या र अवस्थिति,
- उपलब्ध क्षमता (विपद्सँग जुध्ने र प्रतिकार्यमा उपलब्ध हुन सक्ने),
- विपद् जोखिम विश्लेषण,
- पूर्व चेतावनी प्रणाली,
- खोज तथा उद्धार व्यवस्थापन,
- आश्रय घर (सेल्टर) वा क्याम्प व्यवस्थापन प्रणाली सम्बन्धी जानकारी,
- राहत व्यवस्थापन तथा वितरण निकायहरु सम्बन्धी जानकारी,
- खाद्य सामग्री र गैर खाद्य सामग्रीको भण्डार अवस्था,
- प्रतिकार्यमा संलग्न साझेदारहरुको भूमिका र जिम्मेवारीको निर्धारण,
- हरेक निकायमा विपद् सम्पर्क व्यक्तिको पहिचान र विपद्को समयमा नियमित सञ्चार सम्पर्कको व्यवस्था,
- मानवीय सहायताकर्मीले गर्ने सहयोग (के, कसले, कहिले, कहाँ, कसरी उपलब्ध गराउने हो सोको पहिचान) उपलब्ध गराइएको हुनेछ ।
- सरोकारवाला सरकारी तथा गैर सरकारी संघ/संस्थाको विपद् व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि हुने ।
- सुनसरी जिल्लाको प्रकोपको पहिचान र त्यसमध्ये सवभन्दा बढी प्रभाव पार्ने प्रकोपको पहिचान भएको हुनेछ ।
- विस्थापितहरुलाई राख्नको लागि आश्रय स्थलहरुको पहिचान भै विपद्को समयमा प्रभावकारी रुपमा काम भएको हुनेछ ।

परिच्छेद : ३
विपद् जोखिमको अवस्था

३. सङ्कटासन्नता जोखिम तथा विपद् :

३.१ सङ्कटासन्नता : सङ्कटासन्नता सङ्कटबाट प्रभावित समुदायको निर्भरता बढाउने भौतिक, सामाजिक, सांस्कृतिक, राजनीतिक तथा पर्यावरणीय कारकहरूबाट हुने अवस्था तथा प्रक्रियाको समूह हो ।

सङ्कट – सङ्कट भनेको त्यो सम्भाव्य विनाशकारी भौतिक घटना या मानवीय कृयाकलाप हो जसले ज्यान गुमाउनु पर्ने अथवा चोट पटक लाग्न सक्ने, धनको नाश हुने, सामाजिक तथा आर्थिक असन्तुलन पैदा हुने तथा वातावरणीय विकृति हुने जस्ता स्थितिको सिर्जना गर्दछ ।

३.२ जोखिम : सङ्कटका फरकफरक मात्राका जोखिम हुन सक्दछन् । सङ्कटबाट धन र जनको हुन सक्ने क्षतिलाई नै जोखिम भनिन्छ । त्यसकारण यो प्राकृतिक तथा मानव सिर्जित सङ्कट तथा सङ्कटोन्मुख अवस्थाबाट हुन सक्ने निधन,चोट–पटक, सम्पत्ति, जीवनयापन,आर्थिक कृयाकलाप प्रभावित या पर्यावरण विनाश हुने जस्ता हानिकारक परिमाण या अपेक्षित क्षतिको सम्भावना हो । जोखिमलाई यसप्रकारको समीकरणको रूपमा पनि व्यक्त गरिन्छ ।

$$\text{जोखिम} = \frac{\text{सङ्कट X संकटासन्नता}}{\text{क्षमता}}$$

३.३ विपद्

विपद् भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सृजना भई जन वा धनको क्षतीको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने, स्थानीय समुदाय असहाय हुने र बाहिरको सहयोगको आवश्यकता पर्ने परिस्थिति सिर्जना गर्ने खालको सङ्कटलाई प्राकृतिक वा गैह्रप्राकृतिक विपद् सम्झनु पर्छ । त्यसकारण विपद् भनेको आफनै श्रोतहरूको प्रयोग गरेर टिक्ने प्रभावित समुदाय या समाजको क्षमताभन्दा बढी हुने गरी मानवीय,सामाग्रीजन्य, आर्थिक तथा पर्यावरणीय क्षति व्यापक रूपमा भई कुनै पनि समुदाय या समाजको क्रियाशीलतामा परेको गम्भिर असर हो । विपद्लाई साधारणतया प्राकृतिक तथा मानव सिर्जित रूपमा विभाजन गरे पनि यी घटनाका हाल सालैका अनुभवले प्राकृतिक विपद् पनि पर्यावरण तथा प्राकृतिक विपदसित मानव अन्तरक्रियाबाट भएको देखाएका छन र यसरी ती विशुद्ध प्राकृतिक होइनन् । प्राकृतिक विपद् भन्नाले साधारणतया प्राकृतिक घटनाले सिर्जित अवस्थालाई जनाउँछ ।

विपद्को समयमा मानिसहरुले धेरै कठिनाइहरुको सामना गर्नुपर्दछ । समुदायको व्यवहारिक जीवन सञ्चालनमा अवरोध पु-याउँदै ठूलो मात्रमा जन, धन र वातावरणको क्षति गर्दछ र समुदायको सामना गर्ने शक्तिलाई पनि कमजोर पार्दछ । तसर्थ, यस्तो समयमा मानिसहरुलाई सुरक्षा, खाना, लत्ता कपडा, आवास, औषधिजस्ता आधारभुत आवश्यकताहरु उपलब्ध गराउनु पर्ने हुन्छ ।

३.४ विपद् व्यवस्थापन चक्र

व्यवस्थापनको अर्थ हुन्छ कुनैपनि कार्यले लिएको लक्ष्य हासिल गरिने प्रभावकारी व्यवस्था । विपद् व्यवस्थापन भन्नु अति नै गाह्रो कार्य हो । भनिन्छ, "Disaster Management is practical Science" विपद् व्यवस्थापन एक व्यवहारिक विज्ञान हो । जवसम्म विपद् व्यवस्थापनको लागि मानिसहरु एक आपसमा जुट्दैनन्, आफ्नै बल र वुद्धिले विपद् व्यवस्थापनको लागि कार्य गर्दैनन्, तबसम्म सिद्धान्त र भाषणले मात्र प्राकृतिक प्रकोप व्यवस्थापन गर्न संभव छैन । विपद् व्यवस्थापन भन्नाले विपद् पर्नै नदिन वा विपद्बाट हुने संभाव्य जन धनको क्षतीलाई कम गर्न विपद् व्यवस्थापन चक्रमा उल्लिखित तत्वहरुको समुचित व्यवस्थापन गर्न एक Response Manager ले विभिन्न निकायहरुसंग विपद् पूर्व, परिरहंदा र परिसकेपछि पूर्वतयारी, उद्धार तथा राहतको लागि गरिने संचार, समन्वय, उत्प्रेरणा र नेतृत्वको साथसाथै त्यसको व्यवहारिक प्रयास भन्ने वुझिन्छ ।

विपद्बाट उत्पन्न हुने विपत्तिपूर्ण परिस्थितिको मुकाविला गर्नको लागि मुख्यतया तीन प्रकारका उपायहरु अपनाउन सकिन्छ, जसलाई विपद् व्यववस्थापन चक्रका तत्वहरु भनिन्छ । जून तत्वहरुमा : खोज/उद्धार तथा राहत, पुनःर्स्थापना तथा पुननिर्माण पर्दछ ।



विपद् व्यवस्थापन चक्रका तत्वहरुलाई दुई चरणमा वाडिन्छ :

(क) विपद् पूर्वको तत्वहरु : रोकथाम, न्यूनीकरण र पूर्वतयारी ।

(ख) विपद्पछिको तत्वहरु : खोज, उद्धार तथा राहत, पुर्नस्थापना र पुर्ननिर्माण ।

खोज तथा उद्धार कार्य भनेको एउटा यस्तो प्रकृया हो, जसबाट विपद् पीडितहरु कहाँ कस्तो अप्ठेरो अवस्थामा छन् पत्ता लगाउने र प्राथमिक उपचार तथा आवश्यकता अनुसार आधारभूत चिकित्सा सहयोगवाट जीवन रक्षा गर्ने कार्य गरिन्छ । खोजी गरेर पत्ता लगाइएका विपद् पीडितहरुलाई प्राण रक्षाकोलागि घट्नास्थलबाट सुरक्षित साथ ल्याइने कार्यलाई उद्धार भनिन्छ । यस कार्यमा पीडितलाई प्राथमिक उपचार तथा Advance Medical Care को पनि आवश्यकता पर्न सक्दछ ।

(क) बिपद् पूर्व तयारी

विपद् सम्बन्धमा पूर्वानुमान, रोकथाम र असर न्यूनीकरणका साथै विपद् परिरहंदा र परिसकेपछि यसबाट उत्पन्न परिस्थितिको सामना गर्नका लागि पहिले नै तयार भएर वस्नु भन्ने वुझिन्छ । संक्षेपमा, विपद् परिरहेको समयमा र परिसकेपछि तत्काल प्रभावित मानिसहरुको जीवन रक्षाका लागि आवश्यक पर्ने उद्धार तथा राहत कार्यको लागि पहिले नै पूर्ण तयार भएर वस्नु हो

(ख) पुनर्स्थापना र पुनर्निर्माण :

विपद्बाट अस्त व्यस्त जनजीवनलाई पहिलेको स्थितिभन्दा एक कदम अगाडि बढाई भविष्यमा पर्न सक्ने सम्भावित विपद्बाट बच्न सुरक्षित रहन र चेतना बढाउन गरिने कार्यक्रमलाई पुनर्स्थापन तथा पुनर्निर्माण भनिन्छ

पुनर्स्थापना : खतरा ठाँउबाट सुरक्षित ठाँउमा सार्ने वा वसोवास गराउने ।

पुनर्निर्माण : पहिलाकै ठाँउ वा अन्य सुरक्षित ठाँउमा निर्माण कार्य गरी वसाल्ने कार्य ।

(ग) रोकथाम र न्यूनीकरण

रोकथाम : शब्द कोषले रोकथामलाई "कुनै काम कारोवारलाई रोक्न वा अड्याउने काम वा प्रत्यत्न" भनी परिभाषित गरेको छ । त्यसैले विपद् रोकथामको अर्थ हुन्छ विपद्लाई रोक्न वा अड्याउन गरिने सबै खालका प्रयासहरू । यथार्थमा, प्रकोपको रोकथाम गर्न सकिदैन बरु ज्ञान विज्ञानका अनेकौं प्रयासहरुबाट विपद्को असरलाई न्यूनीकरण गर्न सकिन्छ ।

न्यूनीकरण : कुनै राष्ट्र वा समुदायमा प्राकृतिक वा मानवजन्य विपद्को असर कम गर्न अपनाइने सबै प्रकारका उपायहरुलाई नै न्यूनीकरण भनिन्छ । त्यसैले, *मानवजन्य विपद्लाई रोकथाम गरौं : प्राकृतिक विपद्लाई न्यूनीकरण गरौं ।*

३.५ नेपाल विपद् प्रतिको सङ्कटान्मुखता

नेपालको विपद प्रतिको सङ्कटन्मुखता तिव्र जनसंख्याको वृद्धि तथा अनियोजित तथा जथाभावी बढ्दो वसोवासले गर्दा बढिरहेको देखिन्छ । नेपालमा बारम्बार विपद् भइ रहनाको कारणलाई केलाउदा भौगोलिक, भौगर्भिक, मौसमजन्य तथा नेपालीहरुको विपद् प्रतिको दृष्टिकोण वा त्यस सम्बन्धी जनचासोको अभाव नै प्रमुख रुपमा अगाडी आउँछ ।

नेपालमा साधारणतया घट्ने प्राकृतिक विपद्मा पहिरो, बाढी, भूकम्प, हिमपहिरो, असिना, चट्याङ, शीतलहर, उष्ण लहर तथा रोगब्याधी पर्दछन । प्राकृतिक विपद्ले गर्दा कूल गार्हस्थ उत्पादनको उल्लेख्य मात्रामा हरेक वर्ष क्षती हुने गर्दछ । सार्क राष्ट्रहरूमध्ये नेपाल विपद् तथा त्यसबाट हुने मृत्युको हिसाबले अति नै सङ्कटोन्मुख देशको रूपमा रहेको छ । गरिवी, सिमान्तकृत तथा मर्कामा परेका मानिसहरुका समूह देशमा घट्ने कुनै पनि विपद्मा अत्यन्त बढी रूपमा प्रभावित भएका हुन्छन । अपर्याप्त सार्वजनिक सचेतना, तयारीमा अपार्यप्तता, कमजोर शासन व्यवस्था, अन्तर सरकारी निकाय बीचको समन्वयको कमी, अपर्याप्त वित्तीय श्रोत तथा प्राकृतिक विपद्लाई कम गर्न प्राविधिक ज्ञान र दक्षताको कमी नै नेपालमा हरेक वर्ष हुने जन र धनको बढी क्षतिका मुख्य कारण हुन ।

नेपालमा ९० प्रतिशत भन्दा बढी मानिसले दुई भन्दा बढी विपद्लाई कुनै पनि बेला सामना गर्नु पर्ने एक अध्ययनले देखाएको छ । औसतमा नेपालमा प्रति दिन १.०६ प्राकृतिक विपदका घटनाहरूको खबर आउने गरेको पनि पाइएको छ ।

नेपाल संसारकै अल्प विकसित देशहरुमध्ये पर्दछ । बढी विपद्का घटना हुनु पनि गरिविको एक पहिचान हो। विपदले उत्पादनमूलक धनजनको क्षतिद्वारा गरिविको सिर्जना गर्दछ, गरिविले उच्च जोखिमपूर्ण सिमान्त क्षेत्रको अतिक्रमणबाट प्राकृतिक विपद्लाई झन बढावा दिन्छ । त्यस कारण उच्च सङ्कटासन्नता भएका देशमा गरिबी विपदको कारण तथा परिणाम दुबै हो । जन, धन, पूर्वाधार, उद्योग तथा कृषि र उत्पादन, आय आर्जनका कार्यकलाप, रोजगारीमा हुने क्षतिको साथै विस्थापित र उद्धार तथा राहतमा पर्ने खर्चमा हुने वार्षिक प्रत्यक्ष क्षतिलाई विचार गर्दा विपदले संसारका साना राष्ट्हरूका दुर्वल अर्थतन्त्रमा ठूलो भार पार्दछ । हरेक ठूलो विपद्ले देशलाई विकासको प्रयासको हिसाबले कयौं वर्ष पछाडि धकेलेको हुन्छ । जब राहत तथा उद्धारमा समय, उर्जा, विज्ञता तथा वित्त जस्ता श्रोतहरू लगाइन्छ भने देश समग्र विकासको प्रक्रियामा पछाडी धकेलिन्छ । फलस्वरूप विपद् व्यवस्थापनलाई मूलधारमा ल्याउनु र विकास योजनामा जोखिम न्यूनीकरणका अङ्गहरूलाई समायोजन गर्न देशको सहश्राब्दि विकास लक्षको नीतिगत संरचनामा जोड दिइएको छ ।

३.६ सुनसरी जिल्ला विपद् प्रतिको सङ्कटोन्मुखता :

सुनसरी जिल्ला प्राकृतिक प्रकोप र विपदका घटनाहरुको दृष्टिकोणले अत्यन्त संवेदनशिल रहेको छ। यहांको कुल जनसख्याको करिव २० प्रतिशत मानिसहरु नदिको किनारामा बसोवास गर्दछन् । ति बस्तीहरु संकटासन्नताको हिसावले उच्च जोखिममा पर्दछन । विशेष गरि यस जिल्लामा बाढी कटान डुवान आगोलागी पहिरो शितलहर महामारी सवारी दुर्घटना लगायतका प्रकोपको जोखिम उच्च छ । जसले बर्षेनी यस जिल्लामा बसोवास गर्ने मानिसहरुलाई समस्या दिई जनधनको ठुलो क्षति ब्यहोर्नु परिरहेको अवस्था छ । यसको ज्वलन्त उदाहरण गत साल कार्तिकको बाढी र डुवान साथै केहि बर्ष अगाडीको कोशी कटानलाई लिन सकिन्छ । विपदकै कुरा गर्दा यस जिल्लामा जाडो याममा शितलहरबाट स्थानिय जनताहरु प्रभावित हुने गर्दछन् भने गर्मी मौसममा जमिन तात्ने र केहि वर्षा हुने वित्तिकै सर्पहरु जमिनबाट बाहिर निस्की मानिसहरुलाई टोक्ने गरेका घट्नाहरु समेत अत्याधिक रुपमा घटिरहने गर्दछ । त्यस्तै सुनसरी जिल्लामा आगोलागीका घटनाहरु पनि उच्च दरमा नै देखिन्छ । उद्योग कलकारखाना देखि लिएर पसल

तथा व्यक्तिगत घरहरु समेतमा आगोलागीका घटनाहरु भईरहेको पाईन्छ । यसको कारण विशेषत व्यक्तिगत लापरवाही तथा कमजोर सुरक्षा मापदण्ड नै मुख्य मान्न सकिन्छ । हाल वर्तमान मौसमी अवस्थालाई मध्यनजर गर्दा मनसुन शुरु भईसकेको र वर्षायामको शुरुवातसंगै अविरल वर्षाको कारण यस जिल्लामा भएका कोशि नदी, बुढि खोला, सुनसरी खोला, शर्दु खोला, शेरा खोला, सेउती खोला, टेङ्गा खोला पटनाली खोलामा पानीको वहाव उच्च भई बर्षेनि बाढी र डुवानको विपदहरु भईरहेको छ । जिल्लाका यी सबै नदी तथा खोलाहरु उत्तरबाट दक्षिण तर्फ बग्दछन् र विशेषत यसले जिल्लाको मध्य तथा दक्षिणी भू भागहरुलाई अत्याधिक क्षति पुर्याई रहेको छ । हाल केहि बर्षयता जलवायु परिवर्तनका कारण औसत भन्दा बढि मात्रामा बर्षा हुनु बेमौसमी पानी पर्नु विकासको नाममा जथाभावी सडक संजालको निर्माण गरिनु र शहरीकरण व्यवस्थित नहुदा खोला तथा नदीको पानीको बहावको निकास सांधुरो हुनुले बाढी पहिरो घटनाको जस्ता कारण मानविय, आर्थिक तथा वातावरणिय क्षति पनि बढदै गएको अवस्था छ । त्यस्तै पछिल्लो समयमा सुनसरी जिल्लामा डेंगो महामारीको सख्या बढदै गईरहेको छ । बिशेषगरि धरान उपमहानगरपालिकामा डेगों महामारी बढदै गएको छ ।

३.७ नेपालमा विपद् जोखिम व्यवस्थापन र वर्तमान नीतिगत व्यवस्था :

नेपालमा विपद्का घटनाहरु भएपछि मांग र आवश्यकताअनुसार उद्धार तथा राहत उपलब्ध गराउने परम्परागत अवधारणामा परिवर्तन आएको छ । दैवीप्रकोप उद्धार ऐन,२०३९ लागू भएपछि विपद् व्यवस्थापनमा उद्धार तथा राहत कार्यका अतिरिक्त पूर्वतयारी तथा न्यूनिकरण कार्यलाई पनि जोड दिन थालिएको देखिन्छ । सन् १९९१ मा प्राकृतिक विपद् न्यूनिकरण अन्तर्राष्ट्रिय दशकको घोषणा भएपछि विपद् व्यवस्थापनमा पूर्वतयारी कार्यलाई विशेष जोड दिन थालिएको देखिन्छ ।

नेपालमा विपद् व्यवस्थापनको लागि तर्जुमा गरिएको राष्ट्रिय कार्य योजना सन् १९९६ मा लागु भएपछि विभिन्न प्रकृतिका प्राकृतिक विपद्हरुलाई सम्बोधन गर्न आवश्यक थप उपायहरु अवलम्बन गर्न खोजिएको भएपनि पर्याप्त स्रोत र साधनको अभाव एवं सम्बन्धित निकाय एवं सरोकारवालाहरु वीच समन्वयको कमीले कार्ययोजनाले निर्दिष्ट गरेका क्षेत्रहरुमा पर्याप्त प्रतिफल प्राप्त हुन सकेनन् । यसरी अपेक्षाकृत सफलता प्राप्त गर्न नसक्नुको प्रमुख कारण प्राविधिक क्षमता सहितको उपयुक्त संगठनात्मक संरचनाको अभाव पनि एक हो ।

३.७.१ विपद्, सहश्राब्दि विकास लक्ष्य तथा ह्योगो कार्य योजना सन २००५–२०१५

पूरै विश्व तथा नेपालको सन्दर्भमा विपद् व्यवस्थापनसंग सम्बन्ध दुई कार्य योजना कोशे ढुङ्गा सावित भएका छन् । यी सहश्राब्दि विकास लक्ष्य तथा ह्योगो कार्य योजना हुन् ।

३.७.२ सहश्राब्दि विकास लक्ष्य

बिगतका संयूक्त राष्ट्रसंघीय घोषणहरु (महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव बिरुद्धको महासन्धी– CEADAW, बाल अधिकार महासन्धी (CRC), जनसंख्या र विकास सम्बन्धी अन्तराष्ट्रिय सममेलन ICPD, विश्व जनसंख्या तथा वातावरण सम्मेलन मा व्यक्त गरिएका प्रतिबद्धताहरुलाई एउटै साझा लक्षका रुपमा घोषणा गरी त्यसलाई संयूक्त प्रयासबाट प्राप्त गर्न शान्ती, स्थिरता र विकासलाई प्रमुख उद्देश्य बनाई सन २००० को सेप्टेम्बर महिनामा भएको संयूक्त राष्ट्र संघीय सम्मेलनले सहश्राब्दि विकासको लक्षहरुको घोषणा गरेको थियो ।

सहश्राब्दी घोषणाबाट निकालिएको सहश्राब्दि विकास लक्ष्य २१औं शताब्दिको लागि अत्यन्त महत्वपूर्ण अन्तर्राष्ट्रिय विकास कार्यतालिका हो जसमा सबै सदस्य राष्ट्रहरू प्रतिबद्ध छन् । सन् २०१५ सम्ममा हासिल गरिनु पर्ने प्रमुख विकासका प्राथमिकतालाई सहश्राब्दि विकास लक्ष्यले उजागर गरेका छन । हरेक लक्ष्यको लागि सङ्ख्यात्मक लक्ष्यको तय गरिएको छ र ४८ वटा परिसूचकले यिनीहरूको अनुगमन गरिने भएको छ । यिनीहरू हुन्

- चरम गरिबी तथा भोकको उन्मुलन गर्ने
- विश्वव्यापी रूपमा प्राथमिक शिक्षा उपलब्ध गराउने

- लैङ्गिक समानताको प्रवर्धन तथा महिला सशक्तिकरण गर्ने
- शिशु मृत्यु दरलाई घटाउने
- मातृ स्वास्थ्यलाई सुधार गर्ने
- एच आइ भि एड्स, मलेरिया तथा अन्य रोगलाई परास्त गर्ने
- वातावरणीय दिगोपनको सुनिश्चय गर्ने
- विकासको लागि बिश्वव्यापी सहकार्यको विकास गर्ने

नया सहश्राब्दिमा विकासले सामना गर्ने सबै भन्दा ठूलो चुनौती विपद् सङ्कटाभिमुखता घटाउनु हुन सक्तछ । पूरा संसारभरिनै विपद्को प्रभावको बारेमा धेरै मानिसहरू सचेत भएका छन् । तर केहीले मात्र यस समस्याबारे केही गर्न सकिन्छ भन्ने कुराको महसुस गरेका छन् । त्यसकारण प्राकृतिक विपद् मानव विकासको प्रक्रियासित अन्तरङ्ग रूपमा जोडिएको छ । प्राकृतिक सङ्कटबाट सिर्जिएका विपद्हरूले विकासलाई जोखिममा पार्दछन् ।

प्राकृतिक विपद्का विभिन्न खालका प्रभावले गर्दा सहश्राब्दि लक्षलाई प्राप्त गर्न अति नै चुनौतीपूर्ण भएको छ । पूर्वाधारको विनाश, जीवनयापन आधारको क्षय, वास्तुकलात्मक सम्पदा तथा प्राकृतिक प्रणालीमा भएको नाश, चोट पटक, विमारी तथा निधनले वित्तीय सङ्कट तथा राजनैतिक र सामाजिक द्वन्द, एच.आइ.भि.र एड्स, वातावरणीय विनाशजस्ता अन्य तनाव तथा विस्मयलाई झन नाजुक बनाउँदछन् । यस्ता विपद्बाट हुने क्षतिले गरिबी तथा भोकमरीलाई कम गर्ने, शिक्षा, स्वास्थ्य सेवा, सुरक्षित आवास, खाने पानी तथा सरसफाइ, रोजगारी तथा आय सिर्जना गर्ने वातावरण तथा आर्थिक लगानीलाई संरक्षण गर्ने लक्ष्य लिएका सामाजिक लगानीलाई पछाडि पार्छन ।

३.७.३ ह्योगो कार्य योजना संरचना २००५–२०१५

विश्वभरि नै विपद्को जोखिम कम गर्न सन २००५, जनवरी महिनामा एउटा संयुक्त राष्ट्र सङ्घीय विश्व सम्मेलनको आयोजना जापानको कोबेमा भएको थियो । यस सम्मेलनमा संसारका १६८ देशले भाग लिएका थिए । यस सम्मेलनमा एउटा रणनीति बनाउनेतर्फ सहमति भएको थियो जसलाई ह्योगो कार्य योजना २००५ (२०१५ को नाम दिइएको छ । विपद् जोखिम न्यूनीकरणमा हालसम्म भएका भूमण्डलीय प्रयासमा विद्यमान कमी, कमजोरी मूल्याङ्कन गरी यस संरचनाको सुत्रपात गरिएको थियो ।

ह्योगो कार्य योजना २००५-२०१५ ले मुख्य तीनवटा लक्ष्य राखेको छ । ती हुन् :

- दिगो विकास नीति तथा योजनामा विपद् जोखिम न्यूनीकरण अवधारणाको समावेशीकरण
- सङ्कटपछि उत्थानशिलता (Resilience) का लागि संस्थाहरू, संयन्त्र तथा क्षमताको विकास तथा सशक्तिकरण
- आपतकालीन तयारी, प्रतिकार्य (Response) तथा पुर्नःलाभको (Recovery) कार्यान्वयनमा जोखिम न्यूनीकरणका धारणाको विधिवत समायोजन

उपर्युक्त लक्ष्यको साथै उपरोक्त कार्य गर्नको लागि पाँचवटा प्राथमिकताको पहिचान गरिएको छ र ती हुन् :

ह्योगो कार्य योजना प्राथमिकता १ : विपद् जोखिम न्यूनीकरणको कार्यान्वयनलाई सवल संस्थागत आधारयुक्त राष्ट्रिय तथा स्थानीय प्राथमिकतापूर्ण कार्यको रूपमा सुनिश्चय गर्नु ।

ह्योगो कार्य योजना प्राथमिकता २ : विपद् जोखिमको पहिचान, मूल्याङ्कन तथा अनुगमन गर्नु तथा पूर्व चेतावनीलाइ उम्दा बनाउनु ।

ह्योगो कार्य योजना प्राथमिकता ३ : सबै तहमा स्थिति स्थापन तथा सुरक्षा संस्कृतिको निर्माण गर्न ज्ञान,अनुसन्धान तथा शिक्षालाई प्रयोग गर्नु ।

ह्योगो कार्य योजना प्राथमिकता ४ : अन्तरनिहित जोखिमका कारकहरूलाई कम गर्नु

ह्योगो कार्य योजना प्राथमिकता ५ : प्रभावकारी प्रतिकार्यको लागि विपद् तयारीलाई सवलिकरण गर्ने

३.७.४ विपद जोखिम न्यूनिकरणका लागि सेन्डाई कार्य ढाँचा २०१५-२०३०

यो कार्य ढाँचाले प्राकृतिक वा मानव सिर्जित प्रकोपहरूका साथै वातावरणीय,प्रविधिजन्य र जैविक प्रकोप तथा जोखिमबाट सिर्जित साना तथा ठूला स्तरका, तारन्तार तथा आकल- झुकल, अचानक तथा बिस्तारै हुने, सबै प्रकारका विपद् जोखिमलाई सम्बोधन गर्नेछ । यसले सबै तहमा गरिने सबै क्षेत्रका विकासका अन्तर्निहित एवं परस्पर अन्तर्सम्बन्धित विपद् जोखिमको बहुप्रकोप व्यवस्थापनमा मार्गदर्शन गर्ने उद्देश्य राख्दछ ।

लक्ष्य :

एकीकृत तथा समावेशी रुपमा आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य सम्बन्धित, वातावरणीय, प्राविधिक, राजनीतिक, संस्थागत तथा कानुनी माध्यमबाट विपद् आउने कारकहरू, प्रकोप, सम्मुखता तथा संकटाभिमुखतालाई न्यूनिकरण र रोकथाम गर्ने । प्रतिकार्य तथा पुनर्लाभकालागि पूर्वतयारी र समुत्थानशील क्षमतालाई सबल बनाउँदै, वर्तमान र भावी दिनमा आउन सक्ने विपद् जोखिमलाई न्यूनिकरण गर्ने तथा रोक्ने । यसका ७ वटा उद्देश्यहरु रहेका छन् ।

(क) सन् २००५ देखी २०१५ को तुलनामा सन् २०२० देखी २०३० को प्रति १००,००० मा औसत विश्व विपद् मृत्युदर घटाउने लक्ष्य लिई सन् २०३० सम्ममा विश्वमा विपद् मृत्युदर अधिकतम रुपमा घटाउने ।

(ख) सन् २००५ देखी २०१५ को तुलनामा सन् २०२० देखी २०३० को प्रति १००,००० मा औसत विपद् प्रभावित जनसंख्यामा कमी ल्याउने लक्ष्य लिई सन् २०३० सम्ममा विश्वमा विपद्बाट प्रभावित जनसंख्या अत्यधिक घटाउने ।

(ग) सन् २०३० सम्ममा विपद्बाट विश्वको कूल ग्राहस्थ उत्पादनको अंशमा हुने प्रत्यक्ष आर्थिक नोक्सानी कम गर्ने ।

(घ) सन् २०३० सम्ममा समुत्थानशील क्षमताको समेत अभिवृद्धि गर्दै संवेदनशील संरचनाहरूमा हुने विपद्को क्षति तथा आधारभूत सेवाहरू खासगरी स्वास्थ्य र शैक्षिक सेवाहरूमा विपद्बाट हुने नोक्सानी अत्यधिक रुपमा न्यूनिकरण गर्ने ।

(ङ) सन् २०२० सम्ममा राष्ट्रिय र स्थानीय विपद् जोखिम न्यूनिकरण रणनीति भएका देशहरूको संख्या अत्यधिक बढाउने ।

(च) सन् २०३० सम्ममा विकासोन्मुख राष्ट्रहरूले यो कार्यढाँचालाई लागू गर्नकालागि उनीहरूका राष्ट्रिय कियाकलापहरूलाई परिपूर्ति गर्न पर्याप्त र दिगो सहयोगका लागि अन्तर्राष्ट्रिय समन्वय अत्यधिक बढाउने ।

(छ) सन् २०३० सम्ममा बहुप्रकोप पूर्वचेतावनी प्रणालीहरू र विपद जोखिम सूचनाका साथै विपद् जोखिम लेखाजोखा गरिएका विवरणहरूको उपलब्धता तथा तिनीहरूमा जनताको पहूँच अत्यधिक बृद्धि गर्ने ।

कार्यान्वयनका लागि प्राथमिकताहरू (Priorities for Action) :

प्राथमिकता १ : विपद् जोखिमलाई बुझ्ने

विपद् जोखिमका सबै आयामहरू जस्तैः व्यक्ति तथा सम्पत्तिहरूको संकटाभिमुखता, क्षमता, सम्मुखता, प्रकोपको विशेषता र वातावरणको बुझाईमा आधारित हुनुपर्छ ।

प्राथमिकता २ : विपद् जोखिम व्यवस्थापनको लागि विपद् जोखिम सुशासनलाई सबल बनाउने

राष्ट्रिय र स्थानीय कानुन, नियम तथा सार्वजनिक नीतिहरूमा तादम्यता सुनिश्चित गरी सार्वजनिक तथा निजी क्षेत्रले विपद् जोखिम न्यूनिकरणमा काम गर्न उनीहरूको भूमिका र जिम्मेवारी परिभाषित गर्दै तिनीहरूलाई मार्गदर्शन, हौसला र प्रोत्साहन दिई, सबै विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनिकरण व्यवस्थापन गर्न राष्ट्रिय, क्षेत्रिय र अन्तर्राष्ट्रिय स्तरमा विपद् जोखिम सुशासन अति महत्वपूर्ण रहन्छ ।

प्राथमिकता ३ : समुत्थानशीलताका लागि विपद् जोखिम न्यूनिकरणमा लगानी गर्ने

व्यक्ति, समुदाय, राष्ट्रहरू र तिनका सम्पत्ती साथै वातावरणको आर्थिक, सामाजिक, स्वास्थ्य र संस्कृति सम्बन्धी समुत्थानशिलता अभिवृद्धि गर्न संरचनात्मक र गैर संचनात्मक उपायहरूबाट विपद् जोखिम रोक्न र

न्यूनिकरण गर्न सार्वजनिक तथा नीजी लगानी अति आवश्यक छन् । यी अन्वेषण, संवृद्धि र रोजगारी सिर्जनाका संवाहक हुन सक्छन् । यस्ता उपायहरू जीवन रक्षा गर्न, नोक्सानी रोक्न र कम गर्न, साथै प्रभावकारी पुनर्लाभ र पुनर्स्थापना गर्न किफायती र सहयोगी हुन्छन् ।

प्राथमिकता ४ : प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना र अझ उत्तम पुनर्निर्माणका लागि विपद् पूर्व तयारीमा जोडदिने

अनुभवले इङ्गित गरे अनूसार प्रभावकारी प्रतिकार्य र प्रभावकारी पूनर्लाभका लागि आवश्यक क्षमताहरू सुनिश्चित् गर्न विपद् पूर्व तयारी सबल बनाउनु आवश्यक छ । विपद् भन्दा पहिले नै तयारी गरिनु पर्ने पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणका चरणहरूमा विपद् जोखिम न्यूनिकरणका उपायहरू एकिकृत गरी उत्तम पुनर्निर्माणका लागि यो एउटा अवसर हो भन्ने प्रदर्शन भएको छ । प्रतिकार्य र पुनर्निर्माणका चरणहरूमा महिला तथा अपाङ्गता भएका व्यक्तिहरूले सार्वजनिक नेतृत्व लिदै लैंगिक समता र सबैको पहूँच हुने विश्वव्यापि तौरतरिकाहरू प्रवर्द्धन गरिनु पर्दछ ।

३.८ नेपालमा विपद्सम्बन्धि विद्यमान कानुनी व्यवस्था :

(क) नेपालको संविधान, २०७२

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न जारी भएको संविधान २०७२ ले नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रुपमा परिभाषित गर्नुका साथै राज्य सञ्चालनका लागि तीन तहको सरकारको व्यवस्था गरी प्रत्येक तहको कर्त्तव्य र अधिकारको व्यवस्था गरिएको छ । संविधानको अनुसूचि ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभको अधिकार संघ र प्रदेशको साझा अधिकार सूचिको विषय बनाएको छ । साथै अनुसूचि ८ मा विपद व्यवस्थापनको कार्यलाई स्थानीय तहको अधिकारक्षेत्रभित्रको विषयका रुपमा समावेश गरेको छ भने धारा ५१ राज्यको नीतिहरुको खण्ड (छ) प्राकृतिक स्रोत साधनको संरक्षण सम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने भनी विपद पूर्वतयारी र प्रतिकार्यको कार्यलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

विगतमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले योजना छनौट गर्दा प्राकृतिक प्रकोप न्यूनीकरण हुने खालका योजना छनौटमा प्राथमिकता दिनुपर्ने व्यवस्था गरेको छ । साबिकमा स्थानीय योजना तर्जुमा गर्दा सहभागितामूलक योजना पद्धति अवलम्बन गरी विपदलाई समेत मूलप्रवाहीकरण गर्दै विपद अनुकुलनका योजना छनौट र सञ्चालन गर्ने नीति स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा राखी सोही बमोजिम योजना अभ्यास गर्ने गरिएको पाइन्थ्यो । हाल नेपाल संघीय राष्ट्रको रुपमा रुपान्तरण भैसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ऐनको खारेजी गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको छ । नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा सङ्घ, प्रदेश र स्थानीय तह बीचको सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखि नै सुदृढीकरण गर्न, र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा आवश्यक गर्न उक्त ऐन जारी भएको हो । उक्त ऐनको परिच्छेद ३ ले गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अर्न्तगत विपद् व्यवस्थापन सम्बन्धि अधिकारको व्यवस्था गरेको छ ।

(ग) विपद् पिडित उद्धार र राहत सम्बन्धी मापदण्ड-२०६४ (सातौं संशोधन,२०७७) :

नेपाल सरकार मन्त्रीपरिषद्ले मिति २०७७ श्रावण ५ गते प्रकोप पिडित उद्धार र राहत सम्बन्धि मापदण्ड २०६४ लाई समसामयिक संशोधन गरी विपद पिडित उद्धार र राहत सम्बन्धि सातौं संशोधन मापदण्ड २०७७ स्विकृत गरेको छ । सो मापदण्डअनुसार प्रमुख जिल्ला अधिकारीले पिडितहरुको खोज तथा उद्धार गर्ने कार्यका लागी न्यूनतम २५ जनाको दक्ष जनशक्ति जनसुकै बेला पनि परिचालन हुन सक्ने अवस्थामा राख्नु पर्ने साथै आपतकालिन खाद्यान्न एंव लत्ताकपडाको भण्डारण व्यवस्था गर्नु पर्ने व्यवस्था गरेको छ । विपदबाट प्रभावित एवं पिडितहरुका लागि निश्चित रकम राहत तथा उद्धार स्वरुप उपलब्ध गराउने प्रयोजनका लागि ल्याइएको यस मापदण्डले उद्धार तयारी व्यवस्थापन लगायत आपतकालीन उद्धार र राहत वितरण सम्बन्धी व्यवस्था गरेको छ । जसमा विपदको घटनामा परि कुनै परिवारमा १ जनाको मृत्यु भएमा व्यक्तिको परिवारलाई रु दुई लाख रकम र सोही परिवारमा अन्य ब्यक्तिको पनि निधन भएमा प्रति ब्यक्ति थप रु १ लाखका दरले राहत उपलब्ध गराउने प्रावधान रहेको छ । विपदबाट घर बहाल आवास नष्ट भएमा वा खाद्यान्न बाली तथा जग्गा जमीन वा पसल व्यवसाय समेत नोक्सानी भएमा तत्काल गुजाराको लागि प्रति परिवार ५ जना सम्म सदस्य भए रु १५ हजार र ५ जनाभन्दा बढि सदस्य भएमा रु २० हजार उपलब्ध गराउने । साथै घटनामा परी खाद्यान्न तथा हाल वसोवास गरी रहेको घर पूर्ण रुपमा नष्ट भएमा वा पूर्ण नष्ट नभएता पनि सम्भावित खतराबाट जोगिन सुरक्षित स्थानमा नयाँ घर निर्माण गनुपर्ने भएमा जिल्ला विपद व्यवस्थापन समितिबाट निर्णय गरि प्रति परिवार रु १ लाखसम्म उपलब्ध गराउने, अर्को स्थानमा बसोवास गर्ने घर नभएको अवस्थामा मात्र यस्तो राहत प्रदान गरिने तर मनसुनको अवधिमा बाढि पहिरो,डुवान,कटानलगायतका कारणबाट घरबारबिहिन भएका परिवारलाई २०७२ सालको भूकम्प पीडितलाई प्रदान गरिएको बिधि र प्रकृयाबाट शहरी बिकास मन्त्रालयले आवास निर्माण गर्ने व्यवस्था मिलाउने प्रावधान रहेको छ ।

(घ) विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४

विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक र गैह्र प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पति, प्राकद्धद्ध ृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानूनलाई संसोधन र एकीकरण गर्न वा भएकोले नेपालको संविधानको धारा २९६ को उपदफा (१) बमोजिमको व्यवस्थापिका संसदले यो ऐन बनाएको छ ।

(ङ) विपद जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय नीति, २०७५ :

विपद जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने दीर्घकालीन सोच राखी यो नीति अवलम्बन गरिएको छ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई सन्तुलित रुपमा कार्यान्वयन गरी विपदबाट हुने जनधन, स्वास्थ्य तथा जीविको पार्जनका श्रोतसाधनहरुका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक सामाजिक तथा भौतिक पुर्वाधार र सांस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्यरुपमा कमी गर्नु तथा तिनिहरुको उत्थानशीलता वृद्धि गर्ने उद्देश्य रहको यस नीतिले विपदबाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोतहरुका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पुर्वाधार तथा आधारभूत सेवाहरुमा विपदले पुऱ्याउने क्षति एवं अवरोधलाइ कम गर्दै तिनीहरुको उत्थानशीलतामा वृद्धि गर्नु र विपदबाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्ने लक्ष्य लिएको छ ।

(च) मनसुन आपतकालीन कार्ययोजना, २०७५

वर्षायाममा चट्याङ, पहिरो, हावाहुरी जस्ता प्रकोपका कारणले प्रत्येक वर्ष ठुलो जनधनको क्षति हुने गरेको छ । मनसुनका समयमा देखिने यस्ता प्रकोपका कारणले हुन सक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न विपद व्यवस्थापनमा कार्य गर्ने सबै सरकारी तथा गैरसरकारी निकायहरुले मनसुन पुर्व विपद पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना बनाइ तयारी अवस्थामा रहन प्राप्त भएको निर्देशन बमोजिम विपद व्यवस्थापनका क्षेत्रमा कार्यरत सरकारी एवं सार्वजनिक निकायहरु लगायत विभिन्न गैरसरकरी निकायहरु समेतको जिम्मेवारी तोकि मनसुन आपतकालीन कार्ययोजना तर्जुमा गरिएको छ ।

३.९ निकायगत भूमिका तथा जिम्मेवारी

३.९.१ विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ बाट निर्देशित



३.९.२ जिल्ला विपद् व्यवस्थापन समिति,सुनसरीको संरचना

क्र.स	विवरण	पद
०१	प्रमुख जिल्ला अधिकारी	अध्यक्ष
०२	जिल्ला समन्वय समिति,सुनसरीको प्रतिनिधि	सदस्य
०३	जिल्ला भित्रका स्थानिय तहका प्रमुख तथा अध्यक्ष	सदस्य
०४	स्वास्थ्य सम्बन्धी बिषय हेर्ने जिल्ला स्थित कार्यालयको प्रमुख	सदस्य
०५	जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु	सदस्य
०६	जिल्ला स्थित पूर्वाधार तथा सामाजिक विकासँग सम्बन्धित कार्यालयका प्रमुखहरु	सदस्य
०७	राष्ट्रिय मान्यता प्राप्त दलका जिल्ला स्थित प्रमुख वा प्रतिनिधिहरु	सदस्य
०८	नेपाल रेडक्रस सोसाइटीको जिल्ला स्थित प्रमुख	सदस्य
०९	गैरसरकारी संस्था महासंघको जिल्ला स्थित प्रमुख	सदस्य
१०	नेपाल पत्रकार महासंघको जिल्ला स्थित प्रमुख	सदस्य
११	उद्योग वाणिज्य महासंघको जिल्ला स्थित प्रमुख	सदस्य
१२	प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत	सदस्य सचिव

३.९.३ जिल्ला विपद् व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारी

१. विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्यमा स्थानीय समितिहरुलाई समन्वय गर्ने वा समन्वय गर्न लगाउने ।
२. एकिकृत रुपमा वर्षको एक पटक विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आधारमा कृत्रिम अभ्यास गर्न लगाउने ।
३. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने र यसलाई प्रदेश विपद् व्यवस्थापन समितिमा र गृहमन्त्रालय मार्फत केन्दीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने ।
४. स्थानीय समितिबाट संचालित राहत,उद्धारको कार्यको अनुगमन गर्ने र संचालित कार्यमा आवश्यक सहयोग गर्ने ।
५. समय-समयमा प्रकोप राहत उद्धार कार्यमा भैरहेको प्रगतिको वारेमा प्रदेश तथा केन्दीय विपद् व्यवस्थापन समितिलाई जानकारी दिने ।
६. केन्दीय तथा प्रादेशीक विपद् व्यवस्थापन समितिबाट प्राप्त निर्देशनका आधारमा कार्य संचालन गर्ने ।
७. वाह्य सहयोगका लागि सरकारी र गैह्रसरकारी निकायका वीच समन्वय वैठकको आयोजना गर्ने ।
८. सरकारी निकाय, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था, रेडक्रस अभियानका सदस्य लगायतका निकायहरुकावीच प्रतिकार्यको समीक्षा गर्न वैठक संचालन गर्ने ।
माथि उल्लेखित कार्य शर्तका साथसाथै विद्यमान ऐनमा उल्लेखित जिल्ला विपद् व्यवस्थापन समितिको सम्पुर्ण काम कर्तव्यहरु गरी जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्यको समग्र समन्वय गर्ने ।

३.९.४ जिल्ला समन्वय समितिको भूमिका तथा जिम्मेवारी

१. समन्वयात्मक कार्यमा सहयोग गर्ने ।
२. आवास तथा पुनःस्थापना कार्यमा सहयोग गर्ने ।
३. आर्थीक भौतिक ,मानविय आदि श्रोतहरुको परिचालन ।

३.९.५ जिल्ला क्षेत्रगत अगुवा संस्थाको भूमिका तथा जिम्मेवारी

१. क्षेत्रगत सदस्य संस्था (राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, सरकारी निकाय, राष्ट्रसंघीय निकाय, रेडक्रस अभियानका सदस्य आदि) का वीचमा उपयुक्त क्षेत्रगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्ने ।
२. राष्ट्रिय/स्थानीय निकाय, सरकारी निकाय, स्थानीय नागरीक समाज तथा अन्य सरोकारवाला निकाय वीच समन्वय गर्ने ।
३. प्रत्येक क्षेत्रगत अगुवा संस्थाले सवै क्षेत्रगत सदस्य संस्थासंग समन्वय गरी आफ्नो विषय क्षेत्रमा विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना तर्जुमा गर्ने । यस अन्तर्गत विपद्को प्रकृति तथा योजना मान्यता,प्राथमिकताप्राप्त आपतकालीन कार्य तयारी, आपत्कालीन कार्य संवोधन गर्न प्राथमिकताप्राप्त पूर्वतयारी कार्य तयारी, प्राथमिकता प्राप्त पूर्वतयारी कार्यका लागि विद्यमान खाडल पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन्
४. नयाँ आपत्कालीन अवस्थाका लागि पर्याप्त आकस्मिक योजना तथा पूर्वतयारीको प्रत्याभूति गराउने ।
५. क्षेत्रगत सहभागीहरु सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउने ।
६. विषयगत क्षेत्रका कार्यसमूहको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवेदन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्ने ।
७. क्षेत्रगत प्राथमिकता प्राप्त कार्य संचालन गर्न दात्री समुदायलाई मानवीय सहायताकर्मीमा लगानी गर्न अधिवाचन गर्ने । साथै क्षेत्रगत सहभागीहरुलाई सामान्य माध्यमबाट उनीहरुको स्रोत साधन परिचालन गर्न प्रोत्साहीत गर्ने
८ मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम संचालन गर्न सहयोग गर्ने ।
९. पूर्व निर्धारीत प्राथमिकता प्राप्त आवश्यकता पूर्तिका लागि क्षेत्रगत अगुवा संस्थाहरु अन्तिम सेवा प्रदायकका रुपमा जिम्मेवार हुन्छन् जुनकुरा पहुँच, सुरक्षा र प्राप्त कोषमा भरपर्दछ । उनीहरुको स्रोत परिचालन कार्यमा प्रमुख जिल्ला अधिकारी तथा विपद् व्यवस्थापन समितिले सहयोग गर्नेछ ।

३.९.६ जिल्ला अगुवा सहयोगी संस्थाको भूमिका तथा जिम्मेवारी :

१. सवै निकायहरुको सहकार्यमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा सहयोग गर्ने
२. जिल्ला विपद् व्यवस्थापन समितिसंग समन्वय गरी अन्तिम कार्यशाला गर्नु अघि वैठकहरु संचालन गर्ने ।
३. प्राविधिक तथा वित्तिय व्यवस्थापन, द्वितिय स्रोतबाट विपद्सम्बन्धी तथ्याङ्क संकलन, प्रकोप जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने वा सहयोग प्रदान गर्ने ।
४. प्रभावकारी प्रतिकार्य पूर्वतयारीको लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका वारेमा समन्वय गर्ने ।
५. विगत वर्षका अनुभवको आधारमा सफलता, चुनौति तथा खाडल पहिचान गर्ने ।
६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा सवै विषयगत क्षेत्रका अगुवा तथा सदस्य संस्थाहरुलगायत अन्य सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने ।
७. अन्तिम कार्यशालाको नतिजा तयार गर्ने र जिल्लामा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरुमाझ प्रवाह गर्ने ।क्षेत्रीय,केन्दीय तहमा प्रतिवेदन दिने साथै नपा/गा.वि.स.स्तरसम्म जानकारी गराउने आदि ।

३.१० सुनसरी जिल्लाको प्रकोप जोखिम विश्लेषण

३.१०.१ प्रकोप विश्लेषण तथा स्तरीकरण

सुनसरी जिल्लामा विपद्को विगतको इतिहासलाइ हेर्दा विभिन्न १० भन्दा बढी प्रकारका प्रकोपहरु हुने गरेको देखिएको छ । जसको कारणले विगतमा धेरै धनजनको क्षति भएको थियो । यस जिल्लामा मुख्य गरी वर्षेनी आउने र जनधनको क्षति गर्ने तालिकामा उल्लेखित प्रकोपको स्तरीकरण गरिएको छ । स्तरीकरण गर्दा मानविय क्षति,आर्थिक क्षति र प्रकोप घटेको पटकलाई आधार मानी तुलनात्मक विधी अपनाइएको छ । भूकम्पको लागि नेपाल सरकार गृह मन्त्रालयले तयार गरेको निर्देशिकाअनुसार सवैले प्रतिकार्य योजना तयारी गर्नै पर्ने भन्ने प्रावधान रहेकोले भूकम्पलाई १ नं प्रकोप मानी यसको प्रतिकार्य योजना तयार गरिएको छ तर यस प्रकोपलाई स्तरिकरण तालिकामा भने राखिएको छैन । स्थानिय तहहरु बाट आएको तथ्याङ्कको आधारमा तथा विपद व्यवस्थापन समितिको सहमतिको आधारमा पहिलामो बाढी, दोश्रोमा जनावर क्षत्ति, तेश्रोमा सडक दुर्घटना , चौथौमा आगलागि , पांचौमा खडेरी , छैठौमा शितलहर, सातौमा चटयाड.,आठौंमा महामारी, नवौंमा हावाहुरी,र दशौमा पहिरोलाई स्तरिकरण गरिएको छ ।

प्रकोप	बाढी	आगलागी	शीतलहर	महामारी	पहिरो	चट्याड.	जनावर क्षति	हावाहुरी	खडेरी	सडक दुर्घटना
बाढी	X	बाढी	बाढी	बाढी	बाढी	बाढी	बाढी	बाढी	बाढी	बाढी
आगलागी	X	X	आगलागी	आगलागी	आगलागी	चट्याड.	जनावर क्षति	आगलागी	आगलागी	आगलागी
शीतलहर	X	X	X	शीतलहर	शीतलहर	शीतलहर	जनावर क्षति	शीतलहर	खडेरी	सडक दुर्घटना
माहामारी	X	X	X	X	महामारी	चट्याड.	जनावर क्षति	महामारी	खडेरी	सडक दुर्घटना
पहिरो	X	X	X	X	X	चट्याड.	जनावर क्षति	हावाहुरी	खडेरी	सडक दुर्घटना
चट्याड.	X	X	X	X	X	X	जनावर क्षति	चट्याड.	खडेरी	सडक दुर्घटना
जनावर क्षति	X	X	X	X	X	X	x	जनावर क्षति	जनावर क्षति	**जनावर क्षति**

हावाहुरी	X	X	X	X	X	X	x	X	खडेरी	सडक दुर्घटना
खडेरी	X	X	X	X	X	X	x	X	X	सडक दुर्घटना
सडक दुर्घटना	X	X	X	X	X	X	X	X	X	X
जम्मा	९	६	४	२	०	४	७	१	५	६
स्तर	**पहिलो**	**चौथो**	**छैठौ**	**आठौ**	**दशौ**	**सातौ**	**दोश्रो**	**नवौ**	**पाचौ**	**तेश्रो**

३.१०.२ स्थानिय तह अनुसार प्रकोपको स्तर

गाउपालिका/नगरपालिकाको नाम	प्रकोपको स्तर									
	बाढी	**पहिरो**	**आगलागी**	**महामारी**	**शितलहर**	**वन्य जन्तु**	**खडेरी**	**सडक दुर्घटना**	**सर्पदंश**	**हाबाहुरी**
धरान उपमहानगरपालिका	पहिलो	पाँचौ	तेश्रो			चौथो		दोश्रो		
इटहरी उपमहानगरपालिका	पहिलो		दोश्रो	आठौ	चौथो	नवौ	छैठौ	तेश्रो	पाँचौ	सातौं
दुहबी नगरपालिका	पहिलो		दोश्रो		तेश्रो		पाचौं			चौथो
रामधुनी नगरपालिका	पहिलो		तेश्रो	सातौं	छैठौ	चौथो	आठौ	दोश्रो		पाँचौ
बराहक्षेत्र नगरपालिका	पहिलो	पाचौ	चौथो	नवौ	आठौ	दोश्रो	सातौं	तेश्रो	छैठौ	दशौ
इनरुवा नगरपालिका	पहिलो		दोश्रो	तेश्रो	चौथो			तेश्रो	पाचौं	
भोक्राहा गाउपालिका	पहिलो		दोश्रो		तेश्रो	चौथो	छैठौ		सातौ	पाचौ
गढी गाउपालिका	पहिलो		दोश्रो		तेश्रो		चौथो			
हरिनगर गाउपालिका	पहिलो		चौथो	नवौ	छैठौं	दोश्रो	आठौ	तेश्रो	सातौं	पाचौं
देवानगन्ज गाउपालिका	पहिलो		चौथो	आठौ	छैठौं		दोश्रो	तेश्रो	सातौ	पाचौं
कोशी गाउपालिका	दोश्रो		तेश्रो	नवौ	छैठौ	पहिलो	चौथो			पाँचौ
वर्जु गाउपालिका	पहिलो		चौथो		तेश्रो		दोश्रो			

३.१०.३ सुनसरी जिल्लाका अति विपन्न घरधुरी सख्या

(न्युनतम आवश्यकता परिपूर्ति गर्न गाहो पर्ने साथै सबै किसिमका प्रकोपको जोखिममा रहेका घरधुरी विवरण)

क्र.स	स्थानिय तह	अति विपन्न घरधुरी सख्या
१	धरान उपमहानगरपालिका	६,०००
२	इटहरी उपमहानगरपालिका	७,९५०
३	दुहबी नगरपालिका	२,४१६
४	रामधुनी नगरपालिका	५,५८०
५	बराहक्षेत्र नगरपालिका	८६८
६	इनरुवा नगरपालिका	२,०००
७	भोक्राहा गाउपालिका	९३५
८	गढी गाउपालिका	३,०७८

९	हरिनगर गाउपालिका	१,५००
१०	देवानगन्ज गाउपालिका	५,६६९
११	कोशी गाउपालिका	५,८८५
१२	वर्जु गाउपालिका	३,४४१
	जम्मा	**४३,९२४**

(*बिस्तृत विवरण एनेक्समा स्थानिय तहको विपद पुर्वतयारी तथा प्रतिकार्य योजनामा राखिएको छ ।*)

३.१०.४ सम्भावित विपद् प्रभावित क्षेत्रको नक्साङ्कन



नक्साङ्कन श्रोत : नेपाल शसस्त्र प्रहरी बल,सुनसरी

३.१०.५ विपद संकटासन्नता अवस्था

क्र	न.पा./गा.पा. को नाम	बाढी	आगलागी	जनावर क्षती	पहिरो	सडक दुर्घटना	खडेरी	सितलहर
१	धरान उ.म.न.पा.	* * *			*	* *		
		४,५,८, ९, ११, १२, १३,१५, १६, १७			११,१५,२६	१,२,७,१०,१८,८, ९,११,१५,१६,१७		
२	इटहरी उ.म.न.पा.	* * *	* *					*
		,५,६,७,९,१०,११,१२,१३ ,१५,१९,२०	२,१६,१ ७,१८					सबै
३	दुहबी न.पा.	* * *	* *					*
		१,३,४,५,६,८,९,१०,११, १२	१,४,५,६,७, ८,९,१०,११, १२					सबै वडा
४	इनरुवा न.पा	* * *	* *					*
		१, २, ३, ४, ५, ७, ८, ९ र १०	सबै वडा					सबै वडा
५	बराहक्षेत्र नगरपालिका	* * *	* *	*	*			
		१,२,६,७,८,९,१०,११	१,९,१०,११	१,२,६,७,९,१ १,१०	१			सबै
६	रामधुनी नगरपालिका	*	* * *					* *
		सबै वडा	सबै वडा					सबै वडा
७	भोक्राहा गाउंपालिका	* * *	* *					*
		सबै वडा	सबै वडा					सबै वडा
८	बर्जु गाउंपालिका	* * *	* * *				*	
		सबै वडा	सबै वडा				सबै वडा	
९	गढी गाउंपालिका	* * *	*					* *
		सबै वडा						सबै
१०	देवानगंज गाउंपालिका	* * *		* *		*		
		१,२,३,५,६,७				१,२,३,६		
११	हरिनगरा गाउंपालिका	***	**			*		
		१,२,४,५,६ र ७,	२, ६, ५ र ७					
१२	कोशी गाउंपालिका	***	**	*				
		१,२,३,४,५,६	१ देखि ८	२,३,४,७				

संकेतः

(क) उच्च संकटासन्न– * * *

(ख) मध्यम संकटासन्न– * *

(ग) न्यून संकटासन्न – *

३.१०.६ जिल्लाको संकटासन्नताको अवस्था

क्र.	सुचकाङ्कहरु	अवस्था				
		अति उच्च	उच्च	मध्यम	न्यून	अति न्यून
१	वर्षा तथा तापक्रम		√			
२	पारिस्थितिकीय संकटासन्नता		√			
३	पहिरो/भू-क्षय					√
४	बाढि/डुवान	√				
५	सुख्खा		√			
६	हिमताल विष्फोट			√		
७	समग्र संकटासन्नताको ईण्डेक्स		√			

३.१०.७ विपद् जोखिम आकलन (स्थानिय तह स्तरिय उच्च प्रभावित हुनसक्ने घरधुरी, जनसंख्या जोखिम अनुमान

क्र.	स्थानिय तह	बाढी	आगलागी	सडक दुर्घटना	सितलहर	वन्यजन्तु	खडेरी
		घरधुरी	घरधुरी	जना	जना	जना	
१	धरान उ.म.न.पा.	३,०००	६००	८९२	_	३४०	
२	इटहरी उ.म.न.पा.	६,४५७	३,१८१	_	१५,३५२	६७०	१४६
३	इनरुवा नगरपालिका	४,१००	२,०५०	१०५	२,३००	_	
४	रामधुनी नगरपालिका	३,१९०	३,९७५	७३५	५,६८०	१,५७०	
५	दुहवी नगरपालिका	१७०	८००	_	५,०००	_	
६	बराहक्षेत्र नगरपालिका	४,०२०	१,०२०		२,८९०	१,१४५	१,०२०
७	भोक्राहा गाउपालिका	२,१९०	६७२	_	१,०००	१,१२५	
८	बर्जु गाउपालिका	३,४००	१८०	_	१५००	_	
९	कोशी गाउपालिका	४,२४०	४,३८५	_	_	५,३५०	
१०	गढी गाउपालिका	८,०५०	१,०१९	_	८९६	_	
११	देवानगञ्ज गाउपालिका	१,४६६	१,२३५	०	१,०१५	५००	
१२	हरिनगर गाउपालिका	६,०२५	११००	_	११००	११००	
	जम्मा	*४१,७१७*	*१७,३३४*	*१,७३१*	*२२,४८१*	*१०,३०७*	

श्रोत : स्थानिय तह

३.१०.८ सवारी दुर्घटनाबाट भएको मानवीय क्षतिको विवरण :

क्र.स.	आर्थिक वर्ष	मानवीय क्षतिको विवरण			दुर्घट्ना संख्या (पटक)
		मृत्यु	सख्त घाईते	सामान्य घाईते	
१	२०६९/०७०	१८	६०	९३	
२	२०७०/०७१	४९	७९	९३	
३	२०७१/०७२	५४	१३३	१६४	
४	२०७२/०७३	५८	१६	४०	
५	२०७३/०७४	६८	१८५	२६५	
६	२०७४/०७५	७६	१५५	१९१	२६३
७	२०७५/०७६	६२	१६०	२३२	२४२
८	२०७६ /०७७	७४	१८१	४८५	४२४
९	२०७७/०७८		९६९	१५६३	९२९

१०	२०७८/०७९	७८	२६८	१६५२	१५६५
११	०७९/०८०	९१	१६७	११९४	८१०
	जम्मा				

श्रोत : जिल्ला प्रहरी कार्यलय,सुनसरी

३.१०.८ आगालागी बाट भएको क्षतिको विवरण :

आ.ब.	विपद	मानिस		चौपाया		अन्य		
		मृत्यु	घाइते	मृत्यु	घाइते	घर	गोठ	अ. मुल्य
०७९/०८०	आगलागी	०	१	१४	१३	६८	२७	९,०६,६९,५००।-

श्रोत : जिल्ला प्रहरी कार्यलय,सुनसरी

३.१०.९ डेङ्गु संक्रमितको विवरण (आर्थीक वर्ष २०७९।०८०) :

क्र.स	स्थानिय तह	परिक्षण भएको सख्या	पेजिटिभ आएको सख्या
		जना	जना
१	धरान उ.म.न.पा.	९४१	३२८
२	बराहक्षेत्र नगरपालिका	६३३	७
३	नगर अस्पताल बराहक्षेत्र	१५८६	५८
४	भोक्राहा गाउपालिका	७	५
५	देवानगञ्ज गाउपालिका	१३	८
६	दुहबी नगरपालिका	९०	८६
७	हरिनगर गाउपालिका	७१	५
८	इनरुवा नगरपालिका	९४	६
९	इटहरी उपमहानगरपालिका	११००	३८३
१०	कोशी गाउपालिका	८	२
११	रामधुनी नगरपालिका	१८	१
१२	अन्य	१९	७
	जम्मा	***४५८०***	***८९६***

श्रोत : जिल्ला स्वास्थय कार्यलय,सुनसरी

३.११ विषयगत क्षेत्र अवधारणा तथा मानविय संघसंस्थामा काम गर्ने संघसंस्था

३.११.१ क्षेत्रगत अवधारणा तथा क्षेत्र परिचय

विपद्बाट प्रभावित मानिसलाई सरकार तथा गैह्रसरकारी क्षेत्रबाट उपलब्ध गराइने मानवीय सहयोगलाई विशेषज्ञता तथा अनुभवका आधारमा परिचालन गर्नु सान्दर्भिक र वैज्ञानिक हुनेछ । यसका लागि अन्तर्राष्ट्रिय तहमै विभिन्न क्षेत्रहरू पहिचान गरिएका छन् । विपद्का घटनामा परी आफन्त तथा धनसम्पत्ति गुमाएर विस्थापित भएका मानिसलाई जीवनयापनका लागि तत्काल गरिने सहयोगलाइ व्यवस्थित गर्न र खाद्यान्न आवास, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन, शिक्षा, सुरक्षाजस्ता विषयमा विशेषज्ञता हासिल गरेको समूहले आ-आफ्नो क्षेत्रको जिम्मेवारी लिँदा मानवीय सहयोगको कार्य व्यवस्थित बन्छ । अतः क्षेत्रगत अवधारणालाई विपद्बाट विस्थापित समुदायलाई उपलब्ध गराइने मानवीय सहयोग विशेषज्ञता प्राप्त निकाय तथा संस्थाको नेतृत्वमा उपलब्ध गराउन गरिएको कार्य विभाजन भनेर परिभाषित गर्न सकिन्छ । अन्तर्राष्ट्रिय स्तरबाट मान्यता प्राप्त क्षेत्रगत अवधारणाका विशेषता निम्नअनुसार रहेका छन्

३.११.२ क्षेत्रगत अवधारणाका प्रमुख उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु,
- आपत्कालीन पूर्वतयारीलाई चुस्त र कार्यान्वयनयोग्य बनाउनु,
- क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु,
- समन्वय र समझदारी अभिवृद्धि गर्नु,
- क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।

३.११.३ क्षेत्रगत अवधारणाको आवश्कता तथा महत्व

- प्रतिकार्यका लागि विशेषज्ञता प्राप्त संस्थाको नेतृत्वमा कार्य विभाजन हुने भएकोले प्रत्येक क्षेत्रबाट उपलब्ध हुने आधारभूत आवश्यकताको वितरण प्रभावकारी भई सबै वर्गका प्रभावित समुदायको पहुँच कायम रहन्छ।
- प्रत्येक क्षेत्रमा सो क्षेत्रको विशेषज्ञता प्राप्त निकायले नेतृत्व गर्ने हुँदा विपद् प्रतिकार्यका क्रममा विशेषज्ञको सेवा उपलब्ध हुन्छ ।
- आपत्कालीन समयमा गर्नु पर्ने मानवीय सहयोग सम्बन्धी कार्यको लागि आवश्यक पूर्वतयारी गर्ने व्यवस्था भएकोले वस्तुको आपूर्ति, समन्वय, सूचना प्रवाह र सहयोगको वितरण प्रभावकारी हुन्छ ।
- आपत्कालीन समयमा चाहिने सामग्रीको पूर्व बन्दोवस्त तथा भण्डारणको उचित व्यवस्था हुन्छ भने तत्कालै व्यवस्था गर्नु पर्ने अवस्था भएमा कार्य चुस्त र छिटो छरितो रूपमा हुन्छ ।
- मानवीय सहयोगका सम्पूर्ण प्रक्रिया सहभागितात्मक विधिबाट गरिने भएकाले आन्तरिक विवाद र अन्य सबै प्रकारका कठिनाई तथा बाधा हट्छन् ।
- उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग भई सबैमा जवाफदेहीताको विकास र उत्तरदायित्वबोध हुन्छ ।

३.११.४ क्षेत्रगत अगुवा तथा क्षेत्रगत समितिको संरचना

यस जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा निम्नअनुसार ४ वटा मुख्य क्षेत्रलाई जिल्ला तह बाटै क्षेत्र प्रमुख निर्धारण गरिएको छ भने अन्य बाँकी ६ वटा क्षेत्र र क्षेत्र प्रमुख स्थानीय तहको स्थानीय विपद् तथा जलबायु उत्थानशील योजनामा रहने गरी निर्धारण गरिएको छ । क्षेत्रमा सहभागी सदस्यबाट अपेक्षित सहयोग प्राप्त हुने र जिम्मेवारी सबैले समान रूपमा बहन गर्ने प्रत्याभूति गरिएको छ ।

क्र.स	क्षेत्रगत समिति (Clusters)	क्षेत्रगत कार्यसमूहको नेतृत्व (Cluster Leads)
१	सूचना तथा समन्वय व्यवस्थापन (Coordination and Information Management)	जिल्ला प्रशासन कार्यालय,सुनसरी
२	खोज तथा उद्धार (Search and Rescue)	जिल्ला प्रशासन कार्यालय,सुनसरी
३	बन्दोबस्ती (Logistic)	जिल्ला प्रशासन कार्यालय,सुनसरी
४	गैह्रखाद्य तथा आवास (Non Food Item & Shelter)	नेपाल रेडक्रस सोसाइटी,सुनसरी
५	खाद्य (Food)	उद्योग बाणिज्य संघ/स्थानीय तह
६	स्वास्थ्य तथा पोषण (Health and Nutrition)	जिल्ला जनस्वास्थय कार्यलय/स्थानीय तह
७	संरक्षण (Protection)	स्थानीय तह
८	खानेपानी, सरसफाइ र स्वास्थ्य प्रवर्द्धन (WASH)	स्थानीय तह
९	शिक्षा (Education)	स्थानीय तह / जिल्ला शिक्षा समन्वय समिति
१०	कृषि, सिंचाई तथा पशुसेवा (Agriculture, Irrigation and Livestock)	स्थानीय तह/जिल्ला कृषि तथा पशु कार्यलय

३.११.५ क्षेत्रगत सदस्यहरुको सर्म्पक विवरण

३.११.५.१ समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र

विपद् प्रभावित सुमदायलाई एकीकृत रुपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन यस क्षेत्रले विशेष भूमिका निर्वाह गर्नु पर्ने हुन्छ ।

समन्वय तथा सूचना व्यवस्थापनको क्षेत्रगत उद्देश्य

समन्वय, सूचना सङ्कलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालालाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ । योजनाका समष्टिगत उद्देश्य निम्नअनुसार हुनेछन् :

- विपद्को समयमा सरकार, दातृ निकाय, सबै क्षेत्र सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु ।
- निर्धारित समयभित्र प्रारम्भिक द्रुत लेखाजोखा विष्लेषण र बहुक्षेत्र द्रूत लेखाजोखा विश्लेषण गर्न आवश्यक समन्वय गर्नु तथा इरा र मिरा कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु ।
- सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु ।
- नियमित रूपमा अनुगमन गरी क्षेत्रहरूलाई पृष्ठपोषण दिनु ।
- प्रतिकार्यका सन्दर्भमा आवश्यकताअनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु ।

३.११.५.२ खोज तथा उद्धार क्षेत्र

जिल्लामा विपद्को स्थिति उत्पन्न भई त्यसबाट मानसिकहरु प्रभावित भएको अवस्थामा प्रभावित मानिसको उद्धार गर्नु र आपत्कालीन रूपमा प्राथमिक उपचार गर्नु मानवीय सहयोगको पहिलो कार्य हो । विपद्मा परेका व्यक्तिको खोजी गरी उद्धार गर्नु, घरपालुवा पशुको उद्धार र समुदायको धनसम्पत्तिको सुरक्षा गर्नु यस क्षेत्रको प्रमुख दायित्व हुनेछ ।

खोजतलास तथा उद्धारको क्षेत्रगत उद्देश्य

विपद्मा फँसेका मानिसलाई भेदभावरहित ढङ्गले उद्धार गरी सुरक्षित स्थानसम्म पुऱ्याउनु खोज तथा उद्धार क्षेत्रको प्रमुख उद्देश्य हुनेछ । यस क्षेत्रका थप उद्देश्य निम्नअनुसार हुनेछन् :

- विना भेदभाव बाढी प्रभावितहरूलाई उद्धार गरी सुरक्षित राख्नु,
- विपद्मा परेकाहरूलाई, विशेषगरी महिला, बालबालिका, बूढाबूढी, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिएर उद्धारका लागि खोजी गर्नु,
- प्रभावितहरूको जीवन तत्काल बचाउनु,
- घाइतेको प्राथमिक उपचार गरी आवशयकताअनुसार अस्पताल पुऱ्याउने व्यवस्था मिलाउनु,
- सम्भावित मानवीय क्षती कम गर्नु,
- सुरक्षित स्थानको खोजी गर्नु र अस्थायी बसोबासको लागि सहयोग गर्नु ।

३.११.५.३. गैह्र खाद्य सामग्री क्षेत्र

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य नभए सम्म दैनिक जीवनयापनको लागि खाँडावर्तन, ओड्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने वर्तन र इन्धनको व्यवस्था गर्नु पर्ने हुन्छ। गैह्रखाद्य क्षेत्रले विस्थापितको लागि उल्लिखित मानवीय सेवा उपलब्ध गराउँछ।

गैह्र खाद्यको क्षेत्रगत उद्देश्य

विपद्मा परी विस्थापित भएका मानिसका लागि न्यूनतम मानवीय मापदण्डसहित सामाजिक, सांस्कृतिक रूपमा स्वीकार्य हुने अस्थायी आवासको व्यवस्थापन गरी सुरक्षित बासस्थानमा आत्मसम्मानसहित उनीहरूको पहुँच कायम गराउनु यस क्षेत्रको प्रमुख उद्देश्य रहेको छ। यस क्षेत्रका समष्टिगत उद्देश्य निम्नअनुसार छन् :

- विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानव अधिकारको उपभोग गर्न सक्षम बनाउनु,
- घरायसी आवश्यकताका भाँडा-कुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागि आवश्यक सामाग्रीहरूमा विस्थापितको समानुपातिक पहुँच गराउनु।

३.११.५.४ जिल्ला स्थित क्षेत्रगत क्लष्टरमा रहेका संस्थाको नाम र सम्पर्क ठेगाना निम्नअनुसार छ :

क्रस	सदस्य संस्था	ठेगाना	सम्पर्क व्यक्तिको नाम	फोन नम्बर	मोबाईल नम्बर
१	जिल्ला प्रशासन कार्यालय,सुनसरी	इनरुवा	केशव खतिवडा	०२५-५६०१५१	९८५२०६६०६६
२	धरान उ.म.न.पा.	धरान	हर्क साम्पाङ्ग राई		९७४६९६५१९८
३	इटहरी उ.म.न.पा.	इटहरी	हेमकर्ण पौडेल		९८५२०४८६८८
४	इनरुवा नगरपालिका	इनरुवा	केदार भण्डारी		९८५२०२६०५२
५	दूहवी नगरपालिका कार्यालय	दूहबी	बेदनारायण गच्छदार		९८५११५६०२४
६	रामधूनी नगरपालिका कार्यालय	झुम्का	शंकरलाल चौधरी		९८५२०६२५००
७	बराहक्षेत्र नगरपालिका कार्यालय	महेन्दनगर	रमेश कार्की		९८०४३२०२९७
८	कोशी गाउपालिका कार्यालय	लौकही	ऐयूब अन्सारी		९८४१२५४४२९
९	हरिनगरा गाउपालिका कार्यालय	हरिनगर	गफार अन्सारी		९८५२०३१३१२
१०	देवानगंज गाँउपालिका कार्यालय	देवानगंज	बेचत प्रसाद मेहता		९८०८२६७८२४
११	बर्जू गाउपालिका कार्यालय	बर्जु	जिवछ कुमार राय		९८४२०२०५६३
१२	गढी गाउँपालिका कार्यालय	औरावनी	आस नारायण चौधरी		९८५२०२७५९३
१३	भोक्राहा गाउपालिका कार्यालय	भोक्राहा	अजमल अख्तर मिया		९८५२०८८३८०
१४	जिल्ला समन्वय समिति,सुनसरी	इनरुवा	राजन मेहता	०२५-५६१७५५	९८४२०५७६८३
१५	नेपाल रेडक्रस सोसाइटी,सुनसरी	धरान	उमेश थापा	०२५-५२०२५८	९८४२०३९८८८
१६	नेपाली सेना,श्री कृष्ण दल गण	ईटहरी	अमित लामा		९८५६०६०५८८
१७	सशस्त्र प्रहरी वल नेपाल न.४ गण	पकली	लकेस कुमार तुम्वाहाफे	०२५-५६१७००	९८५१२७२१०३
१८	राष्ट्रिय अनुसन्धान कार्यालय	इनरुवा	तिलक शर्मा प्रसाई	०२५५६००२५	९८५१२२३२६३
१९	जिल्ला प्रहरी कार्यालय,सुनसरी	इनरुवा	प्रभु प्रसाद ढकाल	०२५५६०१००	९८५२०८५५५५
२०	नेपाल पत्रकार महासंघ,सुनसरी	इटहरी	जनक त्रिसी राई	०२५४७६०९६	९८४१३०८२८०
२१	जिल्ला स्वास्थय कार्यलय	इनरुवा	सागर प्रसाई		९८५२०५६६४०
२२	जिल्ला अस्पताल	इनरुवा	डा. देवराज घिमिरे		९८५१२५३६५३

२३	जिल्ला शिक्षा समन्वय समिति	इनरुवा		०२५५६०१५२	
२४	डिभिजन वन कार्यलय	इनरुवा	धर्मनाथ यादव		०२५५६०१७८
२५	कृषि ज्ञान केन्द्र	इनरुवा	निल कमल सिंह		०२५५६०१२४
२६	सेभ द अर्थ	इनरुवा	पुष्प भट्टराई	०२५५६०८८५	९८४२०६१०९३
२७	NGO Fedration, Sunsari	इनरुवा	मेघराज न्यौपाने	०२५५६१७८४	९८५२०४२४९९
२८	प्लान इन्टरनेशनल नेपाल	जनकपुर	केदार खतिवडा		९८५२०५४५०४
२९	DEOC, Sunsari	इनरुवा	डम्बर गौतम	०२५५६०४९४	९८०७३२६८०३
३०	CSDC,Sunsari	इनरुवा	इन्द्र कर्ण		९८०७३५०२१६
३१	RSDC, Sunsari	इनरुवा	रफुल अन्सारी		९८०४०९५६६१
३२	सामाजिक जिवन केन्द्र,नेपाल	इनरुवा	हजरत मन्सुरी		९८४२०२४६६६
३३	मानव अधिकार संजाल सुनसरी	इनरुवा	रमेश भट्टराई		९८५२०५४९४६
३४	महिला मानव अधिकार रक्षक संजाल,सुनसरी	इनरुवा	शहजादी प्रविन		९८१०४२०३१२
३५	इन्सेक सुनसरी	इनरुवा	जयकृष्ण यादव		९८४२१२५२७५
३६	सुन्दर समाज निर्माण समुह	इनरुवा	इन्द्रमाया बि.क.		९८०७०६०३३३
३७	स्थानीय तहका सबै वडाहरु	सुनसरी	अध्यक्षहरु		

परिच्छेद :४
सामान्य पूर्वतयारी योजना (सम्पुर्ण बिषयगत क्षेत्रहरुको)

४.१ सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

विपद्को समयमा आपतकालीन कार्य योजनालाई संवोधन गरी उपयूक्त पूर्व तयारीको सुनिश्चित गर्न तालिकामा उल्लेखित पूर्व तयारीका प्राथमिकता पूर्ण कार्यहरु जिल्ला विपद् व्यवस्थापन समितिको बैठक तथा कार्यशालाले सहमति निर्माण गरी तय गरेको छ । प्राथमिकता प्राप्त पूर्वतयारी कार्य र कार्यान्वयन कार्यतालिका सहीतको कार्य योजना निम्नानुसार रहेको छ ।

सि.न	प्राथमिकता प्राप्त पूर्व तयारी कार्यको सूची	मुख्य जिम्मेवार निकाय	कार्यान्वयन गर्ने तरिका	समय सिमा
१	DEOC,LEOC लाई मनसुनको समयमा र अन्य समयमा पनि चुस्त राख्ने ।	स्थानियतह,जिप्रका		यस वर्ष
२	स्थानिय तह,नेपाल प्रहरी र रेडक्रसलाई विपदले पुयाएको क्षति र तत्कालको आबश्यकताको पहिचान गर्न लेखाजोखा विधि IRA Mobile App सम्वन्धि अभिमुखिकरण गर्ने ।	नेरेसो, सबै स्थानिय तह	तलिम, अभिमुखीकरण	बैशाख पहिलो साता
३	आपतकालिन अवतरणको लागि हेलिप्याडको सभांव्यवत अध्ययन र हेलिप्याड निर्माण कार्य अघि बढाउने	सबै स्थानियतह,नेपाली सेना	अध्ययन	यस वर्ष
४	स्थानिय तहहरुले स्थानीय तहमा विपद् पछिको अस्थायी बसोबासका लागि सुरक्षित भवनको निर्माण पहिचान कार्यलाई निरन्तरता गर्ने ।	जि.वि.व्य.समिति, स्थानीय तह	भेलातथा बैठक	यस वर्ष
५	सबै स्थानिय तहहरुले आआफ्नो क्षेत्रको सम्भावित जोखिमको अवस्था , उच्च जोखिममा रहेका घरधुरी आदिको विवरण संकलन गर्ने ।	जि.वि.व्य.समिति	बैठक	निरन्तर
६	खोज उद्धार तथा राहत बितरण कार्यमातत्काल सहजिकरण गर्नका लागि नेपाली सेना, नेपालप्रहरी, र शसस्त्र प्रहरी बलको Quick Response Teamलाई तयारी अबस्थामा राख्ने ।	सुरक्षा निकाय		
७	आगलागीको उच्चजोखिम क्षेत्रमाआगजनी सुरक्षाको विशेष कक्षा विद्यालयहरुमा सञ्चालन गर्ने अग्नि नियन्त्रण सामानको व्यवस्थापन गर्ने	शिक्षा क्षेत्र, स्थानीयतह	अभिमुखीकरण कक्षा	फाल्गुण भित्र
८	विपद् जोखिम व्यवस्थापन सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने (महिला, बालबालिका, अपांग, जेष्ठ नागरिक, राजनीतिक पार्टीका नेता र कार्यकर्ता, नागरिक समाज, प्रकोप प्रभावित , यूवा, स्थानीय स्तरमा योजना निर्माणमा सहभागीहुने व्यक्तिहरु, सामाजिक अगुवाहरु, शिक्षक र अभिभावक आदिलाई ।	नेरेसो, सबै स्थानिय तह,सुरक्षा निकाय	अभिमुखीकरण कक्षा	
९	आबश्यक राहत सामाग्री गोदाममा भण्डारण गर्ने साथै एकद्धार प्रणलिद्धारा राहत वितरण गर्ने ।	जि.वि.व्य.समिति, जिसस, नेरेसो, स्थानीय तह	भेला तथा बैठक	आगामीवर्ष
१०	विपद् व्यवस्थापनका क्षेत्रमा कार्यरत सबै निकायहरूको बजेट जिल्ला र न.पा. र गा.पा..को बार्षिक योजनामा समावेश गर्ने	स्थानीय तह	भेला तथा बैठक	यस वष
११	बढि, आगलागि र भूकम्प सम्वन्धि समुदाय र विद्यालयमा पूर्व अभ्यास (simulation, mock drill) गर्ने	जि.वि.व्य.समिति, जिसस, नेरेसो,	अभ्यास	भाद्र भित्र

परिच्छेद : ५
पुर्वानुमानमा आधारित पूर्वतयारी तथा आपतकालिन प्रतिकार्य योजना
(सर्म्पूण विषयगत क्षेत्रहरुको लागी)

५.१ बाढीका सन्दर्भमा

सुनसरी जिल्ला बाढिको उच्च जोखिममा रहेको जिल्ला हो । बि.स.२०६५ सालको कोशी फुटेर भएको क्षत्ति, बि.स. २०७४ मा आएको बाढि, त्यस्तै वि.स २०७८ मा मात्र सुनसरी जिल्लामा आकस्मिक बाढीका कारण करोडौको कृषि बालीमा क्षर्ती पुगेको छ । कोशी किनारसग जोडिएका स्थानिय तहहहरु, बराहक्षेत्र, कोशी पालिक उच्च जोखिम पालिकामा पर्द । बाढिबाट उत्पन्न विपद्को अनुभवका आधारलाई समेत लिएर र विपद् जोखिम व्यवस्थापन योजनामा क्षतिको अनुमान गरिएको घरको संख्या र जनसंख्यालाई आधार मानेर विपद् पूर्वतयारी तथा प्रतिकार्यको योजना तयार गरिएको छ । बाढीको प्रकोपबाट सुनसरी जिल्लामा करीव ४०,००० घरधुरी जोखिमको अवस्थामा हुन सक्ने अनुमान गरिएको छ । यसका अलावा विद्यालय, स्वास्थ्य चौकी, विधुत, खानेपानी, सार्वजनिक भवनहरुमा पनि बाढीको प्रकोपबाट क्षति पुग्न जाने देखिन्छ ।

५.१.१ समन्वय तथा सूचना क्षेत्र

(क) पूर्वतयारी योजना

समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रले आपत्कालीन समयमा गर्ने उल्लिखित कार्यका लागि निम्नअनुसार पूर्वतयारी गर्नु पर्नेछ ।

क्र.सं	पूर्वतयारी गतिविधि	जिम्मेवार निकाय	सहयोगी निकाय	समय यावधि
१	सबै क्षेत्र प्रमुखको सहभागितामा पूर्वतयारी बैठक र कार्यशालाको आयोजना : ● मनसुन प्रारम्भ हुनुअघि पूर्वतयारी बैठक गर्ने ● क्षेत्रगत कार्ययोजनाको समीक्षा र पुनरावलोकन गर्ने ● जिल्लास्थित सरोकारवाला बीच समन्वय गरी कार्यशाला गर्ने ।	जि.वि.व्य.स. जिसस	सबै क्षेत्रका प्रमुख, दातृनिकाय, अ/गैसस	पहिलो बैठक जेठ पहिलो हप्ताभित्र । क्षेत्रगत समिक्षा र अन्तिम कार्यशाला जेठ मसान्तभित्र
२	सङ्कटासन्न वडामा गठन भएका पूर्वसूचना तथा समन्वय समितिहरूलाई परिचालन गर्ने	स्थानिय विपदव्यवस.	स्थानियतह, अ/गैसस	नियमित रूपमा
३	साझेदार तथा सहयोगी निकायको सूचीतयार गर्ने	क्षेत्र प्रमुख	दातृनिकाय, अ/गैसस	जेठ १५ भित्र
४	Stand by Agreement of all clusters गर्ने	क्षेत्र प्रमुख	दातृनिकायअ/गैसस	मंसिर भित्र
५	**बहुक्षेत्रगतप्रारम्भिकदूत लेखाजोखा(MIRA)तयारी**			
५.१	सबै क्षेत्रका एक-एक सदस्य रहेको मिरा कार्यदल गठन गर्ने	क्षेत्र प्रमुख	जि.वि.व्य.स. सबै क्षेत्र प्रमुख	वैशाखमसान्त
५.२	मिरा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र तालिम प्राप्त जनशक्तिको रोष्टर तयार गर्ने	क्षेत्र प्रमुख	जि.वि.व्य.स.दातृ निकायअ/गैसस	जेठको पहिलो साता
५.३	मिराको लागि फाराम र निर्देशिका तयार गरी एक-एक हजार प्रतितयार गर्ने	क्षेत्र प्रमुख	जि.वि.व्य.स., दातृ निकायअ/गैसस	जेठको पहिलो साता
५.४	मिराको कार्यान्वयनको लागि सम्पर्क व्यक्तितोक्ने	जि.वि.व्य.स.	क्षेत्रप्रमुखहरू	जेठको पहिलो साता
५.५	आधार रेखा सर्वेक्षण गरी तथ्याङ्कलाई सूचना केन्द्रमा अध्यावधिक गर्ने	क्षेत्र प्रमुख	जिससदातृ निकाय अ/गैसस	जेठको पहिलो साता
६	जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र मार्फत सूचना केन्द्र,प्रदेश पालिकामा पठाउने	क्षेत्र प्रमुख तथा तोकिएको	जिल्ला प्रशासन, दातृनिकाय,	श्रावण महिनाभित्र ।

क्र.सं	पूर्वतयारी गतिविधि	जिम्मेवार निकाय	सहयोगी निकाय	समय यावधि
		अधिकारी		
६	सबै स्थानियतह र विशेषगरी सङ्कटासन्न स्थानले सञ्चार सुविधाको व्यवस्था मिलाउनका लागि आवश्यक व्यवस्था गर्ने	क्षेत्रप्रमुख	गा.पा सञ्चार सेवा प्रदायक निकाय	जेठ महिना भित्र
७	सङ्कटासन्न स्थानियतहहरुको बाढी पूर्वको समग्र अवस्था प्रष्ट्याउने वृत्तचित्र तयार गर्ने	क्षेत्रप्रमुख	जिसस,जि.वि.व्य.स., दातृ निकाय	असार १५ भित्र
८	जोखिमयुक्त स्थानियतहहरूमा पूर्व चेतावनी (Early Warning)का लागि माइक, साइरन व्यवस्थापन गर्ने ।	क्षेत्रप्रमुख वा तोकिएको सदस्य	जि.वि.व्य.स., जिसस, दातृ निकाय, गाउंपालिका	असार पहिलो साताभित्र
९	पूर्वसूचना तथा चेतावनी प्रणालीलाई निर्वाध रूपमा सञ्चालन गर्न कोषको स्थापना गर्ने	स्थानिय विपद् व्यवस्थापन समिति	गाउंपालिका साप्रव्यस,	असार मसान्तसम्म
१०	जनचेतना अभिवृद्धिका गतिविधि सञ्चालन गर्ने • विपद् सम्बन्धी जनचेतना अभिवृद्धि गर्न पम्प्लेट, पोष्टर, पर्चा तयार गरी विशेषगरी सङ्कटासन्न ठाउहरुमा वितरण गर्ने । • एफएम रेडियो तथा पत्रपत्रिका मार्फत विपद् सम्बन्धी ज्ञान तथा जानकारी प्रचार प्रसार गराउने	क्षेत्र प्रमुख वा तोकिएको सदस्य	जिसस,दातृ निकाय, गैसस सञ्चार माध्यम	नियमित रुपमा
११	आधार रेखा सर्वेक्षण गर्ने र सबै क्षेत्रलाई उपलब्ध गराउने	क्षेत्र प्रमुख वा तोकिएको सदस्य	जि.वि.व्य.स., जिसस, गाउंपालिका	श्रावण पहिलो हप्ता
१२	बाढी र यसबाट बच्ने ज्ञान प्रवाह गर्ने	क्षेत्र प्रमुख	क्षेत्रका सदस्य, सञ्चारकर्मी	वैशाखदेखि श्रावणसम्म

(ख) आपतकालिन प्रतिकार्य योजना

बाढी आएको अवस्था र त्यसपछि स्थिति सामान्यन भएसम्मको लागि मानवीय सहयोग उपलब्ध गराउने प्रक्रियामा समन्वयतथा सूचना क्षेत्रले निम्नअनुसार कार्य गर्नु पर्ने व्यवस्था गरिएको छ :

क्रसं.	सहयोग गतिविधि	जिम्मेवारी	सहयोगी निकाय तथा संस्था	कहिले सम्म
क	प्रारम्भिक सहयोग सम्बन्धी गति विधि (तत्काल ०-३० दिनसम्मको लागि			
१	बाढी आउनासाथ उपकरण सहित खोज तथा उदार कार्यको लागि खोज तथा उदार टोली परिचालन गर्न प्रमुख जिल्ला अधिकारीले निर्देशन दिने । खोज तथा उद्धार टोली परिचालन भै खोज तथा उद्धार कार्य गर्ने जिल्ला विपद् व्यवस्थापन समितिको समन्वय बैठक आयोजना गर्ने जानकारी तथा सूचना सङ्कलन गरी परिस्थितिको विश्लेषण गर्ने सबै क्षेत्र र तिनका सदस्यलाई सक्रियपार्ने, परिस्थिति अनुसार कार्यविभाजन गर्ने	क्षेत्र प्रमुख	जिल्ला प्रशासन कार्यालय, जिसस, क्षेत्रका सदस्य	बाढी सुरू भएको पहिलो घण्टा देखि निरन्तर आवश्यकता भए सम्म
२	नेपाल रेडक्रस सोसाइटीको द्रूत लेखा जोखा सम्बन्धी(Initial Rapid Assessment/IRA) फारामको प्रयोग गरी तत्कालीन मानवीय सहयोगको लागि सूचना सङ्कलन गर्ने	क्षेत्र प्रमुख	सुरक्षा निकाय नेरेसो,स्थानिय तह	२४ घण्टाभित्र
३	सञ्चार माध्यममा हरेक दिन सूचना तथा समाचार उपलब्ध गराउने	क्षेत्र प्रमुख	सबै क्षेत्र प्रमुख	आवश्यकताअनुसार
४	बहुक्षेत्रगत प्रारम्भकि द्रूत लेखाजोखा सञ्चालन गर्ने मिरा (Multi–Initial Rapid Assessment/MIRA) कार्यदल परिचालन गरी बाढीबाट भएको क्षति तथा प्रभावको बिस्तृत सूचना सङ्कलन गर्ने,	क्षेत्र प्रमुख	जिसस, क्षेत्रका तोकिएका सदस्य, नेरेसो,	३ देखि ५ दिनभित्र
५	सङ्कलित सूचना तथा तथ्याङ्कको आधारमा प्रतिवेदन तयार पार्ने, आधार रेखा(Base Line)का तथ्याङ्कको समीक्षा गर्ने, प्रभावित परिवारको सङ्ख्या प्रक्षेपण गर्न प्रभावित गापा सगँ तथ्याङ्क	क्षेत्र प्रमुख	मिरा कार्यदल, सुरक्षा निकायदातृ निकायअ/गैसस,	पहिलो प्रतिवेदन- ७ दिनभित्र दोस्रो प्रतिवेदन- १५

क्रसं.	सहयोग गतिविधि	जिम्मेवारी	सहयोगी निकाय तथा संस्था	कहिले सम्म
	प्राप्त गरी तुलनात्मक समीक्षा गर्ने, प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको अवस्था र स्रोतको समीक्षा गर्ने, जिल्लामा उपलब्ध उद्धार तथा अन्य प्रतिकार्य सम्बन्धी सेवा, क्षमता र उद्धार सामग्रीको अवस्थाको समीक्षा गर्ने, नपुग स्रोत तथा साधनको यकीन गर्न प्रतिवेदन मार्फत सबै क्षेत्रलाई उत्प्रेरित गर्ने,		नेरेसो, नेपाल सरकार	दिनभित्र आवश्यकता अनुसार अद्यावधिक गर्ने
६	तयार प्रतिवेदन जि.वि.व्य.स.,अन्य क्षेत्र, नेपाल सरकार र अन्य सरोकारवालालाई उपलब्ध गराउने	क्षेत्रप्रमुख	क्षेत्रका सदस्य	नियमित रूपमा
७	प्रभावकारी कार्यान्वयन गर्नको लागि सम्बन्धित क्षेत्रहरू (Clusters)लाई सल्लाह र सुझावदिने, सुरक्षा क्षेत्रसँग समन्वय गरी मानवीय सहयोगमा संलग्न संस्थातथा व्यक्तिलाई सुरक्षा उपलब्ध गराउने	क्षेत्रप्रमुख	सबै क्षेत्र प्रमुख तथा सदस्य	,,
८	सहयोगको कार्यतालिका अध्यावधिक गर्न निम्न कार्य गर्ने: (IRA)बाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण क्षेत्रगत समूह को लागि सहयोगको थप कार्यतालिका तयारी, क्षेत्रका सदस्य, जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवालालाई अध्यावधिक कार्यतालिका उपलब्ध गराउने	क्षेत्रप्रमुख क्षेत्रका तोकिएका सदस्य	जिसस नेरेसो अ/गैसस दातृनिकाय	५-७ दिनभित्र ७ दिनभित्र
९	स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना(Cluster Contigency Plan/ CCP)को समीक्षा गर्ने	क्षेत्र प्रमुख	जिसस क्षेत्र अगुवाहरू	७ दिनभित्र
१०	नियमित सूचना प्रवाहका लागि विपद् व्यवस्थापन समिति सँग नियमित सम्पर्क कायम गर्ने ।	जिल्ला प्रशासन, नगर प्रमुख	गापा प्रमुख	पहिलो हप्ता प्रत्येक दिन, त्यसपछि आवश्यकताअनुसार
११	मानवीय सहयोगका लागि तयारी अवस्थामा राखिएका सेवा सम्बन्धी सम्झौता(Standby Agreements)कार्यान्वयन गर्ने	क्षेत्रप्रमुख	सबै क्षेत्र प्रमुख तथा जिम्मेवारी तोकिएको सदस्य	७-१० दिन
१२	मानवीय सहयोगको अनुगमन गर्ने र सुधारका लागि पृष्ठपोषण (Feedback)लिने तथादिने	क्षेत्रप्रमुख	अन्यक्षेत्रप्रमुख	नियमित रूपमा
१३	आपत्कालीन सूचना प्राप्त गर्न र प्रवाह गर्न जिल्ला आपतकालिन संचालन केन्द्रको प्रयोग गर्ने	जिल्ला प्रशासन कार्यालय	जि.वि.व्य.स.	नियमित रूपमा
१४	राहत वितरणलाई निर्विवाद बनाउन राजनीतिक दलहरूको सहभागितालाई अनिवार्य गराउने	जि.वि.व्य.स.	जिसस,गापा, नपा	प्रारम्भदेखि नै
१५	विस्थापितलाई परिचयपत्र वितरण गर्ने	जि.वि.व्य.स.	अन्यक्षेत्र	आवशयकता अनुसार वाशिविर स्थापनाहुना साथ
	अन्तरिम अवधिका लागि मानवीय सहयोग उपलब्ध गराउन गर्नु पर्ने गतिविधि ३० दिन पछिको लागि			
१६	क्षेत्रगत समन्वय बैठक र सहयोग परिचालन	जि.वि.व्य.स.	क्षेत्रका प्रमुख सरोकारवाला निकाय	आवश्यकता अनुसार
१७	क्षेत्रगत(Cluster)समन्वय बैठक	क्षेत्रगत प्रमुख	जि.वि.व्य.स. क्षेत्र प्रमुख	हप्तामा एक पटक
१८	आवश्यकताको विस्तृत लेखाजोखा र विश्लेषण गरी आवश्यकता अनुसार प्रतिकार्य गर्ने	क्षेत्र प्रमुख	जिसस, क्षेत्रका सदस्य राजनीतिक संयन्त्र	१५-२१ दिन
१९	निर्धारित अवधिको लागि स्रोतहरूको पहिचान, विश्लेषण र परिचालन गर्ने	क्षेत्र प्रमुख	जि.वि.व्य.स., सरकार दातृनिकाय	१५दिनसम्ममा

क्रसं.	सहयोग गतिविधि	जिम्मेवारी	सहयोगी निकाय तथा संस्था	कहिले सम्म
२०	अन्तरिम अवधिका लागि मानवीय सहयोग सम्बन्धी गतिविधि पहिचान गरी काम गर्नेक्षेत्रहरू परिचालन गर्न समन्वय गर्ने	क्षेत्र प्रमुख	जिसस क्षेत्रका सदस्य, अ/गैसस	विपद्को स्वरुप र उत्पन्न परिस्थितिका आधारमा सरकारको निर्देशनमा सहयोग परिचालन गराउने
२१	प्रतिवेदनलाई अद्यावधिक गर्ने	क्षेत्रप्रमुख	जि.वि.व्य.स	हप्तामा एक पटक
२२	मानवीय सहयोगको अनुगमन	क्षेत्रप्रमुख	जिसस,जि.वि.व्य.स.	नियमित रूपमा
	लामो समयमानवीय सहयोग उपलब्धगराउनु परेमा (९० दिनभन्दा बढी अवधिको लागि)			
२३	अवस्थाको विश्लेषण गरी प्रदेश सरकारसँग समन्वयगर्दै आवश्यक निर्णय गर्ने	क्षेत्रप्रमुख	जि.वि.व्य.स. सरकार	

५.१.२ खोज तथा उद्धार क्षेत्र

(क) पूर्वतयारी योजना

क्र.सं	गतिविधि	जिम्मेवारी	सहयोगी	समयावधि
१	विपद्मा उद्धारका लागि परिचालनहुने उद्धारकर्मीको चयन गरी कार्यदल गठन गर्ने	क्षेत्रप्रमुख	नेपाल प्रहरी, शप्रबल, नेपाली सेना	असार पहिलो साता
२	उद्धारको लागि थप जनशक्ति आवश्यक परेमाथपगर्न सकिनेगरी वैकल्पिक उद्धारकर्मीको व्यवस्था मिलाउने	क्षेत्रप्रमुख	नेपाल प्रहरी, शप्रबल, नेपाली सेना नेपाल सरकार	असार १५ गते सम्म
३	तत्कालीन उद्धारको लागि स्थानीय तहबाट प्राप्तहुने जनशक्ति, उद्धारका लागि आवश्यक पर्ने साधनको पहिचान र नकसाङ्कन गर्ने	क्षेत्रप्रमुख	जि.वि.व्य.स, नेरेसो, अ/गैसस, सुरक्षा निकाय	असार पहिलो साताभित्र
४	उद्धार कार्यदललाई मानवीय सहयोग तथा उद्धारकार्यमा परिचालन हुँदा अपनाउनु पर्ने सतर्कता, उत्तर दायित्व जस्ता विषयमा अनुशिक्षण दिने	जि.वि.व्य.स.	जि.वि.व्य.स., दातृ निकाय, नेरेसो, अ/गैसस	असार मसान्त भित्र
५	खोज तथा उद्धार कार्यदललाई प्रयोगात्मक तालिम दिने सामुदायिक प्रकोप व्यवस्थापन समिति, नेरेसोका स्वयंसेवक, स्थानीय समुदाय	क्षेत्र प्रमुख	जि.वि.व्य.स.	जेष्ठभित्र
६	आपत्कालीन आवासको लागि सुरक्षित स्थानको पहिचान (खाली स्थान, आकस्मिक आवास भवन)	क्षेत्र प्रमुख	जि.वि.व्य.स., गाउंपालिका सुरक्षानिकाय	जेठ मसान्त
७	स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी प्राथमिक उपचार सामग्रीको व्यवस्था र चिकित्सक र नर्स पहिचान गरी विपद्मा प्राप्तहुने सेवाबारे सम्झौता गर्ने	क्षेत्र प्रमुख	स्थानीयतहका स्वास्थ्यशाखाहरु	जेठ मसान्तभित्र
८	खोज तथा उद्धारसम्बन्धी कार्यको लागि अनुगमन टोली गठन गर्ने	क्षेत्र प्रमुख	राजनीतिक दल नागरिक समाज, नेरेसो	असार सम्म
९	एफ एम रेडियोहरू मार्फत पूर्वचेतनावनी तथा पूर्व सूचना प्रशार गर्ने	क्षेत्र प्रमुख	जि.वि.व्य.स. सञ्चारमाध्यम	जेठको प्रारम्भ देखि असार मसान्तसम्म
१०	वैकल्पिक बाटो नभएको क्षेत्रमा उद्धार गर्न डुङ्गावाअन्य वैकल्पिक उपायपहिचान गर्ने	उद्धार कार्यदल	जि.वि.व्य.स., जिसस, स्थानीयतह,	असार पहिलो साता
११	उद्धारका लागि आवश्यक सवारी साधन, स्वयंसेवक, सुरक्षित स्थानको उपयोगका लागि सरोकारवाला सँग सम्झौता गर्ने	क्षेत्र प्रमुख	जि.वि.व्य.स., स्थानीयतह, जिसस	असार दोस्रो साताभित्र

(ख) आपतकालिन प्रतिकार्य योजना

जिल्लामा सम्भावित बाढीको परिदृष्यअनुरुप खोज तथा उद्धार क्षेत्रले निम्नअनुसारका कार्य गर्नेछ :

क्र.स.	प्रतिकार्यसम्बन्धीगतिविधि	जिम्मेवारी	सहयोगी	समयावधि
१	समन्वय तथा व्यवस्थापन प्रारम्भ गर्ने	क्षेत्र प्रमुख	सुरक्षा निकायहरू	बाढी आउना साथ
२	स्थानीय स्वयंसेवक परिचालन गर्ने	क्षेत्र प्रमुख	नेरेसो, क्षेत्र प्रमुख	बाढी आउना साथ
३	खोज तथा उद्धार कार्यदल परिचालन गर्ने र जिवितहरुको उद्धार गर्ने	क्षेत्र प्रमुख	सुरक्षानिकायहरु	बाढी आउना साथ
४	प्रभावित क्षेत्रको सुरक्षाप्रबन्ध मिलाउने	जिल्ला प्रहरी कार्यालय	जिल्लाप्रहरी कार्यालय, शप्रबल,	बाढी आउना साथ
५	बाढीबाट बढी प्रभावित स्थलको स्तर पहिचान गरी उद्धारको प्राथमिकता निर्धारण गर्ने	उद्धार कार्यदल	जिल्लाप्रहरी कार्यालय, न.पा./गा.पा., नेरेसो	बाढी आउना साथ
६	डुबेका, बगेका र भत्किएका घरहरू पहिचान गर्ने	उद्धार कार्यदल	राजनीतक दलहरू, नेरेसो	स्थिति सामान्य नभएसम्म
७	विशेषगरी महिला, बालबालिका, अशक्त, बूढाबूढी जस्ता सङ्कटासन्न वर्गलाई खोज तथा उद्धारमा प्राथमिकतादिने	उद्धार कार्यदल	राजनीतिक दल नेरेसो	पीडितको उद्धार नसकिएसम्म
८	सामान्य नागरिकको खोजीतथा उद्धारलाई निरन्तरतादिने	उद्धार कार्यदल	नेरेसो	पीडितको उद्धार नसकिएसम्म
९	पीडित नागरिकका बहुमूल्य सम्पत्ति सुरक्षा गरी निकाल्ने	उद्धार कार्यदल	सुरक्षा निकाय	उद्धार नसकिएसम्म
१०	प्रभावित क्षेत्रका घरपालुवा पशुको उद्धार गर्ने	उद्धार कार्यदल	सुरक्षा निकाय	उद्धार नसकिएसम्म
११	प्रभावित क्षेत्रको सुरक्षाका लागि स्थानीय निकायसँग समन्वय गरी सुरक्षा समिति गठन गर्ने र परिचालन गर्ने	उद्धार कार्यदल	नेरेसो, राजानीतकदलहरू, सुरक्षा निकाय	आवश्यकता अनुसार
१२	प्रभावित क्षेत्रमा, हिंसा, लुटपाटका घटना हुनन दिन आवश्यक सुरक्षा व्यवस्था मिलाउने	उद्धार कार्यदल	जिल्लाप्रहरी,	आवश्यकता अनुसार
१३	बाढीमा परी घाइते भएका व्यक्तिको प्राथमिक उपचार गर्ने र अस्पताल पुऱ्याउने प्रबन्ध मिलाउने	उद्धार कार्यदल	स्वास्थ्यकार्यदल, नेरेसो,	उद्धार र प्राथमिक उपचार नभएसम्म
१४	राहत वितरण कार्यमा आवश्यकता अनुसार खाद्य क्षेत्रलाई सहयोग गर्ने	सुरक्षानिकाय	स्थानीय स्वयंसेवक, राजनीतिकदलहरू	नियमित रूपमा
१५	उद्धार र सुरक्षाको विषयमा आवश्यक सूचना सङ्कलन गरी प्रतिवेदन तयार गर्ने	क्षेत्रप्रमुख	सुरक्षा कार्यदल	हप्तामा एकपटक
१६	निम्नअनुसार अभिलेख तयार गर्ने उद्धार गरिएकाव्यक्ति, बेपत्ता वा मृत्यु भएकाव्यक्ति नष्ट भएका घर, विद्यालय वा अन्य भौतिक सम्पत्ति मरेका घरपालुवापशु, क्षतिग्रस्त भौतिक सम्पत्ति क्षतिग्रस्त बाली र खेती योग्य भूमि मानिसहरुको शव तथा पशुहरुको लाशको व्यवस्थापन गर्ने	क्षेत्रप्रमुख	जि.वि.व्य.स., नेरेसो	नियमित रूपमा
१७	उद्धारकार्यको अनुगमन गरी प्रतिवेदन तयार गर्ने र सरोकारवाला निकायमा पठाउने	क्षेत्रप्रमुख	जिल्लाप्रहरी कार्यालय, शप्रबल, नेपाली सेना	स्थिति सामान्य नभएसम्म

५.१.३ गैह्र खाद्य क्षेत्र

जिल्लामा बाढीजन्य विपद् परेमा विस्थापित व्यक्ति तथा समुदायलाई विना भेदभाव न्यूनतम मापदण्ड पूरा गर्दै अस्थायी आवासको व्यवस्थाका लागि आवास क्षेत्र तथा गैह्रखाद्य क्षेत्रले निम्नाअनुसारका कार्य गर्नेछ :

(क) पूर्वतयारी योजना

बाढीबाट उत्पन्न विपद्को आपत्कालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन गैह्रखाद्य क्षेत्रले निम्नअनुसार पूर्वतयारीका कार्य गर्नु पर्छ :

क्र.सं.	पूर्वतयारी सम्बन्धी गतिविधि	जिम्मेवारी	सहयोगी	समयावधि
१	क्षेत्रमा संलग्न सदस्य संस्थाहरूको विवरण अद्यावधिक गर्ने	क्षेत्रप्रमुख	जि.वि.व्य.स.	पौष र माघ
२	पूर्वतयारी समन्वय बैठक आयोजना गर्ने, स्रोत र साधनको नक्साङ्कन गर्ने, जिल्लाको परिस्थितिअनुसार सहयोग उपलब्ध गराइने सामग्रीहरूको मापदण्ड निर्धारण गर्ने, प्रभावित हुन सक्ने जनसङ्ख्याको आधारमा आवश्यक सामग्रीहरूको परिमाण आँकलन गर्ने	क्षेत्रप्रमुख	जि.वि.व्य.स., जि.स.स, क्षेत्रका सबै सदस्य	जेठको पहिलो साता
३	पूर्वतयारीका लागि कार्यदल गठन गर्ने	क्षेत्रप्रमुख	,,	असार पहिलो साता
४	सम्भावित सहयोगी निकाय तथा संस्थाहरूको पहिचान गरी गैह्र खाद्यका लागि उपलब्ध साधन र स्रोतको सूचीतयार गर्ने	कार्यदल	क्षेत्रका सदस्य	असार पहिलो साता
५	अस्थायी बसोबासको लागि अन्य न.पा. र गा.पा.का सुरक्षित सार्वजनिक जग्गा तथा स्थानको उपयोग गर्ने सहमतिलिने	कार्यदल	जि.वि.व्य.स., स्थानीय तह, ने.रे.सो.	असार पहिलो साता
६	आवास तथा गैह्र खाद्य सामग्रीको आपूर्तिको लागिबजार र बिक्रेताका वैकल्पिक सूचीबनाउने, आवश्यकता अनुसार सम्झौता गर्ने	कार्यदल	जि.वि.व्य.स., स्थानीयतह, नेरेसो,/गैसस	असारपहिलो साता
७	सङ्कटासन्न गा.पा. र न.पा.र अन्य सुरक्षित स्थानीय तहका सुरक्षित स्थानमा सामुदायिक आश्रय स्थल बनाउने	कार्यदल	जि.वि.व्य.स., गैसस, स्थानीयतह	वैशाख महिना
८	विस्थापित परिवारको लागि आश्रय स्थल बनाउन आवश्यक पर्ने बाँस, डोरी र खाना बनाउने भाँडा वर्तन, इन्धन आदि समयमै उपलब्धहुने व्यवस्था मिलाउने	कार्यदल	जि.वि.व्य.स., स्थानीय तह, नेरेसो, गैसस	जेठ दोस्रो साता
९	सामग्री वितरणको लागि यातायात तथा अन्य व्यवस्था मिलाउने	कार्यदल	जि.वि.व्य.स., नेरेसो,	जेठ मसान्त
१०	गोदाम घरको नियमित अनुगमन गरी जि.वि.व्य.स.लाई नियमित प्रतिवेदन दिने	क्षेत्र प्रमुख	क्षेत्रका सदस्य र कार्यदल	नियमित रूपमा
१२	गैह्रखाद्य सामग्री वितरणको पूरा सूची राख्ने र नियमित रुपमा प्रतिवेदन तयार गरी जि.वि.व्य.स. तथा अन्य सरोकारवालालाई उपलब्ध गराउने	क्षेत्र प्रमुख	क्षेत्रका अन्य सदस्य, कार्यदल	शिविर सञ्चालन भएमा नियमित
९	आवश्यक सबै सामान खरीद गरेर वा माथिल्लो निकायबाट निकासा लिएर भण्डारणको लागि बन्दोबस्ती क्षेत्रलाई आग्रह गर्ने	क्षेत्र प्रमुख		जेठ मसान्त भित्र
११	करिब १०,००० थान झुलको बन्दोवस्त गर्ने	कार्यदल	जि.वि.व्य.स., नेरेसो	जेठ मसान्त भित्र
१२	जनचेतना अभिवृद्धिका लागि सूचना प्रचार प्रसार गर्ने र पाठ्य सामग्री तयार गरी स्वयंसेवक परिचालन गर्ने	कार्यदल	जि.वि.व्य.स., नेरेसो, गैसस,	
१३	एम्बुलेन्सको सहज परिचालनको बन्दोवस्तमिलाउने	कार्यदल	जिस्वाका, नेरेसो, गैसस, उद्योग वाणिज्य सङ्घ	असारको पहिलो साता
१४	अनुगमन र प्रतिवेदनको लागि सदस्यतोक्ने	क्षेत्रको बैठक	क्षेत्रका सदस्य	असार मसान्त

(ख) आपतकालिन प्रतिकार्य योजना

क्र.सं.	प्रतिकार्य सम्बन्धी गतिविधि	जिम्मेवारी	सहयोगी	समयावधि
१	गैह्रखाद्य क्षेत्रको आपत्कालीन बैठक आयोजना गर्ने	क्षेत्र प्रमुख	जि.वि.व्य.स., नेरेसो, क्षेत्रका सदस्य	विपद् आउना साथ
२	विस्थापितको सङ्ख्या र जानकारी लिने पहिचान भएकालाई अस्थायी आवासमा बोसबास गराउने	क्षेत्र प्रमुख	जि.वि.व्य.स., सुरक्षानिकाय, नेरेसो,	विपद् आएपछि तुरुन्तै,
३	कार्यदललाई परिस्थिति विश्लेषणको लागि प्रभावित क्षेत्रमा पठाउने	क्षेत्र प्रमुख	क्षेत्रका सदस्य	विपद् आएको ४ घण्टा भित्र
४	प्राप्त सूचना र अवस्था अनुरुप कार्ययोजनाको समिक्षा गर्ने	क्षेत्र प्रमुख	गा.पा. र न.पा., नेरेसो, अ/गैसस	विपद् आएको १२ घण्टा भित्र
५	विस्थापितलाई पूर्वनिर्धारित स्थानहरू मातत्कालीनबासको व्यवस्था मिलाउने	क्षेत्र प्रमुख	जि.वि.व्य.स., नेरेसो, अ/गैसस	विपद् आएको १२ घण्टा भित्र
६	पूर्वनिर्धारित स्थानमा नअटेका विस्थापितलाई त्रिपालको व्यवस्था गरी तत्काल बसाउने	क्षेत्र प्रमुख	जि.वि.व्य.स., नेरेसो, अन्य/गैसस	विपद् आएको १२ घण्टा भित्र
६	तत्काल लगाउने लुगाफाटो तथाअन्य गैह्रखाद्य सामग्री वितरण गर्ने (महिला, वालबालिका, सुत्केरी तथा संवेदनशील व्यक्तिलाई विशेष ध्यानदिने)	क्षेत्र प्रमुख	जि.वि.व्य.स., नेरेसो, दातृ निकायअ/गैसस, नागरिक समाजका संस्थाहरू, स्थानीयतहहरु	१२ घण्टा भित्र
७	मानवीय सहयोग गर्ने संस्थाहरूसँग समन्वय गरी आवश्यक व्यवस्थामिलाउने	क्षेत्र प्रमुख	जि.वि.व्य.स., प्रस, नेरेसो, अ/गैसस	२ दिन भित्र
८	बहुक्षेत्र प्रारम्भिकद्रूत लेखाजोखाको लागि समन्वय क्षेत्रसँग सम्पर्क गरी तोकिएका सदस्यलाई सहभागी गराउने	क्षेत्र प्रमुख	समन्वयतथा सूचना व्यवस्थापन क्षेत्र, जि.वि.व्य.स.	७ दिनभित्र
९	मिराको प्रतिवेदनका आधारमा अस्थायी शिविर स्थापना गर्ने व्यवस्था मिलाउने	क्षेत्र प्रमुख	जि.वि.व्य.स., नेरेसो तथा क्षेत्रका अन्य सदस्य	९ दिन भित्र
११	आवश्यकता अनुसार ओछ्याउने, ओड्ने, लगाउने कपडा तथा खाना पकाउने, खाने भाँडावर्तन विनाभेदभाव वितरण गर्ने	क्षेत्र प्रमुख	जि.वि.व्य.स., नेरेसो, गा.पा. र न.पा. स्वयंसेवक	शिविर स्थापना भएपछि
१२	गैह्रखाद्य सामग्री वितरणको अनुगमन, मुल्याङ्कन र समिक्षा गर्ने	क्षेत्र प्रमुख	जि.वि.व्य.स., स्थानीयतह दातृनिकाय, नेरेसो	शिविर स्थापना भएदेखि
१४	प्रतिवेदन तयार गर्ने र सम्बन्धित क्षेत्र, सरोकारवालालाई उपलब्ध गराउने	क्षेत्र प्रमुख	क्षेत्रका सदस्य	हप्ताको एक दिन

५.१.४ बन्दोबस्ती क्षेत्र

(क) पूर्वतयारी योजना

क्र.	पूर्व-तयारी सम्बन्धी गतिविधि	जिम्मेवार निकाय	कहिलेसम्म
१	सवारी साधनको आंकलन आवश्यक संख्या, सवारीको प्रकार रहेको स्थान	प्रमुखजिल्लाअधिकारी	२०८०असारमसान्तभित्र
२	इन्धन र भाडा व्यवस्था	जिल्ला विपद् व्यवस्थापन समिती	२०८० असार मसान्त भित्र
३	भण्डारण तथा गोदाम घरको व्यवस्था	जिल्ला विपद् व्यवस्थापन समिति	२०८० श्रावणको पहिलो हप्ता
४	खाधान्नको व्यवस्थापन	जिल्ला विपद् व्यवस्थापन समिति	आवश्यकताअनुसार

(ख) आपत् कालीन प्रतिकार्य योजना

क्र.सं	आवश्यक स्रोत सामग्री	कहिले चाहिने	निकाय	समय	जिम्मेवार निकाय
१	उद्धारका लागि १० वटा सवारी साधन परिचालन	तत्काल, घटना हुने वित्तिकै	जि.वि.व्य.स., जि.स.स.	४८ घण्टा	जिल्ला प्रशासन कार्यालय
२	५ वटा ढक वापीक अप	१२ घण्टा भित्र	जि.वि.व्य.स., जि.स.स.	१ महिना	जिल्ला प्रशासन

	५ एम्बुलेन्स र १ शववाहन परिचालन				कार्यालय
३	भण्डारण, घर वा गोदाम परिचालन	१२ घण्टा भित्र	नेपाल रेडक्रस सोसाइटी	१ महिना	जिल्ला प्रशासन कार्यालय
४	मानवस्रोत, सुरक्षाकर्मी समेत परिचालन	१२ घण्टा भित्र	नेपाली सेना, नेपालप्रहरी, रेडक्रस, नीजामती कर्मचारी नेपाल	१ महिना	जिल्ला विपद् व्यवस्थापन समिती
५	अभिमुखी करण (सुरक्षा कर्मी तथा सबै मानवीय सेवाकर्मी)	योजना तयार हुनासाथ	रेडक्रस	१ दिन	जिल्ला विपद व्यवस्थापन समिती, रेडक्रस
६	समन्वय वैठक	विपद परेको, सुन्नासाथ,	जिल्ला विपद् व्यवस्थापन मितीको समन्वयमा क्षेत्रगत समूह वैठक	२४ घण्टा भित्र, तीन दिनमा,(पहिलो दुइहप्ता सम्म) त्यसपछि हप्तामा एक दिन	क्षेत्रगत नेतृत्व संस्था

५.२ भूकम्पका सन्दर्भमा

नेपाल भुकम्पीय जोखिमका दृष्टिले विश्वमा ११ औं स्थानमा रहेको छ । सुनसरी जिल्लामा वि.सं. २०४५ भदौ ५ गते आएको भूकम्पका कारण १३८ जनाको ज्यान जानुका साथै २११७ जना मानिस घाइते भएका थिए । यसैगरी १७९५ घर प्रभावित भए भने ७१८ घर पूर्ण रुपले ध्वस्त भए । सुनसरी जिल्ला तराइ र पहाड दुवै क्षेत्रका साथै अत्यन्तै कमलो चुरे पहाडको काखैमा अवस्थित भएकाले पनि यहांको माटो खुकुलो छ साथै भुकम्पीय चिरा पनि उदयपुर जिल्ला हुदै यस जिल्लाको उत्तरी खण्डमा पर्ने भएकाले यो जोखिमपूर्ण जिल्लाको रुपमा रहेको छ । विगतको इतिहासलाई हेर्दा सवभन्दा बढी भूकम्पले प्रभाव पारेको यस जिल्लाको शहर धरान हो भने अवका दिनमा भूकम्प आउदा धरान, इटहरी, इनरुवा, झुम्का, पकली, दुहबीलगायतका शहरीकरणतर्फ उन्मुख क्षेत्रहरु बढी जोखिमपूर्ण रहने र ८ रेक्टरभन्दा बढी स्केलको भूकम्प आएमा करीब ६००० घर पूर्ण रुपमा नष्ट हुनुका साथै ३०००० जना भन्दा बढी जनसंख्या प्रभावित हुने देखिन्छ ।

५.२.१ समन्वय तथा सूचना क्षेत्र

मुख्य विपद्को किसिम : **भूकम्प**

अनुमानित अवस्था : ६००० घरधुरीका ३० हजार भन्दा बढी व्यक्ति प्रभावित हुने

विषय विषयगत उद्देश्य : समन्वय, सूचना सङ्कलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालालाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ ।

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित)	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्य जिम्मेवार निकाय	पूर्वतयारी अनुमानित लागत
पहिलो दिन	खोज तथा उद्दार टोली परिचालन गर्न निर्देशनदिने जिल्लाविपद् व्यवस्थापन समितिको समन्वय बैठक आयोजना गर्ने	विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्र स्थापना गर्ने	क्षेत्र प्रमुख, जि.वि.व्य.स.	
	दूतले खाजोखा गरी तत्कालीन मानवीय सहयोगको लागि सूचना सङ्कलन गर्ने	खण्डीकृत तथ्यांक तयारी	क्षेत्रका सदस्यहरु	
	राहततथा उद्धार टोलीलाई घटनास्थलमा परिचालन	सुरक्षा निकायका कर्मचारी रेडक्रसका र अन्यलाई खोजीतथा उद्धार तालिम	जि.वि.व्य.स., रेडक्रस	
दोस्रो दिन	विषयगत क्षेत्रको वैठक	विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्रस्थापना गर्ने	क्षेत्र प्रमुख, जि.वि.व्य.स.	

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित)	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्य जिम्मेवार निकाय	पूर्वतयारी अनुमानित लागत
	आपतकालको अवस्था हेरी यो वैठक दैनिक संचालन गर्ने		क्षेत्र प्रमुख, जि.वि.व्य.स.	
	जिल्लामाकार्यरत निकायको स्रोत साधनको आंकलन गर्ने,	जनगणना तथ्यांकतयारी बहुक्षेत्रगत प्रारम्भकिदूत लेखा जोखा तालिम	क्षेत्र प्रमुख, जि.वि.व्य.स.	
	बहुक्षेत्रगतप्रारम्भकिदूत लेखा जोखा सञ्चालन गर्ने		क्षेत्र प्रमुख, जि.वि.व्य.स.	
	आवश्यकता लेखाजोखा र खाडल पहिचान गरी विषयगत क्षेत्रले घटनाको वस्तुगत विवरण तयार गर्ने		क्षेत्र प्रमुख, जि.वि.व्य.स.	
	जिल्लाको साझा घटना वस्तुगत विवरण तयार गर्ने		क्षेत्र प्रमुख, जि.वि.व्य.स.	
तेस्रो दिन	राहत सामग्री संकलन र वितरण गर्ने एकद्वार प्रणालीबाट		खाद्यक्षेत्र , जि.वि.व्य.स.	
	राहतकोष संकलन गर्ने र वितरण गर्ने एकद्वार प्रणालीबाट ,			
	संयुक्त लेखाजोखा गर्ने र विषयगत क्षेत्रले छुट्टाछुट्टै प्रतिकार्य शुरु गर्ने		सबै क्षेत्र , जि.वि.व्य.स.	
	क्षेत्रगत वैठकले घटनाको विवरण तयार गर्ने र वढी भन्दा वढी कार्यक्षेत्र पहिचान		क्षेत्रप्रमुख, जि.वि.व्य.स.	
	ठूलो विपद्का सामनाका लागि सम्वन्धित निकायलाई तयारी राख्ने	गैह्रखाद्य सामग्री तथा अन्यप्रतिकार्य सामग्रीको भण्डारण	सबै क्षेत्र, जि.वि.व्य.स.	
	प्राथमिकता प्राप्त पूर्व तयारी कार्ययोजना तयार गर्ने		सबै क्षेत्र, जि.वि.व्य.स.	
पहिलो हप्ता	मिरा (MIRA)बाट सूचना संकलन तथा तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदन तयार पार्ने प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको अवस्था र स्रोतको समीक्षा गर्ने जिल्लामा उपलब्ध उद्धार तथा अन्य प्रतिकार्य सम्बन्धी सेवा, क्षमता र उद्धार सामग्रीको अवस्थाको समीक्षातथा क्षेत्रगत समूहको लागि सहयोगको थप कार्यतालिका तयारी गर्ने नपुग स्रोत तथा साधनको यकीन गर्न प्रतिवेदन मार्फत सबै क्षेत्रलाई उत्प्रेरित गर्ने	बहुक्षेत्रगत प्रारम्भकिदूत लेखा जोखा तालिम सञ्चालन गर्ने र तालिम प्राप्त व्यक्तिको रोष्टर तयार गर्ने	सबै क्षेत्र, जि.वि.व्य.स., प्लान नेपाल	
पहिलो महिना	स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने	विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्र स्थापना गर्ने आवस्यक फारम र अन्य कागजात छपाई विपद् पूर्वतयारी वारेमा राजनैतिक नेतातथानागरीक समाजका सदस्यलाई अभिमुखीकरण तालिम संचालन गर्ने ।	सबै क्षेत्र, जि.वि.व्य.स.	
	नियमित सूचनाप्रवाहका लागि गाविस तहको विपद् व्यवस्थापन समिति सँग नियमित सम्पर्क कायम गर्ने ।		क्षेत्र प्रमुख, जि.वि.व्य.स.	
	मानवीय सहयोगका लागि तयारी अवस्थामा राखिएका सेवा सम्बन्धी सम्झौता कार्यान्वयन गर्ने		सबै क्षेत्र, जि.वि.व्य.स.	
	मानवीय सहयोगको अनुगमन गर्ने र सुधारका लागि पृष्ठपोषण लिने तथादिने		सबै क्षेत्र, जि.वि.व्य.स.	
	आपत्कालीन सूचनाप्राप्त गर्न र प्रवाह गर्न जिससको सूचना केन्द्रको प्रयोग गर्ने		क्षेत्र प्रमुख, जि.वि.व्य.स., जिसस	

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित)	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्य जिम्मेवार निकाय	पूर्वतयारी अनुमानित लागत
	राहत वितरणलाई निर्विवाद बनाउन राजनीतिकदलहरूको सहभागितालाई अनिवार्य गराउने		सबै क्षेत्र, जि.वि.व्य.स.	
	विस्थापितलाई परिचयपत्र वितरण गर्ने		सबै क्षेत्र, जि.वि.व्य.स.	
दोस्रो महिना	क्षेत्रगत समन्वय बैठक र सहयोग परिचालन	विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्रस्थापना गर्ने	क्षेत्र प्रमुख, जि.वि.व्य.स.	
	आवश्यकताको विस्तृत लेखाजोखा र विश्लेषण गरी आवश्यकता अनुसार प्रतिकार्य गर्ने		सबै क्षेत्र, जि.वि.व्य.स.	
	निर्धारित अवधिको लागि स्रोतहरूको पहिचान, विश्लेषण र परिचालन गर्ने		सबै क्षेत्र, जि.वि.व्य.स.	
	अन्तरिम अवधिका लागि मानवीय सहयोग सम्बन्धी गतिविधि पहिचान गरी काम गर्नेक्षेत्रहरू परिचालन गर्न समन्वय गर्ने		सबै क्षेत्र, जि.वि.व्य.स.	
	प्रतिवेदनलाई अद्यावधिक पार्ने		क्षेत्र प्रमुख, जि.वि.व्य.स.	
तेस्रो महिना	आवश्यकताको विस्तृत लेखाजोखा र विश्लेषण गरी आवश्यकता अनुसार प्रतिकार्य र थप योजनातयार गर्ने	विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्र स्थापना गर्ने	सबै क्षेत्र, जि.वि.व्य.स.	
	मानवीय सहयोगको निरन्तरता		सबै क्षेत्र, जि.वि.व्य.स.	
	मानवीय सहयोगको अनुगमन		सबै क्षेत्र, जि.वि.व्य.स.	
सो भन्दा वढी	मानवीय सहयोगको निरन्तरता	विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्र स्थापना गर्ने	सबै क्षेत्र, जि.वि.व्य.स.	
	अवस्थाको विश्लेषण गरी क्षेत्र र सरकारसँग समन्वयगर्दै आवश्यक निर्णय गर्ने		सबै क्षेत्र, जि.वि.व्य.स.	
	थप सहयोगको योजनातथा दीर्घकालीन विकास सम्बन्धि योजना तयार		सबै क्षेत्र, जि.वि.व्य.स.	

५.२.२ खोजतलास तथा उद्धार

मुख्य विपद्को किसिम : **भूकम्प**

अनुमानित अवस्था : ६००० घरधुरीका ३० हजार भन्दा बढी व्यक्ति प्रभावित हुने

विषय विषयगत उद्देश्य : विपद्मा फसेका मानिसलाई भेदभाव रहित ढङ्गले उद्धार गरी सुरक्षित स्थानसम्म पुऱ्याउनु खोज तथा उद्धार क्षेत्रको प्रमुख उद्देश्य हुनेछ ।

विपद्को घटना पश्चातको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित)	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान	मुख्य जिम्मेवार निकाय
पहिलो दिन	जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बोलाउने	समन्वय गर्ने संयन्त्र स्थापना गर्ने	दक्ष जनशक्तिको कमी उद्धार सामग्रीअपुग	क्षेत्र प्रमुख, जि.वि.व्य.स., प्रहरी, सेना, स्थानिय स्वयंसेवक
	समन्वय तथा व्यवस्थापन प्रारम्भ गर्ने			
	स्थानीय स्वयंसेवक परिचालन गर्ने	खोजीतथा उद्धार सम्बन्धी तालिम		
	उद्धार कार्यदल परिचालन गर्ने			
	प्रभावित क्षेत्रको सुरक्षा प्रबन्ध मिलाउने			

विपद्को घटना पश्चातको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित)	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान	मुख्य जिम्मेवार निकाय
दोस्रो दिन	बढी प्रभावित स्थलको स्तर पहिचान गरी उद्धारको प्राथमिकता निर्धारण गर्ने	विपद् प्रतिकार्य सम्बन्धी नमूना अभ्यास संचालन गर्ने	स्थानिय क्षेत्रमा दक्ष जनशक्तिको कमी	क्षेत्र प्रमुख, जि.वि.व्य.स., प्रहरी, सेना, स्थानिय स्वयंसेवक
	भत्किएका घरहरू पहिचानगर्ने			
	विशेषगरी महिला, बालबालिका, अशक्त, बूढाबूढीजस्ता सङ्कटासन्न वर्गलाई खोज तथा उद्धारमा प्राथमिकता दिने			
दोस्रो दिन	सामान्य नागरिकको खोजीतथा उद्धारलाई निरन्तरतादिने	सुरक्षा निकायका कर्मचारी रेडक्रसका स्वयंसेवकहरु र अन्यलाई खोजीतथा उद्धार सम्बन्धी तालिम दिने ।	तालिम प्रदान गर्ने जनशक्तिको अभाव	क्षेत्र प्रमुख, जि.वि.व्य.स., प्रहरी, सेना, स्थानिय स्वयंसेवक
	पीडित नागरिकका बहुमूल्य सम्पत्ति सुरक्षा गरी निकाल्ने			
	घाइते भएका व्यक्तिको प्राथमिक उपचार गर्ने र अस्पताल पुऱ्याउने प्रबन्ध मिलाउने			
	राहत वितरण कार्यमा आवश्यकता अनुसार खाद्य क्षेत्रलाई सहयोग गर्ने			
	उद्धार र सुरक्षाको विषयमा आवश्यक सूचना सङ्कलन गरी प्रतिवेदन तयार गर्ने	प्रारम्भिक द्रुत लेखाजोखा तालिम सञ्चालन		क्षेत्रप्रमुख, जि.वि.व्य.स.,
पहिलो हप्ता	प्रभावितक्षेत्रका घरपालुवापशुको उद्धार गर्ने	खोज तथा उद्धार कार्यदललाई प्रयोगात्मक तालिम दिने सामुदायिक प्रकोप व्यवस्थापन समिति, नेरेसोका स्वयंसेवक, स्थानीय समुदाय	तालिम प्रदान गर्ने जनशक्तिको अभाव, आर्थिक अभाव	क्षेत्रप्रमुख, जि.वि.व्य.स.,
	प्रभावित क्षेत्रको सुरक्षाका लागि स्थानीय निकाय सँग समन्वय गरी सुरक्षा समिति गठन गर्ने र परिचालन गर्ने			
	प्रभावित क्षेत्रमा, हिंसा, लुटपाटका घटना हुननदिन आवश्यक सुरक्षा व्यवस्था मिलाउने			
पहिलो महिना	निम्नअनुसार अभिलेख तयार गर्ने, उद्धार गरिएका व्यक्ति, बेपत्तावा मृत्यु भएकाव्यक्ति, नष्ट भएका घर, विद्यालय वा अन्य भौतिक सम्पत्ति, मरेका घरपालुवापशु क्षतिग्रस्त भौतिक सम्पत्ति	बहुक्षेत्रप्रारम्भिकद्रुत लेखाजोखातालिम सञ्चालन	तालिमप्रदानगर्नेजनशक्तिको अभाव	क्षेत्रप्रमुख, जि.वि.व्य.स., प्रहरी, सेना, स्थानिय स्वयंसेवक
	उद्धार र राहतलाई निरन्तरता प्रदान		सामग्रीअपुग	क्षेत्र प्रमुख खाद्य र खोज तथा उद्धार
सो भन्दा बढी	उद्धार र राहतलाई निरन्तरता प्रदान	भूकम्प प्रतिरोधी प्रविधिबारे सबैलाई जानकारी गराउने र भवन निर्माण आचार संहितालागु गर्ने	थप सामग्री र दक्ष प्राविधिक जनशक्तिको अभाव	नपा,गापा, जिसस, जि.वि.व्य.स.
	भत्किएका संरचनाहरुको पूननिर्माण योजना			

५.२.३ गैह्र खाद्य क्षेत्र

मुख्य विपद्को किसिम : **भूकम्प**

अनुमानित अवस्था : ६००० घरधुरीका ३० हजार भन्दा बढी व्यक्ति प्रभावित हुने

विषय विषयगत उद्देश्य :

विपद्मा परी विस्थापित भएका मानिसका लागि न्यूनतम मानवीय मापदण्डसहित सामाजिक, सांस्कृतिक रूपमा स्वीकार्य हुने अस्थायी आवासको व्यवस्थापन गरी सुरक्षित बासस्थानमा आत्मसम्मान सहित उनीहरूको पहुँच कायम गराउनु र सुरक्षित रूपमा बस्ने वातारण तयार गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य रहेको छ ।

ार भन्दा बढी व्यक्ति

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित)	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान	मुख्यजिम्मेवार निकाय
पहिलो दिन	आवास तथा गैह्रखाद्यक्षेत्रको आपत् कालीन बैठक आयोजना गर्ने	स्रोत र साधनको नक्साङ्कन गर्ने	दक्षजनशक्तिको अभाव	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह
	विस्थापितको सङ्ख्या र जानकारी लिने पहिचान भएकालाई अस्थायी आवासमा बोसबास गराउने	जिल्लाको परिस्थिति अनुसार सहयोग उपलब्ध गराइने सामग्रीहरूको मापदण्ड निर्धारण गर्ने	सञ्जालको समन्वयमाकमी	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह
	कार्यदललाई परिस्थिति विश्लेषणको लागिप्रभावित क्षेत्रमा पठाउने	प्रभावितहुन सक्ने जनसङ्ख्याको आधारमा आवश्यक सामग्रीहरूको परिमाण आँकलन गर्ने	दक्षजनशक्तिको अभाव	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह नेरेसो
दोस्रो दिन	विस्थापितलाई पूर्वनिर्धारित स्थानहरू मातत्कालीनबासको व्यवस्था मिलाउने	पूर्वतयारीका लागि कार्यदल गठन गर्ने	कार्यदल गठन नभएको तथा सामग्रीको अभाव	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह नेरेसो
	पूर्वनिर्धारित स्थानमा नअटेका विस्थापितलाई त्रिपालको व्यवस्था गरी तत्कालबसाउने			
	द्रुतलेखाजोखाबाट प्राप्त सूचना र अवस्थाअनुरुप कार्य योजनाको समिक्षा गर्ने	विस्थापित परिवारको लागि आश्रय स्थल बनाउन आवश्यक पर्ने बाँस, डोरी र खाना बनाउने भाँडावर्तन, इन्धनआदि समयमै उपलब्धहुने व्यवस्थामिलाउने सामग्री वितरणको लागि यातायात तथा अन्य व्यवस्था मिलाउने	बजारबाट सामग्रीखरिद गर्ने गरिएको सामग्री भण्डारणको अभाव	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह नेरेसो, अन्य संघसंस्थाहरु
	तत्काल लगाउने लुगाफाटो तथा अन्य गैह्रखाद्य सामग्री वितरण गर्ने (महिला, बालबालिका, सुत्केरी तथा संवेदनशील व्यक्तिलाई विशेष ध्यान दिने)			
तेस्रो दिन	बहुक्षेत्र प्रारम्भिकद्रूत लेखाजोखाको लागि समन्वय क्षेत्रसँग सम्पर्क गरी तोकिएका सदस्यलाई सहभागी गराउने	बहुक्षेत्र प्रारम्भिकद्रूत लेखाजोखा तालिम सञ्चालन	दक्ष जनशक्तिको अभाव	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह नेरेसो
पहिलो हप्ता	मिराको प्रतिवेदनका आधारमा अस्थायी शिविर स्थापना गर्ने व्यवस्था मिलाउने	सङ्कटासन्न गाविस र अन्य सुरक्षित गाविसका सुरक्षित स्थानमा सामुदायिक आश्रय स्थल बनाउने	विद्यालय बाहेकका स्थान छनौट गर्नुपर्ने	
	विस्थापितको प्रत्यक्ष सहभागितामा शिविर स्थापना गर्ने	विस्थापित परिवारको लागि आश्रय स्थल बनाउन आवश्यक पर्ने बाँस, डोरी र खाना बनाउने भाँडावर्तन, इन्धनआदि समयमै उपलब्धहुने व्यवस्थामिलाउने	प्रत्यक्ष सहभागिता भएपनि ज्याला नपाउने गरेको	क्षेत्रप्रमुख, क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह नेरेसो
पहिलो महिना	आवश्यकता अनुसार ओछ्याउने, ओड्ने, लगाउने कपडा तथा खाना पकाउने, खाने भाँडा वर्तन विना भेदभाव वितरण गर्ने		पर्याप्त सामग्रीको अभाव	क्षेत्रप्रमुख, जि.वि.व्य.स. स्थानीयतह नेरेसो
	आवास तथा गैह्रखाद्य सामग्री वितरणको अनुगमन, मुल्याङ्कन र समिक्षा गर्ने	शिविर व्यवस्थापन तथा समन्वय समितिको संरचना र जिम्मेवारीहरू निर्धारण तथा परिभाषित गर्ने ।	यसभन्दा अघि तोकिएको शिविर व्यवस्थापन समिति र अनुगमन संयन्त्र नरहेको	क्षेत्रप्रमुख, जि.वि.व्य.स. स्थानीयतह नेरेसो
	शिविर व्यवस्थापन समिति गठन गरी काम गर्ने			
	प्रतिवेदन तयार गर्ने र सम्बन्धित क्षेत्र, सरोकारवालालाई उपलब्ध गराउने			
सो भन्दा बढी	आवास तथा गैह्रखाद्य सामग्री वितरणको अनुगमन, मुल्याङ्कन र समिक्षा निरन्तर रुपमा गर्ने	आवास तथा गैह्रखाद्य सामग्री वितरणको पूरा सूची राख्ने र नियमित रुपमा प्रतिवेदनतयार गरी जि.वि.व्य.स. तथाअन्य सरोकारवालालाई उपलब्ध गराउने	स्फियर मापदण्डको बारेमा कम जानकारी	क्षेत्रप्रमुख, जि.वि.व्य.स. स्थानीयतह नेरेसो
	दीर्घकालीन बसोबासको योजना निर्माण			

५.२.४ बन्दोबस्तीको क्षेत्र

मुख्य विपद्को किसिम : **भूकम्प**

अनुमानित अवस्था : ६,००० घरधुरीका ३० हजार भन्दा बढी व्यक्ति प्रभावित हुने, वन्दोवस्तीका सामानहरुको अपर्याप्तता र यातायातमा कठिनाइले खोज, उद्धार तथा राहतका कार्यमा वाधा हुने ।

विषय विषयगत उद्देश्य :

विपद्बाट प्रभावित व्यक्तिहरुलाई यथास्थानमा उचित समयमा नियमित रुपले राहत तथा अन्य सहयोग सामग्री पुऱ्याउनु यस क्षेत्रको उद्देश्य रहेको छ ।

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित)	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्य जिम्मेवार निकाय
पहिलो दिन	समन्वय वैठक	क्षेत्रगत समितिवीच समन्वय संयन्त्र स्थापना	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह
	वन्दोवस्ती सामग्रीतथा राहत सामग्रीव्यवस्थापन	भण्डारण, घर वागोदामको व्यवस्था	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह
	वन्दोवस्ती तथा राहत सामग्री ढुवानीका लागि सवारी साधन	१० वटा ट्रक, १स्काभेटर, १ क्रेन, १ लोडर को व्यवस्था गर्ने (गैह्रसरकारी, सरकारी र निजी संस्था, सडक डिभिजन संग भएका सामानपहिचान गरी राख्ने र आवश्यक परेको वेलाप्रयोग गर्ने) रआवश्यकवजेट जिल्ला प्रशासनमा राख्ने	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह
	विशेष उपकरणहरु सुरक्षा निकायमा संकलन गर्ने	विशेष उपकरणहरु सुरक्षा निकायमा संकलन गरी राख्ने र त्यसको तालिमदिने	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह
दोस्रो दिन	अभिमुखीकरण (सुरक्षाकर्मी तथा सवै मानवीय सेवाकर्मी)	विपद् तथा सुरक्षा सम्वन्धि सचेतना	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह
	उद्धार सामग्रीतथा उद्धारका लागि सवारी साधनको व्यवस्था	५ वटा ट्रक, वापीकअप	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह
	घाइतेको ओसारपसार तथा मृतकको शव व्यवस्थापनका लागि सवारी व्यवस्थापन	एम्वुलेन्स ५ र शववाहन २	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह
	दक्ष मानव शक्तिपहिचान तथा परिचालन	सुरक्षा कर्मी र स्वयंसेवकलाई विपद् तालिम	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह
पहिलो हप्तार सो भन्दा वढी	इन्धन र भाडा व्यवस्था	दैनिक १००० लि. तेल र भाडा व्यवस्था गर्ने	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह
	मानव स्रोतको लागिखानाको तयारी	दैनिक परिचालनहुने १० दिनकालागि १५० जनालाई दैनिक रु १५० को व्यवस्था	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह
	आवस्यक्तानुसार थपवन्दोवस्ती सामग्रीतथा राहत सामग्री व्यवस्थापन	आवस्यक्ताअनुसार थप सामग्रीको व्यवस्था गर्न सरकारी तथा अन्यदातृ निकायमा पहल	क्षेत्र प्रमुख, जि.वि.व्य.स. स्थानीयतह

५.३ आगलागिका सन्दर्भमा

सुनसरी जिल्लाको तराई क्षेत्रका अधिकांस गाउंका घरहरु जोडिएर बनेका छन् । बनेका घरहरुमा विधुत वायरिग गर्ने क्रममा कमसल विधुतका सामाग्री प्रयोग गरीएका कारण विधुत शर्ट भई आगलागी हुनु , जाडो मौसममा घुर बालि आगो ताप्ने गर्नाले आगलागीको जोखिम उच्च छ । बालबालिकाहरुको सहज पंहूचमा लाइटर, सलाई आदि राखिने कारणले पनि आगलागीको घटना बढदो क्रममा छ । नेपाल सरकार गृह मन्त्रालयबाट तयार पारिएको जिल्लास्तरिय

संकटाभिमूताको नक्सांकन अनुसार यो जिल्ला आगलागिका हिसाबले सातौं स्थानमा रहेको पाइन्छ । यसैगरी यस वर्ष मात्रै आगलागीबाट ९-।५००,६९,०६, बराबरको आर्थीक क्षक्ति भएको छ । यसैगरी यस वर्ष स्थानिय तहबाट लिइएको तथ्यांकको आधारमा सुनसरी जिल्लामा आगलागीबाट करीव १७००० घरधुरी उच्च जोखिममका रहेको पाइन्छ ।

५.३.१ विषयगत क्षेत्रको नाम : समन्वय तथा सूचना क्षेत्र

मुख्य विपद्को किसिम : **आगलागी**

अनुमानित अवस्था : आगलागीबाट व्यक्तिगत तथा संस्थागत एवं सार्वजनिक संचारका सामाग्रीहरु जलेर नष्ट भै संचार सर्म्पक विहिन भइ समन्वय गर्न कठिनाई भएको हुनेछ ।

विषयगत उद्देश्य : वैकल्पिक संचार माध्यमको व्यवस्थापन तथा प्रभावकारी समन्वय गरी आगलागीबाट हुन सक्ने संभावित क्षति कम गर्ने ।

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्य जिम्मेवार निकाय
पहिलो दिन	खोज तथा उद्धार टोली परिचालन गर्न प्रमुख जिल्ला अधिकारीबाट निर्देशन	खोज तथा उद्धार टोलीको विकास र व्यवस्थापन	जि.प्र.का., सुरक्षानिकाय
	जिल्लाविपद् व्यवस्थापन समितीको समन्वय वैठक	सवै विषयगत क्षेत्रहरुलाई तयारी अवस्थामा रहन समय समयमा क्षेत्रगत वैठक गर्ने	क्षेत्रप्रमुख
	सूचनाप्रवाहगर्ने	सवै क्षेत्र प्रमुखहरुले स्याटलाइट फोनको व्यवस्थ ागर्ने	जि.प्र.का. र क्षेत्रप्रमुख
दोस्रो दिन	पिडितहरुको संख्याएकिन गरी तथ्यांक संकलन गर्ने र संकलित तथ्यांकको आधारमा प्रतिवेदनतयार गर्ने	इरा फर्मको व्यवस्थापन गर्ने	
तेस्रो दिन	प्राप्त प्रतिवेदनजि.वि.व्य.समितिमा पेश गर्ने र तथ्यांक विश्लेषण गर्ने	इरा कार्यदल गठन गर्ने र तालिम दिने तथ्यांक विश्लेषणको लागि तालिम दिने	जिल्ला प्रशासन कार्यालय
	मनविय सहयोग सम्वन्धि गतिविधि संचालन गर्न क्लष्टरहरुलाई परिचालन गर्ने		,,
पहिलो हप्ता	जिल्लाविपद् व्यवस्थापन समितिको वैठक वस्ने		,,

५.३.२ विषयगत क्षेत्रको नाम : खोज तथा उद्धार

मुख्य विपद्को किसिम : आगलागी

अनुमानित अवस्था : आगलागीबाट घरहरु, लत्ताकपडा र खाद्यान जल्ने र मानिसहरु जल्ने र घाइते हुने ।

विषय विषयगत उद्देश्य : आगलागीको समयमा खोज तथा उद्धार कार्यलाई प्रभावकारी रुपमा संचालन गरी थप धनजनको क्षति कम गन

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्यजिम्मेवार निकाय
पहिलो दिन	समन्वय वैठक गर्ने र तत्कालखोज तथा उद्धार टोली परिचालन गर्ने र आगो नियन्त्रण गर्ने	जोखिम संवेदनशिलताको मापन गर्ने, खोज तथा उद्धार टोलीलाई तालिमदिई तयारी अवस्थामा राख्ने। खोज तथा उद्धारका सामाग्रीहरु दमकल, फायर प्रुफज्याकेट र सुट, डोरी, भरयाङ., गल, वाल्टी, वेल्चा, गैची., वन्चरो, फायर इस्टिनगुइसर, फायर व्यागतयारी अवस्थामा राख्ने	जिल्ला प्रशासन कार्यालय र सुरक्षानिकाय
	जोखिममा परेकाहरुलाई उपचारको लागि पठाउने, जेष्ठ नागरिक, वालवालिका, महिला र अपांगलाई प्राथमिकतामा राखी उद्धार गर्ने भौतिक संरचनाहरुको थपक्षतिहुननदिने र उच्च जोखिममा रहेका भवनतथा संरचनाहरु भत्काउने आगलागी भएको क्षेत्रको सुरक्षाको व्यवस्थामिलाउने	जोखिमको लगत तयार गर्ने	
दोस्रो दिन	प्रभावितहरुको लागि आपतकालिन राहतवितरण कार्यमा आवश्यक सुरक्षा व्यवस्था मिलाउने	राहत वितरणमा सुरक्षादिने जनशक्तितयार गर्ने र तयारी अवस्थामा राख्ने	जि.प्र.कार्यालय
	भीडलाई नियन्त्रण गर्ने		,,,
	राहतवितरण कार्यको निरन्तर अनुगमनगर्ने		,,
	प्रभावितहरुको अस्थायी शिविर स्थापना गर्ने कार्यमा सहयोग गर्ने		,,

५.३.३ विषयगत क्षेत्रको नाम : गैह्र खाद्य

मुख्य विपद्को किसिम : **आगलागी**

अनुमानित अवस्था : आगलागीले आवास तथा गैह्र खाद्य सामाग्रीहरु नष्ट भएर वसोवासका लागि कठिन हुने अवस्था आउने । १७००० घरधुरीका करीव ८५,००० जनसंख्या जोखिममा भएका

विषयगत उद्देश्य : विपद् प्रभावितहरुका लागि आवश्यक पर्ने अस्थायी आवासको व्यवस्था गर्ने र जिविकोपार्जनका लागि आवश्यक पर्ने लत्ताकपडा वितरण गरी जीवनयापन सहज बनाउन सहयोग गर्ने ।

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्यजिम्मेवार निकाय	पूर्वतयारी अनुमानितलागत
पहिलो दिन	गैह्र खाद्यक्षेत्रको आपतकालिन वैठक वस्ने	क्लष्टर समुहको नाम र ठेगाना राख्ने	नेपाल रेडक्रस सोसाइटी, स्थानीयतहहरु	
	इराको फर्मेट अनुसार कति वटा आवास घर र अन्य गैह्र खाद्य सामाग्री नष्ट भएको प्रारम्भिक प्रतिवेदनलिने	इराको फर्मेट तयारी अवस्थामा राख्ने र भर्ने तरिकावारे अभिमुखिकरण गर्ने	नेपाल रेडक्रस सोसाइटी् स्थानियतहहरु	

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्यजिम्मेवार निकाय	पूर्वतयारी अनुमानितलागत
	तत्कालको लागि अस्थायी घरको खोजी गरी वसोवासको व्यवस्था मिलाउने	अस्थायी आवासको खोजी गरी सूचिकृत गरी राख्ने		
दोस्रो दिन	राहत संकलन गर्ने र वितरण गर्ने जस्तै कम्मल, त्रिपाल, लुगाफाटा, भांडावर्तनहरु, पकाउने साधन, इन्धनआदि	सम्वन्धित निकाय संग समन्वय गर्ने र जिल्ला विपद व्यवस्थापन समिति संग समन्वय गर्ने	नेपाल रेडक्रस सोसाइटी उद्योग वाणिज्य संघ	२५०,००० ढुवानी र सामाग्री
	राहतवितरणको प्रक्रिया व्यवस्थितगर्ने			
	अस्थायीवसोवासको व्यवस्थामिलाउने सरोकारवाला संग सम्पर्क समन्वय गर्ने			
पहिलो हप्ता	इराको फर्मेट प्रयोग गरी तथ्यांकआवधिक गर्ने			
पहिलो हप्ता	इराको प्रतिवेदनको आधारमा विपद् प्रभावितहरुको लागि आवासको लागि र गैह्र खाद्य सामाग्रीहरु वितरण गर्ने	आवास सामाग्री र गैह्र खाद्य सामाग्रीहरु संकलन गरी राख्ने	नेपाल रेडक्रस सोसाइटी उद्योग वाणिज्य संघ	५० लाख

५.३.४ विषयगत क्षेत्रको नाम : बन्दोवस्ती

मुख्य विपद्को किसिम : **आगलागी**

अनुमानित अवस्था : आगलागीबाट करीव १७०७८ घरधुरीका ८५ हजार मानिसहरु जोखिममा रहेका छन्

विषयगत उद्देश्य : शिविर व्यवस्थापन गरी गाडी, एम्वुलेन्स, दमकल, शव वाहनको व्यवस्था गरी घाइतेको उपचार गर्ने र शवको व्यवस्थापन गर्ने

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्य जिम्मेवार निकाय
पहिलो दिन	बन्दोवस्ती क्षेत्रको आपतकालिन वैठक वस्ने	क्षेत्रगत सदस्यहरुको नामावली र सर्म्पक नं तयार गरी राख्ने र अधावधिक गर्ने	जिल्ला प्रशासन कार्यालय
	दमकल परिचालन गरी आगो नियन्त्रणका लागि कार्य गर्ने आवश्यक एम्वुलेन्स, गाडीको परिचालन गर्ने	दमकल तयारी अवस्थामा राख्ने अग्नीनियन्त्रकलाई तालिमदिई तयारी अवस्थामा राख्ने र रोष्टर तयार गर्ने, सरकारी तथा गैह्र सरकारी निकायसंगको समन्वयमा गाडीको संख्याय किन गर्ने	,,

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्य जिम्मेवार निकाय
दोस्रो दिन	आगलागी प्रभावितको लागि आवास तथा गैह्र खाद्य क्षेत्रसंग समन्वय गरी सामाग्रीहरु घटनास्थलमा पुरयाउने जस्तै खाद्यान्न, लत्ताकपडा,भांडावर्तन आदि	गाडीको व्यवस्थापहिले नै व्यवस्था गरी राख्ने त्रिपाल, डोरी, खाद्य सामाग्री लगायतका सामाग्रीहरु तयारी अवस्थामा राख्नलगाउने	,,
	बत्तिको व्यवस्थापन गर्ने		
तेस्रो दिन	दैवीप्रकोप उद्धार समितिमा भएकाकार्यको रिपोर्ट प्रस्तुत गर्ने	प्रतिवेदनअभिलेख गरी राख्ने	

५.४ जनावर आक्रमण (हात्ति,अर्ना,बदेंल,बादंर,सर्प र कुकुर) र क्षति सन्दर्भमा

सुनसरी जिल्ला जंगली जनावरबाट प्रभावित जिल्ला मध्येमा पर्दछ । विशेष गरेर कोशी टप्पु वन्यजन्तु आरक्षण क्षेत्रमा रहेको हात्ती, अर्ना र वंदेलले गाउं वस्तीमा पसी घरहरु भत्काईदिने, मान्छे मार्ने , घाइते बनाउने, अन्नवालीहरु नष्ट गरिदिने, घरपालुवा जनावरलाई मार्ने तथा घाइते वनाउने गरेको पाइन्छ । यसैगरी उत्तरतर्फ रहेको गाउंपालिकाहरुमा वांदरले अन्नवाली नष्ट गर्ने गरेको पाइन्छ । यसका साथै सर्पको टोकाई र गर्मीको समयमा कुकुरको टोकाईले रेविज जस्ता महामारी फैलिने गरेको तथ्यांक पनि रहेको छ । जंगली जनावरको आक्रमणबाट करीव ११,११२ जना जोखिममा रहेका छन् ।

५.४.१ विषयगत क्षेत्रको नाम : गैह्र खाद्य

मुख्य विपद्को किसिम : **जनावर आक्रमण र क्षति ।**
अनुमानित अवस्था : जनावरबाट प्रभावित १०,००० जना जोखिममा छन् । यी क्षेत्रमा जंगली जनावरले घरहरु भत्काउने तथा अन्य सामाग्रीहरु नष्ट गर्ने अवस्था ।
विषयगत उद्देश्य : जनावरबाट प्रभावित परिवारहरुलाई आवास तथा गैह्र खाद्य सामाग्रीहरु उपलव्ध गराउन ।

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्य जिम्मेवार निकाय
	आवास तथा गैह्र खाद्यक्षेत्रको वैठक वस्ने र सूचना संकलन गर्ने	एलडिएमसी र सिडिएमसी संग समन्वय गर्ने	नेपाल रेडक्रस, कोशी टप्पु आरक्ष, नेपाली सेना, स्थानियतह र कृषी अनुसंधान केन्द्र

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्य जिम्मेवार निकाय
पहिलो दिन	विभिन्न सरोकारवाला निकाय संग समन्वय गर्ने घाइतेहरुको उपचार गर्ने	जिल्ला जनस्वास्थ्य संग समन्वय गर्ने	नेपाल रेडक्रस, कोशी टप्पु आरक्ष, नेपाली सेना, स्थानियतह
दोस्रो दिन	प्रभावितहरुको लागि गैह्र खाद्य सामाग्रीहरु भाांडावर्तन, कम्वल, त्रिपाल, वितरण गर्ने	सामाग्रीहरु भण्डार गरी राख्ने	,,
	जंगली जनावरबाट घाइते भएकाको निशुल्क औषधी उपचार गर्ने	जिल्लाजनस्वास्थ्य संग समन्वय गर्ने	जिल्लाजनस्वास्थ्य
तेस्रो दिन	मृतक परिवारलाई राहत तथा क्षतिपूर्ति उपलव्ध गराउने		कोशी टप्पू आरक्ष
	सम्वन्धित निकायको वैठक वस्ने		जिल्लाविपद व्य. समिति
पहिलो हप्ता	भत्केका घरहरु र क्षतीभएको वालीको लगत लिने र क्षतिपूर्ति दिने घरको निर्माण खर्च उपलव्ध गराउने	सोलार फेन्सिड लगाउने, लेसरलाइट समुदायमा राख्ने, हात्तीले मन पराउने खालकाप्रजाती केरा, सिमल र पिपलआरक्ष भित्रलगाउने	,,

५.४.२ विषयगत क्षेत्रको नाम : **बन्दोवस्ती**

मुख्य विपद्को किसिम : **जनावर आक्रमण र क्षति** (हात्ती, अर्ना, वंदेल, वांदर, सर्प, कुकुर)

अनुमानित अवस्था : जनावरबाट प्रभावित १०,००० जना जोखिममा छन् । यी क्षेत्रमा जंगली जनावरले अन्नवालीहरु नष्ट गर्ने र घरपालुवा जनावरहरुलाई मार्ने र घाइते वनाउने ।

विषयगत उद्देश्य : जनावरबाट प्रभावित परिवारहरुलाई राहतका सामाग्रीहरु उपलव्ध गराउने क्रममा वन्दोवस्तीका सामाग्रीहरुमा सहयोग गर्ने ।

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्यजिम्मेवार निकाय
पहिलो दिन	घटनास्थलको निरिक्षण गर्ने	तालिम प्राप्त जनशक्ति तयारी राख्ने	जि. प्रशासन कार्यालय,सुनसरी
	जनशक्ति परिचालन गरी हात्ती, अर्ना, वंदेलधपाउने कार्य गर्ने	,,	जि. प्रशासन कार्यालय,सुनसरी

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्यजिम्मेवार निकाय
दोस्रो दिन	प्रभावितहरुको लागि खाद्य तथा गैह्र खाद्य सामाग्रहरु भांडा वर्तन वितरणमा गाडी तथा ट्रकको सहयोग दिई टनास्थलमा सामाग्री पुरयाउन सहयोग गर्ने	यातायातका साधनहरु पहिला नै सम्पर्कमा राख्ने तथा तयारी अवस्थामा राख्ने	जि. प्रशासन कार्यालय
	खुला क्षेत्रमा त्रिपाललगाई घरवारविहिनलाई आवासको व्यवस्था मिलाउन आवास तथा गैह्र खाद्यक्षेत्रसंग सहकार्य गर्ने		जि. प्रशासन कार्यालय
तेस्रो दिन	जि. वि.व्य. समितिमा विवरण पेश गर्ने		जि. प्रशासन कार्यालय
	अवस्था सामान्य नभएसम्म सहयोग जारी राख्ने		जि. प्रशासन कार्यालय
	अवस्था सामान्य भएपछि पूर्ववत रुपमा प्रभावितलाई फर्काउन सहयोग गर्ने		जि. प्रशासन कार्यालय

५.५ शीतलहर सन्दर्भमा

तराईका जिल्लाहरुमा विशेष गरेर जाडोको समयमा शीतलहरुको ठुलो समस्या रहेको छ । विशेष गरेर विपन्न घर परिवारका महिला, वालवालिकाहरु र बृद्धबृद्धाहरु शितहलहर समयमा निमोनिया जस्ता रोगहरुबाट ग्रसित हुने र अत्यधिक चिसोका कारण मृत्यु समेत हुने गरको तथ्यांक छ । सुनसरी जिल्ला पनि शितलहरबाट प्रभावित जिल्ला मध्येमा पर्दछ । प्रत्येक वर्ष शीतलहरबाट धेरै मानिसहरु प्रभावित हुने र मृत्यु हुने गर्दछ । विगत वर्ष जिल्ला विपद् जोखिम व्यवस्थापन योजना बनाउने क्रममा लिइएको सूचनाको आधारमा सुनसरी जिल्लामा २२,०० जना मानिसहरु प्रभावित हुने अनुमान गरिएको छ । यसैगरी शितलहरबाट धेरै हेक्टर जमिनमा लगाएको अन्नवालीहरु पनि क्षति हुने अनुमान गरिएको छ ।

५.५.१ विषयगत क्षेत्रको नाम : समन्वय तथा सूचना क्षेत्र

मुख्य विपद्को किसिम : **शीतलहर**

अनुमानित अवस्था : शीतलहरबाट महिला, वालवालिका, जेष्ठ नागरिक, अपांग प्रभावित भएका हुनेछन् र अन्नवालीहरुमा क्षति पुगेको हुनेछ । करीव २२,००० जना मानिसहरु प्रभावित हुने छन् । साथैअन्नवालीहरु को पनि क्षति हुने संभावना रहेका छ ।

विषयगत उद्देश्य : सूचना र समन्वयको माध्यमको व्यवस्थापन तथा प्रभावकारी समन्वय गरी शितलहरको समयमा सहयोग पुऱ्याउनु ।

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्यजिम्मेवार निकाय
	जिल्लाविपद् व्यवस्थापन समितीको समन्वय वैठक	सवै विषयगत क्षेत्रहरुलाई तयारी अवस्थामा रहन समय समयमा क्षेत्रगत वैठक गर्ने	जिल्ला प्रशासन कार्यालय,सुनसरी

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्यजिम्मेवार निकाय
पहिलो दिन	शीतलहरबाट वच्ने सन्दर्भमा वा आवश्यक सर्तकतालिन सूचना प्रवाह गर्ने	सवै क्षेत्र प्रमुखहरुले खवर गर्ने	जिल्ला प्रशासन कार्यालय,सुनसरी
दोस्रो दिन	पिडितहरुको संख्याएकिन गरी तथ्यांक संकलन गर्ने र संकलित तथ्यांकको आधारमा प्रतिवेदनतयार गर्ने	इरा फर्मको व्यवस्थापन गर्ने इरा कार्यदल गठन गर्ने र तालिम दिने । तथ्यांक विश्लेषणको लागि तालिमदिने ।	जिल्ला प्रशासन कार्यालय,रेडक्रस
	वन कार्यालयसंग समन्वय गरी दाउरा उपलब्ध गराउने		जिल्ला प्रशासन कार्यालय,सुनसरी
तेस्रो दिन	प्राप्तप्रतिवेदन जिल्लाविपद् व्यवस्थापन समितिमा पेश गर्ने र तथ्यांक विश्लेषण गर्ने		जिल्ला प्रशासन कार्यालय,सुनसरी
	मानविय सहयोग सम्वन्धिगति विधि संचालन गर्न क्लष्टरहरुलाई परिचालन गर्ने		जिल्ला प्रशासन कार्यालय,सुनसरी
पहिलो हप्ता	स्थिति सामान्य नभएसम्म सहयोग गर्ने		जिल्ला प्रशासन कार्यालय,सुनसरी

५.५.२ विषयगत क्षेत्रको नाम : गैह्र खाद्य

मुख्य विपद्को किसिम :**शीतलहर**

अनुमानित अवस्था :शीतलहरबाट महिला, वालवालिका, जेष्ठ नागरिक, अपांग प्रभावित भएका हुनेछन् र अन्नवालीहरुमा क्षति पुगेको हुनेछ । करीव २२,००० जना मानिसहरु प्रभावित हुने र अन्नवालीहरु नष्ट हुने ।

विषयगत उद्देश्य :शीतलहरबाट प्रभावित परिवारलाई आवास तथा गैह्र खाद्य सहयोग उपलव्ध गराई थप धनजनको क्षति हुन नदिनु ।

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्यजिम्मेवार निकाय
पहिलो दिन	प्रभावित समुदाय संग सर्म्पक गरी सूचना संकलन गर्ने	प्रभावित हुन सक्ने समुदायको जानकारी राख्ने	नेपाल रेडक्रस, नेपाल प्रहरी
	आवास तथा गैह्र खाद्य क्लष्टरको आपतकालिन वैठक वोलाउने	सर्म्पक विवरणहरु राख्ने	नेपाल रेडक्रस, नेपाल प्रहरी
दोस्रो दिन	दाउरा, मटितेल वितरणको व्यवस्था मिलाउने	वन कार्यालय संग समन्वय गर्ने र दाउर वितरणको तयारी गर्ने खाद्य सामाग्रीहरु त्यारी अवस्थामा राख्ने गैर खाद्य सामाग्रीहरु संकलन गरी राख्ने	जिल्लावि.व्य. समिति, रेडक्रस
	खाद्य सामाग्रीहरु झोलीलो पदार्थ गेडागुडीको व्यवस्था गरी वितरण गर्ने		,,
	न्यानो कपडा सुइटर, ज्याकेट, सल, कम्वल वितरण गर्ने		,,

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्यजिम्मेवार निकाय
तेस्रो दिन	दाउरा, मटितेल वितरणको व्यवस्था मिलाउने निरन्तर		
	खाद्य सामाग्रीहरु झोलीलो पदार्थ गेडागुडीको व्यवस्था गरी वितरण गर्ने, निरन्तर		,,
	न्यानो कपडा सुइटर, ज्याकेट, सल, कम्वलवितरण गर्ने , निरन्तर		,,
	दाउरा, मटितेल वितरणको व्यवस्था मिलाउने, निरन्तर		,,

५.५.३ विषयगत क्षेत्रको नाम : **बन्दोवस्ती**

मुख्य विपद्को किसिम : **शीतलहर**

अनुमानित अवस्था : शीतलहरबाट महिला, वालवालिका, जेष्ठ नागरिक, अपांग प्रभावित भएका हुनेछन्
र अन्नवालीहरुमा क्षति पुगेको हुनेछ। करीव २६०११ मनिसहरु प्रभावित हुने केहीको मृत्यु हुन सक्ने साथै निमोनियाको विरामी वढन सक्ने संभावना रहेका छ।

विषयगत उद्देश्य : शीतलहरबाट प्रभावित परिवारलाई स्वास्थ्य तथा पोषणको सहयोग, दाउरा,
एम्वुलेन्स,न्यानोकपडा वितरण, महिला, वालवालिका, अपांग तथा जेष्ठ नागरिकको सुरक्षाको व्यवस्था मिलाउनु।

विपद् पछिको अवधि	विपद्को अवस्थामा गरीने आपतकालीन कार्य	आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य	मुख्यजिम्मेवार निकाय
पहिलो दिन	प्रभावित क्षेत्रको भ्रमण गरी मुख्य र सहायक चोकमादाउरा वाल्न सहयोग गर्ने	वनकार्यालय, जि.स.स., स्थानीयतहसंग समन्वय गर्ने	जिल्ला प्रशासन कार्यालय
	वन्दोवस्त क्लष्टरको वैठक वस्ने	रोष्टर तयारी र अधावधिक गर्ने	,,
	व्लयांकेट तथा अन्यन्यानो कपडाहरु वितरण गर्नेकार्यमा वन्दोवस्तीको सामग्रीहरुको सहयोग गर्ने	कम्तीमा ५ वटा गाडीको व्यवस्था मिलाइ तयारी अवस्थामा राख्ने	,,
दोस्रो दिन	चिसोले प्रभावपारेका वृध्दवृध्दा, वालवालिका, महिला र अपांगलाई अस्पताल पुरयाउन सहयोग गर्ने	एम्वुलेन्स तयारी अवस्थामा राख्ने	,,
	दाउरा वाल्ने कार्य निरन्तर गर्ने		,,
तेस्रो दिन	अवस्था सामान्यन हुन्जेल सम्म आगो वाल्ने र न्यानो वनाउने कार्यमा निरन्तर सहयोग गर्ने		,,
	जिल्लाविपद व्यवस्थापन समितिमा प्रतिवेदन दिने		,,

परिच्छेद ६ :
आवश्यकताको लेखाजोखा

६.१ विषयगत स्रोत साधनको आँकलन

सुनसरी जिल्लामा विपद्का घटना घटी आपतकालिन परिस्थिति सिर्जना भएमा तत्काल परिचालन गर्न सकिने स्रोत साधनहरुको यस खण्डमा उल्लेख गरिएको छ। भविष्यको योजनाको लागि तथा जिल्ला विपद् व्यवस्थापन समितिलाई विभिन्न निकायका वीच समन्वय गर्न सहयोग पुगोस भन्ने उद्देश्यले हरेक निकायले विपद्को समयमा प्रतिकार्यमा संलग्न हुने निकायहरुको नाम, क्षेत्रगत सम्पर्क व्यक्ति, कार्यालय, विद्यमान स्रोत र साधनको सूची, तोकिएको ढाँचामा तयार गरी क्षेत्रगत रुपमा प्रस्तुत गरिएको छ ।साथै प्रतिकार्यमा संलग्न निकायहरुले राहत कार्यका लागि भण्डार गरिराखेको गैह्रखाद्य सामाग्री, त्रिपाल, स्वास्थ्य सामाग्री, खानेपानी तथा सरसफाइसम्बन्धी सामाग्री, आपत्कालीन शिक्षासम्बन्धी सामाग्री वन्दोवस्ती सामाग्रीहरुको विवरण क्षेत्रगत रुपमा तयार गरी निम्नानुसार राखिएको छ

१.समन्वयतथा सूचना क्षेत्रसँग रहेको विद्यमानश्रोत तथा क्षमताको विवरण

सञ्चार सामाग्रीको नाम

क्र.स	संस्थाको नाम	टेलिफोन सेट	कम्प्यूटर सेट	मेगाफोन	ल्यापटप	साइरन	H.F .M.सेट	V.H.F सेट	V.H.F वेस सेट	V.H.Fहैन्ड सेट	स्याटेलाइट फोन	पूर्वसूचना सेट	माइकस्पिकर
१	जिल्ला प्रशासन कार्यालय	४	२	५									
२	जिल्ला समन्वय समिति, सुनसरी	३	२		५								
३	नेपाल रेडक्रस सोसाइटी, सुनसरी	३	३			५							
४	नेपाली सेना (कृष्ण दल गण)	आश्यकताअनुसार											
५	सशस्त्रप्रहरी बल नेपाल न. ४ गण	१६	३				१	१	१५	३०			
६	जिल्ला प्रहरी कार्यालय, सुनसरी		३	४						३०			
१३	इटहरी उ.म.न.पा.		१										
१४	इनरुवा नगरपालिका		१										
१५	दूहवी नगरपालिका	४	२०		१५								

सञ्चार सामाग्रीको नाम

क्र.स	संस्थाको नाम	टेलिफोन सेट	कम्प्यूटर सेट	मेगाफोन	ल्यापटप	साइरन	H.F .M.सेट	V.H.F सेट	V.H.F बेस सेट	V.H.Fहेन्ड सेट	स्याटेलाइट फोन	पूर्वसुचना सेट	माइकस्पिकर
१६	रामधूनीनगरपालिका	२	१५	२	४								१
१७	बराहनगरपालिका	आवश्यकताअनुसार											
१८	देवानगंजगाँउपालिका		४										
१९	गढी गाउँपालिका												
२०	हरिनगरा गाउपालिका	आवश्यकताअनुसार											
२१	भोक्राहागाउपालिका	आवश्यकताअनुसार											
२२	बर्जू गाउपालिका	आवश्यकताअनुसार											
२३	कोशीगाउपालिका	आवश्यकताअनुसार											
२४	स्थानीयतहका १२४ वटा वडाहरु	आवश्यकताअनुसार आवश्यकताअनुसार											

२. खोज तथा उद्धार क्षेत्रसँग रहेको विद्यमान स्रोत तथाक्षमताको विवरण

शसस्त्र प्रहरी बल,सुनसरी

१. सशस्त्रप्रहरी बल नेपाल नं. १ बराहबाहिनीमुख्यालय सुनसरी

क. CSSR का सामानहरुको बिबरण :-

सि.नं.	सामानको नाम	हाल मौज्दात	साबुत	कै.
१.	400 mm Petrol power cutter (for rescue saw)	सेट 7	साबुत	
	Abrasive wheel blade (for iron cutting)	थान 90	साबुत	
	Spark plug	थान 5	साबुत	

	Wood Cutting Blade	थान 4	साबुत	
	Diamond wheel blade	थान 15	साबुत	
२.	17mm Chipping hammer (Demolition hammer)	सेट 1	साबुत	
	Chipping hammer's 17mm chisel set(bull point bit)	१ थान	साबुत	
	Chipping hammer's 17mm chisel set(cold chisel)	१ थान	साबुत	
३.	30mm chipping hammer(demolition hammer)	सेट 7	साबुत	
	Drill Bit (12")	सेट 10	साबुत	
	bold chisel (Sds max 12" bull point bit)	थान 14	साबुत	
	cold chisel (flat point) (Sds Max 12" Flat chisel bit)	थान 14	साबुत	
४.	Reciprocating saw (recipe saw)	सेट 6	साबुत	
	saw blade (for metal cutting)	थान १७३	साबुत	
	saw blade (for wood cutting)	थान115	साबुत	
५.	400 mm Electric Chain Saw	सेट 4	साबुत	
	saw chain	थान 13	साबुत	
	saw blade	थान 3	साबुत	
	plastic cover	सेट 3	साबुत	
६.	700 mm petrol Chain Saw	सेट 9	साबुत	
	saw chain	थान 25	साबुत	
	Spark plug	थान 13	साबुत	
	Piston	3थान	साबुत	
	saw blade	थान 4	साबुत	
	plastic cover	सेट 4	साबुत	
७.	40mm rotary hammer drill	सेट 3	साबुत	
	40mm rotary hammer drill's bit set(carbide-tipped bid)	सेट 5	साबुत	

	Chisel Bit Pointer	सेट 1	साबुत	
	Bull Point Bit	सेट 1	साबुत	
	Flat Point Bit	सेट 1	साबुत	
	rotary hammer drill	सेट 1	साबुत	
८.	Nil gun	सेट 1	साबुत	
९.	52mm rotary hammer drill	सेट 3	साबुत	
	tungsten carbide-tipped bid	थान 14	साबुत	
	core bit	थान 14	साबुत	
१०.	20mm electric drill	सेट 2	साबुत	
	20mm electric drill's bid	सेट 1	साबुत	
११.	235 circular saw	सेट 1	साबुत	
	235 circular saw's Blade	थान 1	साबुत	
१२.	safety goggles	थान 70	साबुत	
१३.	Generator	सेट 2	साबुत	
१४.	500 mm blower with ventilation duct	सेट 4	साबुत	
१५.	Electric Angle Cutter	थान 1	साबुत	
	14" Metal cutting blade	थान 5	साबुत	
	14" Diamomond blade General Purpose	थान 5	साबुत	
	14" Abrasive Cut-Off Wheel Blade	थान 5	साबुत	
१६.	come along , (ratcheted puller)	सेट 4	साबुत	
१७.	Crowbar	सेट 5	साबुत	
१८.	Bolt Cutter	थान 11	साबुत	
१९.	Axe With Rubber Handle (Medium)	सेट 6	साबुत	
२०.	Hammer	सेट 4	साबुत	
२१.	Halogen Light	सेट 4	साबुत	

२२.	Search Light	सेट 1	साबुत	
२३.	100 m Electric Coed (Motion Type turntable Plug)	थान 4	साबुत	
२४.	Hydraulic Bottle Jack (20 Tons Capacity)	थान 2	साबुत	
२५.	Hydraulic Bottle Jack (10 Tons Capacity)	थान 1	साबुत	
२६.	Adjustable Wrench	थान 4	साबुत	
२७.	Pipe Wrench	थान 1	साबुत	
२८.	Pillars	सेट 1	साबुत	
२९.	Vise grip (adjustable locking pliers)	सेट 1	साबुत	
३०.	5 m Measuring Tape	सेट 2	साबुत	
३१.	Screws Driver	थान 8	साबुत	
३२.	64 mm Hole Saw Blade, Bam Hole Saw (Full set)	सेट 1	साबुत	
३३.	Gloves	जोर 56	साबुत	
३४.	Sliding Ladder (Aluminum)	सेट 3	साबुत	
३५.	Two Fold Ladder	सेट 1	साबुत	
३६.	Three Fold Ladder	सेट 1	साबुत	
३७.	Helmet (CSSR)	गोटा210	साबुत	
३८.	PVC Labor Gum Boot	जोर 20	साबुत	
३९.	Reflector vest	थान 40	साबुत	
४०.	Quake Alarms	थान 1	साबुत	
४१.	Hydraulic jack	थान 1	साबुत	
४२.	Hydraulic cutter	थान 1	साबुत	
४३.	Small chipping Hammer (power source AC)	थान 1	साबुत	
४४.	Small chipping Hammer (power source DC)	थान 1	साबुत	
४५.	Grinding sanding (power source AC)	थान 1	साबुत	
४६.	Grinding sanding (power source DC)	थान 1	साबुत	

४७.	JCV video camera	१ थान	बेशाबुत	
४८.	Memory card (4GB)	२ थान	साबुत	
४९.	Magi light big (2 BTY)	१ थान	साबुत	
५०.	Magi light mini	२ थान	साबुत	
५१.	Motorola Radio set	२ थान	साबुत	
५२.	Binocular	१ थान	साबुत	
५३.	United mini compass	१ थान	साबुत	
५४.	Wine Chester multi Tools	१ थान	साबुत	
५५.	Duffel bag	१ थान	साब	
५६.	knee pad	१० थान	साबुत	
५७.	Back Board	थान 1	साबुत	
५८.	work glove close	५ जोर	साबुत	
५९.	campo casa xt 5p	१ पस	साबुत	
६०.	Rescue Strachare	पस 2	साबुत	
६१.	Death Body Bag	थान 13	साबुत	
६२.	Hand Hydraulic Rescue Combi Tool	थान 3	साबुत	
६३.	Circular Saw Blade	थान 10	साबुत	
६४.	Thermal Imagine Camera	थान 1	साबुत	
६५.	Life Detector (Snake Eye Camera)	थान 1	साबुत	

ख. वाटर रेस्क्यूका सामानहरुको विवरण-:

सि.नं.	सामनको नाम	हाल मौज्दात	साबुत /बेसाबुत	कै.
१.	Rescue raft	सेट 4	साबुत	
२.	life jacket	थान 123	साबुत	
३.	Rescue Throw Bag	थान 20	साबुत	

सि.नं.	सामनको नाम	हाल मौज्दात	साबुत /बेसाबुत	कै.
४.	paddle	थान 39	साबुत	
५.	safety helmet (for water rescue)	थान 28	साबुत	
६.	Boat Bag	थान 5	साबुत	
७.	Super Boat D Ring	थान10	साबुत	
८.	Boat Handle	थान 2	साबुत	
९.	life line rope	थान 3	साबुत	
१०.	hand pump	थान 4	साबुत	
११.	Foot Pump	थान 1	साबुत	
१२.	Helmet	थान 8	साबुत	
१३.	Life Buoy Ring	थान 3	साबुत	
१४.	Wind Blower (Electric)	१ थान	बेसाबुत	
१५.	Rescue Suit	१ थान	साबुत	
१६.	Dry Bag	२ थान	साबुत	
१७.	Big river Dry Bags	4थान	सबुत	
१८.	Water Boot	जोर 6	साबुत	
१९.	Raft repair kit	थान 4	साबुत	
२०.	Rain Coat	जोर 16	साबुत	
२१	Motor Boat	थान 1	साबुत	
.२२	OBM Engine	थान 1	साबुत	
.२३	OBM Paddle	थान 2	साबुत	

ग. आगलागी नियन्त्रणका सामानहरुको बिवरणः-

सि.नं.	सामानको विवरण	हाल मौज्दात	साबुतबेसाबुत/	कै.
१.	Self contained breathing apparatus	पस 6	साबुत	

२.	Oxygen cylinder	पस 6	साबुत	
३.	Fire helmet	पस 39	साबुत	
४.	Fire boots	जोर 50	साबुत	
५.	Fire safety glasses	पस 2	साबुत	
६.	Gas mask (with and without oxygen)	पस 4	साबुत	
७.	Fire fighting suit	जोर 12	साबुत	
८.	Fire blanket	पस 3	साबुत	
९.	Fire rescue rope	२ रोल	साबुत	
१०.	Light (head lamp)	२ पिस	साबुत	
११.	Dragon light (search light)	२ पिस	साबुत	
१२.	Special Helmet With Light	१४ थान	साबुत	
१३.	Special Fire Proof Mask	थान 22	साबुत	
१४.	Austrian fire Gloves	जोर 18	साबुत	
१५.	Fire Aid kits	थान 4	साबुत	
१६.	Breathing Masks with Filters Cartridge	सेट2	साबुत	
१७.	Fire Helmet Light Strip	१ थान	साबुत	
१८.	Multi Gas Detector	थान 2	साबुत	
१९.	Water Jel Blanket (Fire plus)	सेट 1	साबुत	
२०.	Fire Axe	थान 2	साबुत	

घ. Rappelling Climbing सम्बन्धी सामानहरुको बिबरणः-

सि.नं.	सामानको बिवरण	हाल मौज्दात	साबुतबेसाबुत/	कै.
१.	Rock helmet	थान 19	साबुत	

सि.नं.	सामानको बिवरण	हाल मौज्दात	साबुतबेसाबुत/	कै.
२.	डोम टेन्ट)small(	थान 8	साबुत	
३.	डोम टेन्ट)medium(	थान 2	साबुत	
४.	डोम टेन्ट)large(	थान 2	साबुत	
५.	म्याट्रेस	थान 11	साबुत	
६.	त्रिपाल	थान 15	साबुत	
७.	Rock hammer	२ पस	साबुत	
८.	Static Rope	रोल 6	साबुत	
९.	Dynamic Rope	रोल 5	साबुत	
१०.	Rope	थान 3	साबुत	
११.	Tape ceiling	थान 15	साबुत	
१२.	pulley	थान 10	साबुत	
१३.	Jammer	थान 11	साबुत	
१४.	Mitten (leather glove)	जोर 11	साबुत	
१५.	Multi utility knife	थान 3	साबुत	
१६.	Trekking Bags	१ थान	साबुत	
१७.	Footwear (Rock shoes)	१ जोर	साबुत	
१८.	Light (head lamp)	थान 7	साबुत	
१९.	carabineer screw	थान 38	साबुत	
२०.	Seat Harness	थान 6	साबुत	
२१.	Combine harness	थान 3	साबुत	
२२.	Chest Harness	थान 5	साबुत	
२३.	Figure 8 Carabineer	थान 17	साबुत	
२४.	Rope Descended	थान 3	साबुत	
२५.	PPE Suit Different Size and Brand	थान 2	साबुत	

सि.नं.	सामानको बिवरण	हाल मौज्दात	साबुतबेसाबुत/	कै.
२६.	Sanitizer dispenser	थान 1	साबुत	

1.गोताखोरका सामानहरु.

सि.नं.	सामानको बिवरण	परिमाण	साबुतबेसाबुत/	कै.
१.	Air Compressor	सेट 2	साबुत	
२.	Electric Air Compressor	सेट 1	साबुत	
३.	Boot	जोर 5	साबुत	
४.	Drive Mask	सेट 5	साबुत	
५.	Hoods	३ सेट	साबुत	
६.	Fins	जोर 5	साबुत	
७.	Gloves	जोर 5	साबुत	
८.	Wet suit (Full size)	सेट 5	साबुत	
९.	Search Light	सेट 2	साबुत	
१०.	Steel Tank	३ सेट	साबुत	
११.	Snorkel	सेट 5	साबुत	
१२.	Regulator	३ सेट	साबुत	
१३.	Pressure gauge	३ सेट	साबुत	
१४.	Pro- Valve for Cylinder	३ सेट	साबुत	
१५.	Pressure Gauge tube for Breathing	३ सेट	साबुत	
१६.	Duffle Dive Bag	३ सेट	साबुत	
१७.	Back Inflation diving system	सेट 4	साबुत	
१८.	Communication Set Batteries	३ सेट	साबुत	
१९.	Diver Full Face SCUBA Dive Mask with Communication Unit	३ सेट	साबुत	
२०.	Diver Communication Unit Single Channel	३ सेट	साबुत	

से.नं.	सामानको बिवरण	परिमाण	साबुतबेसाबुत/	कै.
२१.	Under water communication Accessories digital single channel Transceiver Unit	३ सेट	साबुत	
२२.	Dry suit	सेट 2	साबुत	
२३.	Gloves For Dry Suit	सेट 2	साबुत	
२४.	Life Line	सेट 2	साबुत	
२५.	Weight Belt And Weight	सेट 2	साबुत	

२. सशस्त्र प्रहरी बल नेपाल नं.४ गण हे.क्वा.सुनसरी

सि.नं.	सामानको विवरण	संख्या	कै.
१.	पिक	६ गोटा	
२.	फरुवा	७ गोटा	
३.	गल (खन्ती)	२ गोटा	
४.	साबेल	१० गोटा	
५.	क्यारोबिना हुक	३ गोटा	
६.	स्टेचर	१ थान	
७.	लाईफ ज्याकेट	४९ गोटा	
८.	फायर एक्सटिङ्गगुईसर के जी २	४ गोटा	
९.	फायर एक्सटिङ्गगुईसर के जी ४	२ गोटा	
१०.	ट्यूव	१७ गोटा	
११.	सानो बन्चरो	६गोटा	
१२.	बिपद् उद्धार पन्जा	२०जोर	
१३.	सर्च लाईट	२ थान	
१४.	फायर ज्याकेट (Fire Jacket)	२ गोटा	
१५.	Multifunction Flash torch Light	३ गोटा	

१६.	Rubber boat	३ गोटा	
१७.	Paddles	१८ गोटा	
१८.	Life buoy	५ गोटा	
१९.	दैवी प्रकोप उद्धार हेल्मेट	३६ गोटा	
२०.	Rubber Boat Repair Kit	१ गोटा	
२१.	Rubber Boat Air Pump	३ गोटा	
२२.	Climbing Rope	१ गोटा	
२३.	Megaphone	२ गोटा	
२४.	Throw Bag	५गोटा	
२५.	रेस्क्यू रोप कटन (Rescue RopeCotton)	२ रोल	
२६.	रिभर Crossing Rope (डोरी)	१ गोटा	
२७.	मेन डोरी	२०० मि.	
२८.	गमबुट	४५ जोर	

३. सशस्त्र प्रहरी बल नेपाल नं क्वा पकली सुनसरीमा बिपद ब्यवस्थापन.रिजर्भ गण हे 37 .सामाग्रिहरु

सि.नं.	सामानको विवरण	परिमाण	कै
१.	लाईफ ज्याकेट	१६ थान	बेसाबुत
२.	डोरी	३० मिटर साबुत	
३.	पिग	५ वटा	३ बेसाबुत
४.	सावेल	५ वटा	३ बेसाबुत
५.	सेफ्टि हेलमेट	१ थान साबुत	
६.	फायर एक्सटिङ्ग गुईसर	३ थान	बेसाबुत
७.	डोमपाल पाल	८ थान साबुत	

४.सशश्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म हरिपुर सुनसरी

सि नं.	उद्धार समाग्री	परिणाम	कैफियत
१.	लाईफ ज्याकेट	४ थान	
२.	साबेल	३ थान	
३.	पिक	४ थान	
४.	बाल्टिन	५ थान	
५.	पंन्जा	४ जोर	
६.	बिपद् उद्धार हेल्मेट	५ जोर	
७.	गल	१ थान	
८.	गमबुट	५७ जोर	
९.	वाटर प्रुफ ज्याकेट	२ जोर	
१०.	टिनको बाकस	१ वटा	

५. सशस्त्र प्रहरी बल नेपाल बिओपि श्रीपुर सुनसरी

सि नं.	**उद्धार सामाग्री**	**परिमाण**	**कै.**
१.	फलामको बाल्टिन	३ थान	
२.	प्लास्टिको हेलमेट	५ थान	
३.	पिक	५ थान	
४.	साबेल	५ थान	
५.	स्टेचर	५ थान	
६.	रेनसुट	५ थान	
७.	गल	५ थान	
८.	लाईफ ज्याकेट	१० थान	

९.	ट्युव	२ थान	
१०.	लाईफ ज्याकेट	१० थान	
११.	फायर रेस्क्यु सुट	१ थान	
१२.	नाईलनको डोरी	१ रोल	
१३.	Fire Extinguisher	१ थान	
१४.	गमबुट	३२ जोर	

६. सशस्त्र प्रहरी बल नेपाल बिओपि लौकही सुनसरी

सि नं.	उद्धार सामाग्री	परिमाण	कै
१.	उद्धारमा प्रयोग हुने पन्जा	४ जोर	
२.	फायर एक्सटीङ्गगुईसर	१ थान	
३.	लाईफ ज्याकेट	२० थान	
४.	प्लाष्टिक हेल्मेट	१० गोटा	
५.	पिक	२ थान	
६.	फरुवा	२थान	
७.	साबेल	२ थान	
८.	गल	१ थान	
९.	हाते बन्चरो	१ थान	
१०.	ट्युव	३ थान	
११.	गमबुट	३६ जोर	

७.सशस्त्र प्रहरी बल नेपाल बिओपि घुस्की सुनसरी

सि नं.	उद्धार सामाग्री	परिमाण	कै
१.	उद्धारमा प्रयोग हुने पंजा	२५ गोटा	
२.	Fire Extinguisher 2kg	२ थान	
३.	स्ट्रेचर	१ थान	
४.	लाईफ ज्याकेट	१० गोटा	
५.	उद्धारमा प्रयोग हुने हेल्मेट	१० गोटा	
६.	लाईफ ब्यरिङ्ग रिङ्ग	१ गोटा	
७.	गमबुट	३५जोर	

८.सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म कसानगंज सुनसरी

सिनं.	उद्धार सामाग्री	परिमाण	कै
१.	मेघाफोन	१ थान	
२.	रेस्क्यू हेल्मेट	१३ थान	
३.	रेस्क्यू ट्यूव	५ थान	
४.	लाईफ ज्याकेट	११ थान	
५.	स्टाटिक डोरी	१०० मि.	
६.	रेस्क्यु **Glove**	८ थान	
७.	फायर ज्याकेट	१ थान	
८.	**First Aid Box**	१ वटा	
९.	Figer Eight Calmber	५ थान	
१०.	फायर एक्टिङ्ग गुईसर	५ थान	
११.	थ्रो ब्याक	३ थान	
१२.	साबेल	३ थान	

१३.	फरुवा	२ थान	
१४.	गमबुट	५० जोर	

९.सशस्त्र प्रहरी बल नेपाल बिओपि साहेवगंज सुनसरी

सि नं.	उद्धार सामाग्री	परिमाण	कै
१.	पिक	१ थान	
२.	खन्ति	१ थान	
३.	सावेल	१ थान	
४.	लाईफ ज्याकेट	२ थान	
५.	फायर एक्सटिङ्गगुईसर	१ थान	
६.	गमबुट	४९ जोर	
७.	बाल्टी	२ थान	
८.	फरुवा	१ थान	
९.	डोरी	१ रोल	

१०.सशस्त्र प्रहरी बल नेपाल बिओपि लाही सुनसरी

सि नं.	उद्धार सामाग्री	परिमाण	कै
१.	फरुवा	२ थान	
२.	बेल्चा	२ थान	
३.	गल	१ थान	
४.	गैति	२ थान	
५.	ट्युव	२ थान	
६.	लाईफ ज्याकेट	१० थान	
७.	बिपद् उद्धार हेल्मेट	१० गोटा	

८.	हाते बन्चरो	१ थान	
९.	डोरी	१०० मिटर	
१०.	गमबुट	२९ जोर	

११.सशस्त्र प्रहरी बल नेपाल बिओपि बसन्तपुर सुनसरी

सि नं.	उद्धार सामाग्री	परिमाण	कै
१.	सावेल	२ थान	
२.	स्टेचर	१ थान	
३.	लाईफ ज्याकेट	५ थान	
४.	ट्युव	१ थान	
५.	बिपद् उद्धार हेल्मेट	५ थान	
६.	टर्च लाईट	६ थान	
७.	गमबुट	६० जोर	

१२.सशस्त्र प्रहरी बल नेपाल बिओपि अमडुवा सुनसरी

सि नं.	उद्धार सामाग्री	परिमाण	कै
१.	पिक	१ थान	
२.	डोरी	१ रोल	
३.	खन्ती	१ थान	
४.	ट्युव	२ थान	
५.	गमबुट	४८ जोर	

६.	लाईफ ज्याकेट	१० थान	

१३.सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेशधरान सुनसरी

सि नं.	उद्धार सामाग्री	परिमाण	कै
१.	पिक	२ थान	
२.	सावेल	५ थान	
३.	खन्ति	१ थान	
४.	मेन डोरी	३२५ मिटर	
५.	लाईफ ज्याकेट	५ थान	
६.	बिपद् उद्धार हेल्मेट	११ थान	
७.	बिपद् उद्धार पन्जा	१ थान	
८.	गमबुट	५ जोर	
९.	टर्च लाईट	३ थान	

१४.सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेशचतरा सुनसरी

सि नं.	उद्धार सामाग्री	परिमाण	कै
१.	लाईफ ज्याकेट	२७ थान	
२.	चाईनिज हेलमेट	३ गोटा	
३.	साबेल	१० थान	
४.	हाते आरी	२ थान	
५.	हतौडा	२ थान	
६.	रबर वोट	१ थान	

१५.सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेशभुटाहा सुनसरी

सि नं.	उद्धार सामाग्री	परिमाण	कै
१.	सावेल	२ थान	
२.	पिक	२ थान	
३.	गमबुट	२२ जोर	२ बेसाबुत

१६.सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेशदुहवी सुनसरी

सि नं.	उद्धार सामाग्री	परिमाण	कै
१.	फरुवा	२ थान	
२.	गमबुट	१० जोर	
३.	लाईफ ज्याकेट	५ थान	
४.	सिभिल टुपिस	५ थान	
५.	पिग	२ थान	
६.	साबेल	२ थान	

१७.सशस्त्र प्रहरी बल नेपाल बिओपि उल्टी सुनसरी

सि नं.	उद्धार सामाग्री	परिमाण	कै
१.	बाल्टिन	२ थान	
२.	बेल्चा	२ थान	
३.	पिग	२ थान	
४.	नाईलन डोरी	१ रोल	
५.	सावेल	१ थान	

६.	लाईफ ज्याकेट	१० थान	

१८. सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेश ईटहरी सुनसरी

सि नं.	उद्धार सामाग्री	परिमाण	कै
१.	लाईफ ज्याकेट	१० थान	
२.	हेल्मेट	५ थान	
३.	फरुवा	५ थान	
४.	बेल्चा	५ थान	
५.	गैलि	३ थान	
६.	डोरी	१ रोल	
७.	गल	१ थान	
८.	पानी बुट	१० थान	

१९.सुनसरी जिल्लामा बिपद ब्यावस्थापन तालिम प्राप्त जनशक्ति

सि.नं.	युनिट	जनशक्ति	कै
१.	सशस्त्र प्रहरी बल नेपाल नं. १ बराह बाहिनी सुनसरी	३४ जना	
२.	सशस्त्र प्रहरी बल नेपाल नं.४ गण हे.क्वा.सुनसरी	१९ जना	
३.	सशस्त्र प्रहरी बल नेपाल नं.३७ रिजर्भ गण सुनसरी	६ जना	
जम्मा		५९ जना	

(ख) नेपालप्रहरी

यस जिल्लामामौज्दार रहेका विपद उद्धार सामग्रीहरुः-

सि.नं.	कार्यालयको नाम	स्ट्रेचर	फोरुवा	गैती	बेल्चा	खन्ती	आरा	फस्ट एड किट बक्स	बाल्टिन	च्याप्टिङ (लाईफ)ज्याकेट	गम बुट	त्रिपाल	हेल्मेट	खुकुरी	बरुण यन्त्र	मेघाफोन	नाईलन डोरी	टियुब	मेटल कटर	ऐयर ब्याग (Heavy lift air bag)	Back board long	Carabing	Petrn Chainsaw (उढ कटर)	Fire Blanket	e Suit Set
१	जि.प्र.का.सुनसरी	१०	५	२०	१२	७	२		४	२३	१५	३५	१०	२		२	४०० मि.	१०	१	१	१	३	१	५	२
२	ई.प्र.का. ईटहरी सुनसरी मातहत समेत	१५	१५	६	३५	७		१	१०	२५					४		१७								
३	ई.प्र.का. धरान सुनसरी	४		४	६	४		१		५				२			५								
१	ईप्रकादु हवी मातहत समेत	४	९	१०	१४	८	१		६					३			२								
५	ई.प्र.का. महेन्द्रनगर सुनसरी मातहत समेत	३	२	२	२	२				३३					५		१०								
६	ई.प्र.का. पकली सुनसरी मातहत समेत	१	६	९	१४	२	२	१	७	१४					५		२								
जम्मा		३७	३७	५१	८३	३०	५	३	२७	१००	१५	३५	१०	७	१४	२	३६	१०	१	१	१	३	१	५	२

(ग) नेपाली सेना

क्र.स	सामाग्रीको नाम	एकाई	सख्या	कैफियत
१	लाइफज्याकेट	थान	३९	
२	क्यारावितना हुक	थान	१०	
३	रयापलिङ्ग डोर	थान	१	
४	रवर टयुव	थान	४	
५	टिन वाल्टिन	थान	१५	
६	पिक	थान	६०	
७	सावेल	थान	६०	
८	बञ्चरा	थान	५	
९	हाते ह्याक्सो	थान	२०	
१०	गल	थान	३	
११	ट्रक	थान	२	
१२	जीप	थान	२	
१३	हेल्मेट	थान	२०	
१४	शरिर सुरक्षा	थान	२०	

घ) स्थानियतहहरु

स्थानिय तहहरु सँग भएको खोज तथा उद्दारका सामाग्रीहरु नजिकको सुरक्षा निकायको पोष्टमा हस्तान्तरण गरिएको छ भने हाल स्थानिय तहहरु सँग उपलब्ध सामाग्रीहरुलाई एनेक्समा राखिएको छ ।

३ गैह्रखाद्य क्षेत्रसँग रहेको विद्यमान क्षमतातथा स्रोतहरु :

		श्रोतहरु							
क्र.स	सदस्य संस्था	मानवीय	जिप/ भ्यान	मोटरसाइकल	स्कुटर	कम्बल	त्रिपाल	गैह खाद्य सेट	माग गरेपछि उपलब्धहुने समय अवधि
१	नेपाल रेडक्रस सोसाइटी,सुनसरी	४००	ट्ट	४	१	१००	१००	३०० परिवार	१ दिन
२	प्लान इन्टरनेसनल, इटहरी	४	२	१०	-	१०००	१०००	-	१ दिन
३	हुडेप	१०	-						१ दिन
४	आर.आर.एन. इटहरी	-	-	-	-	-	-	आवश्यकता अनुसार	१ दिन
५	सुनसरी उद्योग बाणिज्य संघ धरान	-	-	-	-	-	-	आवश्यकता अनुसार	१ दिन
६	भ्वाइस अफ चिल्ड्रेन,इटहरी	३		१				आवश्यकता अनुसार	१ दिन
७	इटहरी उद्योग बाणिज्य संघ	-	-	-	-	-	-	२५० स्कूल किट्स बालबालिका	१ दिन
८	इनरुवा उद्योग बाणिज्य संघ	-	-	-	-	-	-	आवश्यकता अनुसार	१ दिन
९	दुहवी उद्योग बाणिज्य संघ	-	-	-	-	-	-	आवश्यकता अनुसार	१ दिन
१०	रोटरी क्लबअफ इटहरी	२००	-	-	-	-	-	आवश्यकता अनुसार	१ दिन
११	लायन्स अफक्लब	१००	-	-	-	-	-	आवश्यकता अनुसार	१ दिन
१२	१२ वटै स्थानियतह	आवश्कता अनुसार	-	-	-	-	-	आवश्यकता अनुसार	१ दिन

४. बन्दोबस्ती क्षेत्रको विद्यमान श्रोत तथा क्षमता

क्र.स	सदस्य संस्था	उद्धार सामग्रीतथायातायातव्यवस्था	कैफियत
१	जिल्ला प्रशासन कार्यालय,सुनसरी	आवश्यकता अनुसार	
२	१२ वटै स्थानियतह	आवश्यकता अनुसार	
३	जिल्ला समन्वय समिति,सुनसरी	आवश्यकता अनुसार	
४	नेपाल रेडक्रस सोसाइटी,सुनसरी	आवश्यकता अनुसार	
५	नेपाली सेना (श्री कृष्णदल गण)	आवश्यकता अनुसार	
६	नेपालपत्रकार महासंघ, सुनसरी	आवश्यकता अनुसार	
७	राष्ट्रिय अनुसन्धान कार्यालय	आवश्यकता अनुसार	
८	सेभ द अर्थ	आवश्यकता अनुसार	
९	गैह्रसरकारी संस्था महासंघ,सुनसरी	आवश्यकता अनुसार	
१०	प्लान इन्टरनेशनल नेपाल	आवश्यकता अनुसार	
११	जिल्ला आपतका लिन कार्यसंचालन केन्द्र	आवश्यकता अनुसार	
१२	स्थानीयतहका १२४ वडाहरु	आवश्यकता अनुसार	

६.२ अन्य आबश्यकताहरु

माथीको तालिकाहरुलाई हेर्दा सुनसरी जिल्लामा विपद्को अवस्था सिर्जना भएको खण्डमा समन्वयात्मक ढंगबाट संयुक्त प्रयास गरेमा धेरै हदसम्म क्षति न्यूनिकरण गर्न सकिने देखिन्छ । अन्य आबश्यकताको पहिचानको सन्दर्भमा यस जिल्लामा आकस्मिक अवस्था सिर्जना भएको खण्डमा संभावित विपद्मा पर्न सक्ने जनसंख्याको अनुमान र स्रोत साधन तथा क्षमतालाई तुलना गरेर हेर्दा निम्न कुराहरुमा अपुग हुने देखिन्छ ।

- विगतमा विपद्बाट प्रभावित मानिसहरुलाई राख्न सुरक्षीत आश्रयस्थलको रुपमा बिधालयहरुको प्रयोग गरिएता पनि हाल विपद व्यवस्थापन ऐन २०७४ ले विधालयलाई सुरक्षित स्थलको रुपमा प्रयोग गर्न प्रतिबन्ध लगाएकोले स्थानिय तहहरुले सुरक्षित स्थानको पहिचान तथा निर्माण गर्न आवश्यक रहेको छ ।
- आपतकालिन अवस्थामा पहिलो चरणमा लेखाजोखा गर्नका लागि स्थानिय तहहरुमा पर्याप्त स्वयंसेवकहरु नभएको र यसका लागी स्थानिय तहहरुले प्रारम्भिक द्रुत लेखाजोखा (ईरा) को बारेमा तालिम सन्चालन गरी दक्षजनशक्ति वढाउनु पर्ने आवश्यक देखिन्छ ।
- खोज तलास र उद्धार कार्यका लागि नेपाली सेना,नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको बिभिन्न ईकाइहरुमा आधुनिक उद्धार सामग्रीहरु अप्रयाप्त रहेकोले सो को व्यवस्थापन गर्न अपरिहार्य देखिन्छ ।
- सबै स्थानिय तहहरुमा हेलिप्याड निर्माणको कार्यलाई अघि बढाउनु पर्ने देखिन्छ ।
- सूचना तथा सही तथ्याङ्कको अभावमा राहत वितरण कार्य कठिन भइरहेको छ यसका लागि जनशक्तिको अभाव छ स्थानीय स्तरमा विपद् व्यवस्थापन समितिहरु स्थानीय तह भएपनि सक्रिय र स्रोत सम्पन्न छैनन् । जसका लागि सबै स्थानीय तहमा गठन भएका विपद् व्यवस्थापन समितिहरुलाई तालिम दिनु जरुरी छ ।
- स्वास्थ्य तथा पोषणका क्षेत्रमा आवश्यक औषधिहरु यस जिल्लामा प्रयाप्त भएता पनि आवश्यक समयमा केही स्थानमा समय मै उपलब्ध हुन सकेको छैन तसर्थ यसलाई समन्वयात्मक तरीकाले चुस्त दुरुस्त बनाउनु आवश्यक छ,
- खानेपानी तथा सरसफाईको अभावमा बिभिन्न रोगहरु देखापर्ने भएकाले छिटो भन्दा छिटो पानी शुद्धिकरण गर्ने वा शुद्ध पानी उपलब्ध हुने बातावरण सिर्जना गर्नु पर्दछ ।
- जिल्लाभरिका सबै क्षेत्रमा जान सकिने गरि सडक तथा अन्य यातायातलाई परिचालनका लागि तयारी गर्नुपर्छ ।
- महिला, बालबालिका, जोखिममा रहेका समूह, बृद्धवृध्दा तथा अशक्तहरुका लागि संरक्षणको व्यवस्था मिलाउनुपर्छ जुन कुरा उपलब्ध स्रोत सामग्रीमा देखिदैन ।
- बालबालिकाको शिक्षा निरन्तर सञ्चालन गर्न शैक्षिक सामग्री, पोसाक, पाठ्यपुस्तक लगायतका सामग्री र बैकल्पिक अध्ययन स्थलको समेत व्यवस्था मिलाउनु पर्ने देखिन्छ जुन सामग्रीहरु अभाव देखिन्छ ।
- विपदलाई बिकास योजनामा मुल प्रवाहिकरण गदै लाग्नु पर्ने देखिन्छ ।
- जोखिमयुक्त स्थानियतहहरूमापूर्व चेतावनी (Early Warning) का लागिमाइक, साइरन व्यवस्थापनगनुपर्ने ।

परिच्छेद : ७
लैङ्गिक समानतातथा सामाजिक समावेशिकरण

विपद् जोखिमन्यूनीकरण राष्ट्रिय नीति,२०७५ को अवधारणाले विपद् सुशासनको सिद्धान्तअनुरुप सहभागिता, जवाफदेहिता र पारदर्शिता जस्ता विषयहरुलाई आत्मसात गरी समाजका सबै सरोकारवालाहरुको संलग्नतातथा साझेदारी र लैङ्गिकतथा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गर्ने भनिएको छ । सोहीनीति अनुसार विपद् जोखिमन्यूनीकरणका सबै चरण तथा संरचनामा समावेशीविपद् व्यवस्थापनको अवधारणा अनुरुप महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदायहरुको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नता सुनिश्चित गरिनेछ ।

हाल संघीय संरचना अनुरुपविपद् जोखिमन्यूनी करण तथा व्यवस्थापन गर्न नीति, ऐन तथा रणनीतिक कार्ययोजनाहरू तयार भएका सन्दर्भमाप्रदेश, जिल्ला, स्थानीयतहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनातर्जुमा र कार्यान्वयनलाई व्यवस्थित गर्न साथै योजनाहरूमा एकरुपता र गुणस्तर कायम गर्न विपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन, २०७५) को दफा ८ बमोजिम"विपद् पूर्वतयारी तथाप्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७" लाई नेपाल सरकार, गृह मन्त्रालयले सम्बन्धित सरोकारवाला निकायहरूको राय सुझाव समेत लिई **विपद् पूर्वतयारी तथाप्रतिकार्य योजनातर्जुमामार्गदर्शन (२०६७) को पहिलो शंसोधन २०७६** मालैङ्गिक समानतातथा सामाजिक समावेशिकरणको विषयलाई पनि संलग्न गरेको छ । विपद् संवेदनशीलताको अवधारणा अनुरुप सार्वजनिक भौतिक संरचनाहरु (सरकारी कार्यालय, शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्थाहरु, सामुदायिक भवनहरु, आश्रय स्थलआदि) लाई जेष्ठ नागरिकमैत्री, लैंङ्गिकमैत्री, अपाङ्गतामैत्रीएवं बालमैत्री बनाउनुपर्ने उल्लेख गरिएको छ । त्यस्तै विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागिखुल्ला क्षेत्रको पहिचान, विकास र व्यवस्थापन गर्नुका साथै संकट उन्मुख क्षेत्रमा पहुँच युक्त एवं सुरक्षित आश्रय स्थलको निर्माण गरिनेछ । साथै विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन मानवीय सहायता स्थलएवं बन्दोवस्ती स्थलको स्थापना, विकास र विस्तार गरिनेछ । भिन्नाभिन्नै व्यक्तिवा समुदायले अनुभव गर्ने जोखिम भिन्नाभिन्नै छन, भिन्नाभिन्नै व्यक्तिवा समुदायको बाधाअवरोध भिन्नाभिन्नै छ। यर्सथ आपतका लिन अवस्थामा संरक्षण, लैंगिकता र समावेशिता सम्बन्धिका ४ न्यूनतम मापदण्डहरु १.मर्यादा/आत्मसम्मान २. पहुँच ३.सहभागीता ४.सुरक्षालाई विपदको समयमा बिशेष ध्यानदिनआबश्यक देखिन्छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको लागी तपसिलका कार्यहरु गरिनेछ ।

- सार्वजनिक भौतिक संरचनाहरु (सरकारी कार्यालय, शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्थाहरु, सामुदायिक भवनहरु, आश्रय स्थलआदि) लाई जेष्ठ नागरिकमैत्री, लैंङ्गिकमैत्री, अपाङ्गतामैत्री एवं बालमैत्रीबनाउने ।
- खुल्लाक्षेत्रको पहिचान गर्ने ।
- समावेशीविपद जोखिम व्यवस्थापनका लागि स्थानिय सरकारसँग वकालत गर्ने ।
- सामुदायिक स्तरमापहुँचयोग्य र समावेशीबिपद् जोखिम व्यवस्थापनका पूर्वाधार र क्षमता निर्माणमा जोड दिने ।
- विपद व्यबस्थापन समबन्धीहुने बिभिन्न योजना तर्जुमा प्रकृयाहरुमा सबै क्षेत्रको समान सहभागीता गराइनेछ ।

परिच्छेद :८
अनुगमन, मूल्याङ्कनतथासिकाई योजना

८.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन

जिल्ला विपद् व्यवस्थापन समिति, सुनसरीबाट आयोजित कार्यशाला गोष्ठीबाट जिल्ला विपद् व्यवस्थापन समितिको प्रमुखको हैसियतले प्रमुख जिल्ला अधिकारीज्यूलाई जिम्मेवार निकाय समेत तोक्न सक्ने गरी यो योजनाको कार्यान्वयन र पुनरावलोकन तालिका तय गरिएको छ । योजनाको पुनरावलोकनका लागि दुईवटा कार्यान्वयन पुनरावलोकन योजना तयार गरिएको छ

(**क**) एउटा सामान्य कार्यान्वयन योजना र (**ख**) विषयगत क्षेत्रको छुट्टाछुट्टै कार्यान्वयन योजना ।

८.२ विपद् पूर्वतयारी योजनाको क्रियाशीलता :

विपद् पूर्वतयारी तथाप्रतिकार्य योजना जिल्लास्तरको विपद् प्रतिकार्य एवं व्यवस्थापनका लागि उपलब्ध भौतिक, मानवीय र आर्थिक श्रोतहरूको आंकलन गरी नेपाल सरकारको विपद् जोखिमव्यवस्थापनको रणनीति र उद्धारका न्यूनतम आधारभूत पक्षहरूलाई दृष्टिगत गर्दै तयार भएको हो । जसको अनुमोदन जिल्ला विपद् व्यवस्थापन समितिबाट समेत गरिएको छ । जिल्लाभित्रविपद् सम्बन्धीकुनै घटना घटेको जानकारी हुनासाथ यस योजनामा उल्लेखित बिषयगत समितिहरू तथा सम्पर्क व्यक्तिहरू र सरोकारवालाहरू स्वतः सक्रियहुने छन् । विपद् पूर्वतयारी योजनाको दुईवटा चरण हुन्छ

(**क**) विपद् हुनु अगावै गरीने पूर्वतयारी कार्य (**ख**) विपद्को समयमा गरीने आपतकालीन प्रतिकार्य । सवै मानवीय सहायतामा संलग्न निकायले नियमित रुपमा पूर्वतयारीको कार्य गर्नुपर्दछ । योजनालाई योजनामा मात्र सिमित नराखी क्षेत्र प्रमुखले समय समयमा (करीव ३ महिनामा एक पटक) आआफनो क्षेत्रको समीक्षा गरी पूर्वतयारीका कार्य के कति भए भन्ने समिक्षा गर्न पर्दछ । मुख्य रुपमा जिल्ला विपद् व्यवस्थापन समिति र विषयगत अगुवा निकायहरु जिल्ला तथा स्थानिय निकायहरुमा योजनाबद्ध प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको कार्यान्वयन भएको छ भन्ने कुरामा विश्वस्त हुन र अनुगमन गर्नका लागि जिम्मेवार हुन्छन् ।मुख्य विपद्को समयमा जिल्ला विपद् व्यवस्थापन समितिको प्रमुखको हैसियतले प्रमुख जिल्ला अधिकारीले मानवीय उद्धारको कार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पूर्णतः कार्यान्वयन गराउनका लागि मुख्य भूमिका निर्वाह गर्नुपर्दछ । जिल्ला विपद् व्यवस्थापन समितिले विपद्को समयमा जिल्लास्थित सवै विकास तथा मानवीय सहायतामा संलग्न निकायहरुलाई उनीहरुको नियमित कार्यलाई मानवीय सहायताको कार्यतर्फ लगाउन निर्देशन दिनसक्दछन् ।

८.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना

विपद् पूर्वतयारी तथाप्रतिकार्य योजनाको प्रभावकारितायसको सफल कार्यान्वयनबाट मात्र सम्भव हुन्छ । सुनसरी जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा तयार भएको यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेखित प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको प्रभावकारी कार्यान्वयनको लागि जिल्लामा मानवीय सहायताका क्षेत्रमा कार्यरत साझेदार संस्थाहरूले विभिन्न विषयगत क्षेत्रमा आबद्ध रही यो विपद् पूर्वतयारी तथाप्रतिकार्य योजना कार्यान्वयन गर्न सघाउने छन् । साथै सबै स्थानीय तह एवं स्थानीयस्तरका संघसंस्थाहरूले पनि विषयगत योजनाहरू कार्यान्वयन गर्न निश्चितव्यक्ति/कर्मचारी (Focal Person)खटाउनुका साथै आवश्यकता अनुसार स्वयम्सेवक परिचालन गरी आवश्यक सहयोग गर्ने छन् ।

८.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन समय तालिका

जिल्लाको बदलिँदो परिस्थिति, उपलब्ध स्रोत तथा साधन, मानव संसाधनको समेत विश्लेषण गरी यस योजनालाई जिल्ला विपद् व्यवस्थापन समितिबाट प्रत्येक वर्ष जेठको अन्तिम साताभित्र पुनरावलोकन गरिनेछ । पुनरावलोकन प्रक्रियामा केन्द्रीय विपद् व्यवस्थापन समितिबाट प्राप्त निर्देशन तथा सुझावलाई समेत आधार बनाइनेछ । यो योजना गत वर्ष २०७९असारमा उल्लेखित प्रकृयाअनुरुप पुनरावलोकन गरी अध्यावधिक गरिएको थियो भनेनेपाल सरकार गृह मन्त्रालय विपद् व्यवस्थापन शाखाबाट तयार भइ आएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन,२०६७ को पहिलो शंसोधन २०७६ को ढांचाअनुसार यस वर्ष अद्यावधिक गरिएको छ ।

योजनापुनरावलोकन गरिने अवधि	जिम्मेवार निकाय	गर्नुपर्ने मुख्यकार्य (वैठक गर्ने वजटे व्यवस्थाआदि)	अर्को योजना पुनरावलोकन वा अद्यावधिक गर्ने वैठकको अनुमानितमिति
वर्षमा १ पटक	जिल्ला विपद व्यवस्थापन समिति, सुनसरी	बैठकको आयोजना गर्ने, समन्वय पत्रचार गर्ने,	२०८१ जेष्ठ

८.५ प्रतिवेदनतथाअभिलेखिकरण

८.५.१ प्रतिवेदन

जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र (District Emergency Operation Center/DEOC) को स्थापना र संचालन गर्ने योजना, जिल्ला विपद् व्यवस्थापन समितिको रहेको छ । उक्त केन्द्र निर्माण पश्चात सम्पूर्ण सूचना प्रवाह गर्ने जिम्मेवारी जिल्ला विपद् व्यवस्थापन समिति (जि.वि.व्य.स.) को समन्वयमा सोही केन्द्रको रहने छ । तथापि सो को व्यवस्था नहुन्जेल सम्मका लागि विपद् तथा आपतकालीन सूचना प्रवाह गर्ने जिम्मेवारी जिल्ला विपद् व्यवस्थापन समितिले अन्य साझेदारसंग समेत छलफल गरी निश्चित निकाय वा व्यक्तिलाई प्रत्यायोजन गर्न सक्ने प्रावधान अनुसार हाललाई सुचना, समन्वय क्षेत्रलाई जिल्ला प्रशासन कार्यालयको सूचना केन्द्र तथा नेपाल रेडक्रस सोसाईटीको सूचना केन्द्रसंग समन्वय गरी आपतकालिन समयमा जिल्ला विपद् व्यवस्थापन समितिको प्रत्यक्ष निर्देशनमा रहेर तोकिएको व्यक्तिले घटना विवरणको तोकिएको ढांचामा दैनिक वा साप्ताहिक प्रतिवेदन तयार गर्ने र त्यसलाई स्थानीय तथा केन्दीय तहमा प्रवाह गर्ने हो ।

८.५.२ संचार

जि.वि.व्य.स.ले तोकेको व्यक्तिले तयार पारेको घटना विवरण प्रतिवेदनलाई आवश्यकतानुसार सरकारी निकायहरु, मानवीय सहायतामा संलग्न निकायहरु,दातृ निकायहरु तथा अन्तर्राष्ट्रिय निकायहरुवीच प्रवाह गर्ने व्यवस्था जि.वि.व्य.स.वा समितिले अधिकार प्रत्यायोजन गरेको व्यक्ति वा निकायले गर्नेछ ।

८.५.३ अभिलेखीकरण

जिल्ला विपद् व्यवस्थापन समिति,सुनसरीले जिल्ला अगुवा सहयोगी संस्था (District Lead Support Agency/DLSA) को रुपमा नेपाल रेडक्रस सोसाइटी,सुनसरी तथा अन्य स्थानिय निकायहरुको सहयोगमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको दस्तावेज तयार गरिएको छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अन्तिम रुप तयार भइ जिल्ला विपद् व्यवस्थापन समिति,सुनसरीले अनुमोदन गरिसकेपछि योजना तर्जुमा प्रकृयामा संलग्न सवै निकायलाई एक एक प्रति योजना उपलब्ध गराइने छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जीवित अभिलेख (Living Document) भएकाले यसलाई हरेक वर्ष पुनरावलोन गरी अद्यावधिक गरीने छ । वार्षिक वा आवश्यक्ताअनुसार अर्ध वार्षिक रुपमा पुनरावलोकन गरिने भएकाले यसको मुद्रण नगरी कम मूल्यमा अभिलेख तयार

गर्न जिल्ला अगुवा सहयोगी निकायले आवश्यक्ता अनुसार प्रिण्ट निकाली बाइण्डीङ गरेर वितरण गर्ने र इलेक्ट्रोनीक कपीलाई सुरक्षित राखिने छ ।

८.५.४ अनुमोदन प्रकृया

यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य मानवीय सहायतामा संलग्न निकायहरुबाट स्वामित्व ग्रहण गरीएको आधिकारिक दस्तावेज हो । प्रायःजसो साझेदार संस्थाको स्थानीयस्तरमा विकास तथा मानवीय सहायता दुवै क्षेत्रमा काम गर्ने अधिकार हुन्छ । तसर्थ जिल्लास्तरमा विकास तथा मानवीय सहायता सम्बन्धी कार्यलाई अलग गरेर हेरिनु हुँदैन । यसका लागि यो योजनालाई जिल्ला विपद् व्यवस्थापन समितिवाट पारित गराई विपद् व्यवस्थापनलाई जिल्लाको विकास प्रकृयामा मूलप्रवाहीकरण गर्ने र सबै निकायलाई विपद् पूर्वतयारीमा केही वजेट विनियोजन गर्न प्रोत्साहित गरिने छ ।

परिच्छेद : ९
अनुसूचीहरु

अनुसूची-१

१.मानवीय सहयोगकान्यूनतम मापदण्ड

आपत्कालीन योजना विपद्को समयमा कार्यान्वयन हुने योजनाहो । यस समयमा सामाजिक, सांस्कृतिक, आर्थिक अवस्था असामान्य रहन्छ । हरेक क्षेत्रमा कठिन परिस्थिति उत्पन्नहुने भएकोले विपद्पीडित समुदायको सहयोग गर्दा मानवीयमूल्य र पीडितको मौलिक अधिकार माथि आघात नपुगोस् तथा उनीहरूले सम्मानपूर्वक जीवननिर्वाह गर्न पाउने वातावरण बनोस् भन्ने ध्येयले सहयोगका सन्दर्भमान्यूनतम मापदण्ड निर्धारण भएका छन् । स्फियर परियोजनाले निर्धारण गरेका ती मापदण्डलाइ नेपाल सरकारबाट समेत अनुमोदनभएको छ । विपद्का समयमा मानवीय सहयोगका निर्धारित न्यूनतम मापदण्डको प्रभावकारी कार्यान्वयनहुनु जरुरी हुन्छ । मानवीय सहयोगकाती मापदण्डको सङ्क्षिप्तविवरण निम्नअनुसार छ :

१.१समन्वय, सूचनातथापूर्वचेतावनी प्रणाली क्षेत्र

- समन्वय बैठक बाढी आएको पहिलो हप्तामा एक दिन बिराएर र दोस्रो हप्ताबाट हप्तामा एक दिन बैठक बस्ने,
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने,
- जोखिममा परेका समूहतथा जनसङ्ख्यालाई न्यायोचित रूपमा उद्धार सामग्रीको वितरण तथा सहयोग गर्ने,
- अवस्था तथा आवश्यकताको आधारमा रहेर इरा र मिराटीम परिचालन गर्ने,
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदनतयार गर्ने । क्रमशःआवश्यकताअनुसार हरेक दुई दिन तथा साप्ताहिक रूपमा निरन्तरतादिने,
- २४ घण्टाभित्र सञ्चार माध्यमका लागि समाचार पठाउने र पहिलो हप्तामा हरेक दिन,
- क्षेत्रीय विपदउद्धार समितिलाई सक्रियपार्न प्रयास गर्ने,
- समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन गर्ने, प्रतिवेदन तयार गरी सबैलाई जानकारी गराउने ।

१.२ खाद्य क्षेत्र : प्रभावितव्यक्तिहरूको पहुंच निम्न वस्तुमा हुनेछ :

(१) प्रतिव्यक्ति, प्रतिदिनन्यूनतम २,१०० क्यालोरी प्राप्तहुने गरी खाद्य सामग्रीको व्यवस्था गर्ने ,

(२) प्रभावित मानिसहरूका लागि हालविद्यमान तथा उपलब्धभएका र पहुँच योग्य खाद्यपदार्थमा परिपूरकको रूपमा एक अथवादुई खाद्यपदार्थहरू पूरकको रूपमा उपलब्ध गराउने, र

(३) निश्चित समूहका व्यक्तिको (साना केटाकेटी, एच्आईभी भएका व्यक्ति, कुपोषित व्यक्तिहरू आदि) आवश्यकता पूरा गर्न सामान्य खाद्यान्नको अतिरिक्त परिपूरक खाद्य सामग्रीको व्यवस्था ।

मापदण्डबमोजिमको खाद्यान्न सूची:

नेपाल सरकार गृह मन्त्रालयले प्रकोप पूर्वतयारी सञ्जाल नेपालको समन्वयमा स्फेयर मापदण्ड अनुरूप सिफारिस गरेको खाद्यान्नको सूची निम्नअनुसार रहेको छ :

- चामल – प्रतिदिन प्रति व्यक्ति ४१० ग्राम,
- दाल – प्रतिदिन प्रति व्यक्ति८० ग्राम
- वनस्पति तेल – प्रतिदिन प्रति व्यक्ति२५ मि.लि.

- नुन – प्रतिदिन प्रति व्यक्ति ५ ग्राम

स्थानीय परिस्थिति बमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनु पर्छ । सुरुमा घरायसी स्तर मागरिने वितरण र अन्तिम लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधारमा वितरण गरिनु पर्छ ।

१.३ गैह्रखाद्य सामग्री :

१. औसतमा एक व्यक्तिका लागि ३.५-४.५ वर्गमिटरको छानाभएको क्षेत्र उपलब्ध गराउनु पर्नेछ, प्रति परिवारको लागी ४५ वर्गमिटर क्षेत्रफल हुनुपर्दछ ।औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४X५ मिटरको डोरी सहितको प्लास्टिक सिट र सहायता सामग्री,
२. कम्मलमा मानिसहरूको पर्याप्त पहुँच,
३ दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तीमा पनि एक पूरा सेट कपडा ।
४. महिला,पुरुष तथा बालबालिकाहरुका लागि कम्तीमा पनि एक पूरा सेट कपडा उपलब्ध गराउनु पर्नेछ । यसका अतिरिक्त, महिलातथा केटीहरूका लागि नियमित सरसफाइ सम्बन्धी सामग्रीको आपूर्ति भएको गराउनु पर्नेछ,
५. मानिसहरूसँग उपयुक्त घरायसी सामग्री छ ।
६. शिविर बन्दगर्ने र वहिर्गमन रणनीति ।
७. शिविर स्थापना गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ जुनजमिन सुरक्षिततथा स्फियरको मापदण्ड अनुसार हुनु पर्ने,
८. विद्यालय तथा सार्वजनिक स्थलहरू प्रयोग गर्नु परेमाअग्रिम रूपमा नै समझदारी पत्रमा दस्तखत गर्ने,
९. शिविरका लागि योजना तर्जु मागर्दा नै सांस्कृतिक तथा सामाजिक मूल्यहरू एवं परिस्थितिलाई ध्यानमा राख्ने,
१०. शिविर स्थापना गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको अभिलेख हेर्ने वा अभ्यास बुझ्ने,
११. सरकारी निकायहरू,नागरिक समाज,स्थानीयनिकायतथा सरोकारवाला समूहसँगको परामर्शमाशिविरको स्थापना गर्ने ।

१.४ खानेपानीतथा सरसफाई सम्बन्धी

सुर्रक्षितपानी -(प्रतिदिन) :

- १ दिनमा १ ब्यक्तिको लागीपिउने पानी ५ लिटर,अन्यकामका लागी १५ लिटर गरि जम्मा २० लिटर ।
- पानी संकलन गर्न जाने स्थान ५०० मिटर टाढा ।
- पानी भण्डारका लागीप्रति परिवार २ वटा बाल्टिन उपलब्ध गराउने

हाइजिन किट

- १ सेट प्रति परिवार
- प्रतिब्यक्ति प्रतिमहिना २५० ग्रामनुहाउने साबुन र २०० ग्रामको लुगाधुने साबुन उपलब्ध गराउने ।
- फोहोर ब्यवस्थापनका लागीप्रति १० घर १०० लिटर क्षमताको १ कन्टेनर १०० मिटरको दुरीमा राख्ने ।

अनुसुचि२

नेपाल सरकार
विपद् प्रारम्भिकद्रुत लेखा जोखाफाराम

फारम भर्दा ध्यानदिनु पर्ने कुराहरु:

१. एउटा वडाको लागि एउटा लेखाजोखा फारमको प्रयोग गरिने छ ।
